## परिच्छेद : एक

# परिचय

यस परिच्छेदमा शोध कार्यको परिचय अन्तर्गत शोध अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अध्ययनका प्रश्नहरु, अध्ययनको परिसीमा तथा शब्दावलीको परिभाषालाई यस प्रकार उल्लेख गएिको छ ।

### १.१. अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासक्रमसँगै मानिसका जीवनका जटिलता हटाउन सिकाउने उपायका रुपमा शिक्षाको शुरुवात हुदैआएको तथ्य स्पष्ट छ । मानवको विकास संगै शिक्षमा पनि नयाँ तौरतरिका आउन थालेको, शिक्षालाई परिवर्तन, परिमार्जन र व्यवस्थित वनाउदै लान थालेको तथ्य पनि रहेको छ । मानिसको व्यवहारमा परिवर्तन ल्याउन अनौपचारिक शिक्षाले मात्र असम्भव हुँदा औपचारिक शिक्षाको समेत शुरुवात हुदैआएको पाईन्छ । नेपालको शैक्षिक विकासको इतिहास हेर्ने हो भने प्राचीन काल गुरुकूल शिक्षा प्रणालीमा आधारित थियो, जहाँ संभ्रान्त परिवारले मात्र शिक्षा लिन्थे भने नीतिका रुपमा व्यक्तिगत रुपले ज्ञान सिग्दथे । मल्लकालमा ठूलाका छोराछोरीहरुले अनौपचारिक रुपमा मठ मन्दिर, आश्रम र विहारबाट शिक्षा ग्रहण गर्दथे । लिच्छवी कालमा शिक्षा सम्बन्धी कार्य गर्ने निकाय अग्रहार थियो भने शिक्षा प्रणालीमा धार्मिक सहिष्णुता थियो । (अधिकारी, २०६०)

राणाकालिन शासन कालमा जंगबहादुरले बेलायतबाट फर्केपछि वि.सं. १९१० सालमा दरवार स्कूलको स्थापना गरी आफ्ना छोराछोरीका लागि भन्दै औपचारिक शिक्षाको शुरुवात गरेको पाइन्छ । राणा प्रधानमन्त्रीहरु शिक्षाप्रति नकारात्मक सोच राख्ने भएकाले नेपालमा शिक्षाको उल्लेख्य विकास भएको पाइदैन । तैपनि वि.सं १९७५ मा त्रि-चन्द्र कलेजको स्थापना, वि.सं. १९९० सालमा परीक्षा नियन्त्रण कार्यालयको स्थापना लगायतका काम भएको पाइन्छ । (श्रेष्ठ, २०५९)

प्रारम्भमा दैनिक जीवनलाई सहज बनाउन र धार्मिक कार्यहरु सञ्चालन गर्न घरपरिवारवाट सुरु भएको शिक्षा, विकासको मेरुदण्डका रुपमा गुरुकुल, मठ, मन्दिर, गुम्बा हुदै हाल वैज्ञानिक र सम्मुन्नत रुपमा प्रतिस्थापन भएकोछ । मानव जीवनमा सिकाइ औपचारिक, अनौपचारिक र अरितिक तवरले निरन्तर रुपमा चलिरहेको हुन्छ । राज्यले प्रदान गरेको शिक्षा पद्धति वा

परिपाटीलाई गुणस्तरको तराजुमा लेखाजोखा गर्नुका साथै समाजमा मूल्य समेत प्रदान गरिन्छ । (पौडेल, २०५५) ।

गुणस्तरीय र जिवनोपयोगी शिक्षाका लागि शिक्षण संस्थाहरुमा भौतिक व्यवस्थापनको अलावा सिकाइलाई व्यक्तिको रुचि, क्षमता, आवश्यकता, उमेर र परिवेश सुहाउदो बनाउन नितान्त जरुरी हुन्छ । जसका लागि शिक्षा प्रदान गर्ने औपचारिक, अनौपचारिक शैक्षिक संस्थाहरुमा भौतिक, शैक्षिक, आर्थिक, सामाजिक साँस्कृतिक एवं मानवीय वातावरण बालमैत्री बन्नु नितान्त जरुरी छ । बालवालिकाहरुको विकासक्रम र उमेरगत विशेषताहरुलाई विशेष ख्याल गरी बाल अधिकारको सुनिश्चितताका साथ उनीहरुको रुचि, क्षमता, आवश्यकता, र परिवेशलाई ध्यानमा राखी सहभागितामूलक र सहयोगात्मक विधिको माध्यमवाट जीवनोपयोगी ज्ञान र सीप सिक्ने वातावरण सृजना गर्नु आजको प्रमुख चुनौती रहेको छ । बालमैत्रीपूर्ण शिक्षण सिकाइमा शिक्षकको भूमिका सहजकर्ता, सहयोगी र साथीको रुपमा रहेको हुन्छ भने बालवालिकाहरुमा गरेर सिक्ने सिद्धान्त अवलम्वन गरिएको हुन्छ । (काफ्ले, २०६६ )

सन १९८९ मा संयुक्त राष्ट्र संघीय महासभाद्वारा बाल अधिकार महासन्धि पारित भइ सकेपछि बाल वचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई सुनिश्चित गर्नु राज्यको प्रमुख कर्तव्य हुन आयो । विश्वका विकसित राष्ट्रहरुले शिक्षालाई बालकको नैसर्गिक अधिकारका रुपमा स्वीकारी मैत्रीपूर्ण एवं  दण्डरहित व्यवहार र सिकाइ प्रक्रिया सुरु गरे । नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरुले सबैका लागि शिक्षाको मूल मर्मलाई शिरोधार्य गरी यस कार्यक्रमलाई संयुक्त राष्ट्रसंघीय नियोग (युनिसेफ) मार्फत सुरुमा विद्यालय वाहिर रहेका बालवालिकाहरुलाई बालकेन्द्रित बाल शिक्षा कार्यक्रम सुरुआत गरेको पाइन्छ । यसै गरी यस कार्यक्रमको प्रथम परीक्षणका रुपमा वेलायतका नागरिक प्रो. वाल्सले सन १९९५ मा तयार गरेको “Criteria of the Child Friendliness नामक कार्यपत्रको प्रयोग सन १९९६ मा थाइलेण्डमा “Thiland Child Friendly School Programme” को नामवाट Save the children (US) ले सुरु गऱ्यो । जसको सफलता पछि यस संस्थाले विस्तारित गर्ने सिलसिलामा नेपालको कन्चनपुर जिल्लाको ३ वटा गा.वि.स.का १० वटा विद्यालयहरुमा यो कार्यक्रम सुरुआत भयो । सन २००० मा सिरहा जिल्लाको असनपुर, लालपुर र फुल्काकट्टी गा.वि.स.का १/१ विद्यालयमा विस्तार भयो । युनिसेफको सहयोगमा विद्यालय वाहिर रहेका बालवालिकाहरुलाई बालकेन्द्रित बाल शिक्षा कार्यक्रम र थाइलैण्डको प्रयोगको संयुक्त

उपलब्धिलाई समिश्रण गरी काभ्रे जिल्लामा सुरु भएको बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रिया हाल पूर्वाञ्चलका सिरहा, सप्तरी, उदयपुर, सुनसरी, मोरङ पाँचथर जस्ता जिल्लाहरुका सामुदायिक विद्यालयहरुमा विस्तार भएको छ । यस अवधारणलाई विस्तार र विकास गर्ने क्रममा वि.सं.२०६३ सालमा सेभ द चिल्ड्रन नर्वे, नेपाल शिक्षक युनियनको सहकार्य र शिक्षा विभागको समन्वयमा ५१ जिल्लाका २/२ जना शिक्षक र १/१ जना विद्यालय निरीक्षकलाई समेत बालमैत्री अवधारणा सम्बन्धी तालिम प्रदान गरेको हुदा हाल सबै जिल्लामा विशेष चासो र सक्रियताका साथ कार्यान्वयनको क्रममा रहेकोछ ( *Annual reveal 2009 , UNICEF )*।

सन २०१५ सम्ममा सवै बालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने प्रतिबद्धता जनाइसकेको नेपाल जस्तो वहु-सांस्कृतिक, वहुभाषिक र बहुजातीय विशेषता भएको मुलुकमा हाल सम्म ९१.४% मात्र बालवालिकाहरुलाई शिक्षाको पहुचमा पुऱ्याउन सकेको हुदा बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियाको प्रयोग गुणस्तर सुधार, संस्थागत क्षमता अभिवृद्धि मात्र नभएर पहुचका लागि समेत प्रभावकारी हुन्छ । विद्यालयीय शिक्षाको जगको रुपमा रहेको प्राथमिक तह त्यसमा पनि कक्षा १ का लागि बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रिया बालवालिकाको पहुच, निरन्तरता र गुणस्तरीयतका लागि अझ प्रभावकारी हुनेछ । परम्परागत शिक्षक केन्द्रित विधि र कक्षा १ लाई वेवास्ता गरिएको विद्यमान शिक्षण सिकाइको अवस्थामा बर्तमान गणतान्त्रिक नेपालको शैक्षिक क्रियाकलाप सञ्चालनमा बालवालिकाहरुको रुची, क्षमता, आवश्यकता र परिवेश अनुसारको सहभागितामूलक र सहयोगात्मक शिक्षण पद्धतीको प्रयोगमा कक्षा शिक्षकले खेलेको भूमिकाको अध्ययन गर्नु आवश्यक र सान्दर्भिक दखिन्छ ।

### १.२. समस्याको कथन

नेपालजस्तो विकासोन्मुख मुलुकमा एक दशक अघि सामुदायिक विद्यालयमा सुरु भएको बालमैत्री कक्षाबाट विद्यालयको शैक्षिक गुणस्तर सुधारमा कक्षा शिक्षकले के कस्तो भूमिका खेल्न सक्छन्, यसको सञ्चालन/व्यवस्थापनमा कस कसको के कति दायित्व र भूमिका रहन सक्छ, शिक्षण सिकाइमा कक्षा शिक्षकको आवश्यक किन भयो, यो प्रक्रिया लागु भएका विद्यालयहरुको उपलब्धि सूचकमा विगतको भन्दा के कति सुधार भयो या भएन, भयो भने त्यसको कारण के के हुन सक्छन्, यसको कार्यान्वयनमा के कति लगानी आवश्यक छ र सो को व्यवस्थापन के कसरी गर्न सकिन्छ जस्ता विषय नेपालको गुणस्तरीय विद्यालय शिक्षा

प्रणालीमा समस्या र प्रश्नका रुपमा खडा भएकाले सामुदायिक विद्यालयहरुका कक्षा १ मा बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलापमा संलग्न कक्षा शिक्षकहरुको भूमिकाको विषयमा अध्ययन अनुसन्धान हुन आवश्यक ठानी "सामुदायिक विद्यालयका बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका " शीर्षक राखी अध्ययन गरिएकोछ ।

### १.३. अध्ययनको महत्व

विज्ञान र प्रविधिको विकास संगसंगै शैक्षिक विधि र प्रविधिमा आमूल परिवर्तन हुने र शैक्षिक सरोकारवालाहरुको भूमिकामा समेत परिवर्तन हुने गरेकोछ । राजनितिक परिवर्तनले शैक्षिक नीति, कार्यनीति, विधि र प्रक्रियालाई प्रभाव पार्ने बर्तमान सन्दर्भमा लगभग एक दशकदेखि राज्यमा विभिन्न अन्तराष्ट्रिय र राष्ट्रिय संघ संस्थाहरुको माध्यमबाट भित्रिएको बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियालाई हाल संचालित विद्यालय क्षेत्र सुधार कार्यक्रमले समेत पहिलो प्राथमितामा राखेको पाइन्छ । यस सन्दर्भमा यो अध्ययनले शैक्षिक नीति निर्माता, कार्यान्वयनकर्ता, अनुगमनकर्ता, विद्यालय एवं विद्यालयप्रति चासो राख्ने समग्र सरोकारवाला, पहुच र गुणस्तरको नाममा ठूलै परिवर्तन गरेको आभास दिने राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्थाहरु, सरकार र शिक्षा प्रशासनका जिम्मेवार व्यक्तिहरुका साथै विशेषत शिक्षण कार्यमा संलग्न शिक्षकहरुलाई आगामी दिनमा पहुच र गुणस्तर सुधारका लागि सिकाइमा प्रयोग गरिने विधि प्रक्रियाको छनौट, प्रयोग एवं कक्षा शिक्षकको भूमिकाको साथै बालमैत्रीपूर्ण शिक्षण सिकाइको प्रयोगलाई व्यापकता दिन सहयोग पुऱ्याउने भएकोले यो अध्ययनले विशेष महत्व राख्दछ । यसले बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रयोगको ऐतिहासिक पृष्ठभूमी जान्न चाहने अध्येतालाई समेत सहयोग पुऱ्याउनेछ । साथै बालमैत्रीपूर्ण शिक्षण सिकाइको प्रयोग,त्यसले विद्यार्थीको सिकाइमा परेको प्रभाव र शिक्षकको भूमिकाको समेत अध्ययन गर्ने भएकाले शिक्षण सिकाइमा सुधार ल्याउन चाहने शैक्षिक सरोकारवालाहरु प्रधानाध्यापक (प्र.अ.), विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.), अन्य शिक्षक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक (वि.नि.) आदिलाई समेत केही हद सम्म सहयोग पुऱ्याउनेछ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्य निम्न बमोजिम रहेकाछन् :

(क) बालकेन्द्रित कक्षामा कक्षा शिक्षकको भूमिकाको विश्लेषण गर्ने ।

(ख) परम्परागत कक्षा र बालकेन्द्रित कक्षाका कक्षा शिक्षकको भूमिकको तुलना गर्ने ।

(ग) बालकेन्द्रित कक्षाका कक्षा शिक्षकले विद्यार्थीको सिकाइमा पारेको प्रभाव पहिचान गर्ने ।

## १.५. अध्ययनका प्रश्नहरु

निम्न लिखित प्रश्नहरु माथि केन्द्रित रहेर यो अध्ययन पूरा गरिएकोछ ।

(क) सामुदायिक विद्यालयमा बालकेन्द्रित कक्षा शिक्षकको वास्तविक अवस्था कस्तो छ ?

(ख) बालकेन्द्रित कक्षा शिक्षकले शिक्षण कार्यमा खेलेको भूमिका कस्तो छ ?

(ग) बालकेन्द्रित कक्षा शिक्षकले विद्यालयका सरोकारवालाहरु संगको समन्वय र सहयोगका लागि खेलेको भूमिका कस्तो छ ?

(घ) परम्परागत शिक्षण सिकाइ प्रक्रियाका शिक्षक र बालकेन्द्रित कक्षा शिक्षकको शिक्षण सिकाइ प्रक्रियामा के कस्ता समानता र असमानता रहेका छन् ?

(ङ) बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रियामा कक्षा शिक्षकले विद्यार्थीको सिकाइमा के सुधार ल्याएको छ वा छैन ?

(च) बाकेन्द्रित कक्षा शिक्षणबाट विद्यार्थीमा के कस्ता परिवर्तनहरु आएका छन् ?

(छ) बालकेन्द्रित कक्षा शिक्षकका समस्याहरु के के छन् ?

(ज) समस्या समाधानका लागि उपयुक्त सुझाव के के हुन सक्छन् ?

## १.६. अध्ययनको परिसीमा

यस अध्ययनले सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत कक्षा शिक्षकको भूमिका एवं प्रभावकारितालाई समेट्ने भए तापनि अध्ययनकर्ताको समय सीमा, आर्थिक एवं स्रोत /साधनको सीमितताको कारणले गर्दा सुनसरी जिल्लाको इटहरी, धरान र भादगाउसिनुवारी स्रोतकेन्द्र अन्तर्गत पर्ने बालमैत्री कार्यक्रम संचालित सामुदायिक विद्यालयको कक्षा १ मा मात्र यस अध्ययनकार्यलाई सीमित गरिएको छ । मूलतः उक्त विद्यालयमा हाल कार्यरत कक्षा १ का कक्षा शिक्षकहरु यस अध्ययनका प्रमुख स्रोत भए तापनि अध्ययन विश्लेषणका लागि तत् विद्यालयका प्रधानाध्यापक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति एवं विद्यालय निरीक्षकबाट प्राप्त सूचना र तथ्याङ्क एवं विद्यालयका सूचकहरुको अध्ययनबाट प्राप्त तथ्यका आधारमा अध्ययनलाई सीमित गरिएकोछ ।

## १.७ शब्दावलीको परिभाषा

सामुदायिक विद्यालय : अध्ययन क्षेत्रका नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी स्वीकृति वा अनुमति प्राप्त विद्यालय ।

शैक्षणिक योजना : अध्ययन क्षेत्रका तोकिएको पाठ्यक्रमलाई शिक्षण सिकाई प्रक्रियाद्वारा विद्यार्थी समक्ष पुऱ्याउने वा हासिल गराउने योजना ।

कक्षा शिक्षक : अध्ययन क्षेत्रका बालकेन्द्रित कार्यक्रम संचालित सामुदायिक विद्यालयमा कक्षा शिक्षकका रुपमा अध्यापन गराउने व्यक्ति ।

विद्यार्थी : अध्ययन क्षेत्रका बालकेन्द्रित कार्यक्रम संचालित सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ का बालबालिका ।

स्रोतकेन्द्र : अध्ययन क्षेत्रका शिक्षा नियमावली २०५९ अनुसार बनेको जिल्ला शिक्षा कार्यालय अन्तर्गत संचालित संस्था ।

बालमैत्री विद्यालय : अध्ययन क्षेत्रका बालबालिकाका लागि रमाइलो सिक्ने वातावरण भएको भएको विद्यालय ।

स्रोत व्यक्ति : अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको कार्य कुशलतामा वृद्धिगर्न आवस्यक तालिम , राय सुझाव दिने व्यक्ति ।

अभिभावक : अध्ययन क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुका आमा , वावु , हजुरबुवा वा हजुरआमा ।

# परिच्छेद : दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समस्याको विकल्पको खोजी गर्न गरिने अध्ययनको लागि त्यस विषयसँग सम्बन्धित पूर्व साहित्यहरुको पुनः अध्ययन गर्नुपर्दछ । यसबाट समस्याको समाधानको लागि के कस्ता विकल्पहरुको खोजी यस पूर्व भएका छन् भन्ने सम्बन्धमा यथार्थ जानकारी प्रदान गर्दछ । सोधकर्तालाई सोजी हुन बाँकि समस्याहरुको बारेमा नै आफ्नो अध्ययनलाई केन्द्रित गराउने अवसर प्राप्त हुन्छ । एउटै विषय वा समस्यामा खोजी कार्य दोहोरिने अवस्था नहोस् भन्नका लागि सोधकर्ताले सम्बन्धित पूर्व साहित्यहरुको सङ्क्षिप्त अध्ययन गर्न अत्यन्त आवश्यक हुन्छ । साथै आफ्नो अध्ययनलाई परिपुष्ट रुपमा स्थापित गर्न पनि यसको आवश्यकता पर्दछ । यस सोध अध्ययनको क्रममा साहित्य समिक्षालाई दुई भागमा विभाजन गरी पुनरावलोकन गरिएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि कार्यलाई सुचारु रुपले संचालन गर्न, आवश्यकता अनुसार सहयोग पुऱ्याउने नीति, नियम, विचार, विमर्श र धारणा आदिको संगालोलाई सिद्धान्त भनिन्छ । सिद्धान्त निर्माण गर्न वैज्ञानिक पद्धतिको अनुसरण गरिएको हुन्छ । सिद्धान्त मानवीय कल्पनाको स्रोत पनि हो, जसलाई तार्किक रुपले अनुभवको आधारमा केही नीति नियमहरुको पालना गरी निर्माण गरिएको हुन्छ । त्यसैले यस अध्ययन कार्यलाई निम्नानुसारका सिद्धान्तको अधिनमा राखी अगाडि बढाइएको छ ।

समाजबाट नै शिक्षाको जन्म हुन्छ र शिक्षा प्रत्येक व्यक्तिको जीवनसंग सान्दर्भिक र समाजलाई राम्रो हुने गरी आफ्नो व्यक्तिगत विकासमा आफ्नो सक्षमता प्राप्त हुने किसिमले व्यवस्थापन गर्नुपर्छ (Thakur, 2004) । यो शिक्षाको नयाँ अवधारणा हो । यसले समाजले चाहे अनुसारको शिक्षामा जोड दिन्छ । अनुभवउन्मुख शिक्षा व्यक्तित्व विकासमा प्रवल हुन्छ । स्व-क्रियाकलापले नै अनुभव आर्जन गर्दछ । त्यसैले प्रत्येक बालबालिकालाई स्वयं नै क्रियाकलापमा सहभागी गराउनु शिक्षा प्रदान गर्नु हो ।

शिक्षकका लागि निरन्तर शिक्षा भन्ने प्रसङ्ग एक गतिशील धारण हो । शिक्षक स्वयंले प्रत्येक दिन नयाँ ज्ञान प्रप्त गर्नुपर्दछ । शिक्षक ज्ञान प्रदान गर्ने दाता होइन । शिक्षकले संस्थागत प्रयास तथा व्यक्तिगत अभिरुचिको परिणामस्वरुप आफूलाई प्रत्येक दिन नवीन गराउनु पर्दछ । शिक्षकको शिक्षण सिकाइ व्यवहारमा देखापर्न सक्ने संभावित समस्याहरु, कमीहरुको समाधान गर्न सुपरीवेक्षणको भूमिका पनि महत्वपूर्ण हुन्छ भने यसको लागि निरन्तर रुपमा शिक्षक शिक्षाको व्यवस्था गर्नु पनि त्यति नै आवश्यक पर्दछ (ढकाल, २०५८) । शिक्षक तालिकमो व्यवस्था गर्नु तथा पुनर्तजगी गर्दै जानुले शिक्षकमा सिकाइ-क्रियाकलाप सञ्चालनमा दक्षता अभिवृद्धि हुन्छ नै । तालिम प्राप्त शिक्षकले शिक्षण-सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीहरुकॊ महत्व आत्मसात गरी उपयुक्त विधि, सामग्री प्रयोग गरी क्रियाकलाप निर्माण गर्न सक्दछन् । ( प्रशिक्षक पुनर्ताजगी तालिम........ , २०६४)

Taylor ले वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गर्दै मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायति तरिकाले सम्पन्न गर्न सक्छन भन्ने कुराको सही ढंगले जान्ने कलाको रुपमा व्याख्या गरेका हुन् । उनको प्रमुख मान्यता उत्पादकत्व क्षमता बढाउनु भनेको न्यूनतम लागतमा अधिकतम नाफा आर्जन गर्न मात्र होइन कामदारलाई उत्पादन क्षमताका आधारमा पारिश्रमिक समेत बृद्धि गर्नु हो । कामदारको मनोबल उच्च राख्न उनीहरुलाई लाभांशको भागिदार समेत बनाउनु पर्दछ (Koontz & O' Donnel, 1976) । उत्पादनमा कमी आउने कारणमा व्यवस्थापनमा हुने लापरबाही र कामदारलाई बेवास्ता गर्नु पनि हो । कठोर व्यवस्था भन्दा वैज्ञानिक व्यवस्थापनले मानवीय शक्ति र प्रयासको अधिक मात्रामा उपयोग गरी उत्पादकत्व वृद्धि गर्न सकिने कुरामा विश्वास राख्दछ । कामदारलाई पुरस्कारको व्यवस्था, कामदारका कमी कमजोरी हटाउन उपयुक्त तालिमको व्यवस्था, कामदार र मालिकका बीचमा मैत्रीपूर्ण सम्बन्ध जस्ता कार्यहरुको विकास उनका महत्वपूर्ण योगदान भित्र पर्दछन । (शर्मा, २०५६ )

विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभाकारिता, शैक्षिक गुणस्तर बृद्धि र योजना निर्माणका लागि यस सिद्धान्तको उपयोग हुन सक्छ । विद्यालयको योजना निर्माणका लागि कसले के के गर्ने कसरी गराउने, लक्ष्य र उद्देश्य प्राप्तिमा कसलाई कसरी परिचालन गर्ने कसलाई कुन कामको जिम्मेवारी दिने भन्ने कुराको जोड यस सिद्धान्तले दिन्छ । Taylor (1911) को यस सिद्धान्तले विद्यालयमा उपलब्ध स्रोत र मानव संसाधनलाई अधिकतम उपयोग

हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्रधानाध्यापक, शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्ने र विद्यालयका हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउन यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यस प्रकार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न, संगठित गर्न र प्रभावकारी बनाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउछ ।

Froebel (1894) को विचारमा विद्यालय भनेको बालबालिकाहरुको बगैंचा हो । शिक्षक भनेको बगैंचाको फूलहरुको गोडमेल गर्ने र पानी सिच्ने माली हो । विद्यालयमा पढ्न आउने बालबालिकाहरु भनेको बगैंचाका फूलहरु हुन् । जसरी एउटा मालीले आफ्नो अथक परीश्रम गरेर श्रम र सीप लगाएर बगैंचाका विरुवाहरुको गोडमेल गर्छ, पानी हाल्छ र बिरुवाहरु हुर्काएर ठूलो बनाउँछ त्यसैगरी एउटा कुसल शिक्षकले पनि आफ्नो सीप र कला प्रयोग गरी बिरुवारुपी बाबालिकाहरुको रेखदेख, शैक्षिक मार्गदर्शन गरेर असल व्यक्ति तयार गर्नु पर्दछ । फ्रोबेलको विचारमा बिरुवाहरुको र बालबालिकाहरुको बृद्धि र विकास प्रकृया धेरै हदसम्म मिल्दोजुल्दो हुन्छ । बिरुवारुपी बालबालिकाहरुलाई स्वतन्त्र वाताबरणमा खेल्ने र हुर्कने मौका दिनु पर्छ । बालबालिकाहरुलाई स्वतन्त्रतापूर्वक हुर्किने बातावरण तयार गरिदिनुपर्छ । जहाँ बालबालिकाहरु स्वतःस्फूर्त रुपमा बिभिन्न क्रियाकलाप र खेलको माध्यमबाट धेरै कुराहरु सिक्दै जान्छन् । शिक्षा बालकेन्द्रित हुनुपर्छ । शिक्षा बालबालिकाहरुको रुचिमा आधारित इन्द्रियहरुको अनुभवबाट प्राप्त गर्न सकिने खालको हुनु पर्छ । बालबालिकाहरुलाई दण्ड दिनु हुदैन । पारिवारिक वातावरण र खेलको माध्यमबाट शिक्षा दिनुपर्छ । यसरी शिक्षा दिनाले आपसी प्रेम, सद्भाव, सामाजिकताको विकास भई सिकाइ अर्थपूर्ण र प्रभावकारी बन्छ । ( पोखेल, २०६८)

सन् १९०७ मा Montessori ले Children House मा सडकका गल्लीमा होहल्ला गरी हिड्ने बालबालिकाहरुका लागि आफ्नो नयाँ विधि इन्द्रिय प्रशिक्षण विधि बाट दिन थालेको शिक्षा विधिलाई वैज्ञानिक पद्धतिका रुपमा संसारभर चिनाउन सफल भइन् । Montessori को यही इन्द्रिय प्रशिक्षण विधिलाई हाल Montessori Education System का रुपमा लिइन्छ (पोखेल, २०६८ बाट उदृत) । मण्टेश्वरी (सन् १९४२) अनुसार शिक्षण गरेर सिकाइ हुने कुरालाई मन्टेश्वरीले पूर्ण रुपमा अस्वीकार गरिनन् तर स्वीकार पनि गरिनन् । मन्टेश्वरीको यो

सिद्धान्तलाई जोन आदमसले कक्षा शिक्षणको मृत्युको घण्टि भने तापनि यो सिद्धान्त व्यक्तिलाई स्वतः क्रियाशील बनाउने पक्षसँग सम्बन्धित छ र शिक्षकले बालकको मानसिक तथा मनोवैज्ञानिक विकाससँग सरोकार राख्दछ । स्व-शिक्षा वा स्वतः शिक्षा नै वास्तविक शिक्षा हो भन्ने उनको विश्वास छ । उनी कुनै पनि वयस्कले बालबालिकाको स्व-शिक्षा आर्जनमा बाधा गर्नु हुदैन र उनीहरु स्वयम्लाई सिक्ने अवसर प्रदान गर्नुपर्छ भन्ने मान्यतामा अगाडि बढेकिछिन् । मन्टेश्वरीका अनुसार शिक्षकको भूमिका बच्चाको ध्यान केन्द्रित गर्नमा, उनीहरुलाई व्यस्त राख्नमा, सिक्नको लागि बाटो देखाउन र गतिविधि तथा क्रियाकलाप गर्न शक्ति प्रदान गर्नमा रहनु पर्दछ । उनको विद्यालय “बालबालिकाको घर” हो । मन्टेश्वरी (सन् १९४२) द्वारा प्रतिपादित Montessori Education System का केही प्रमुख आधारभूत सिद्धान्तहरु यस प्रकार छन् -

१. व्यक्तित्व विकासको सिद्धान्त : प्रत्येक विद्यार्थीको पढ्नेलेख्ने क्षमता फरक हुन्छ ।
२. स्वतन्त्रताको सिद्धान्त : पूर्ण स्वतन्त्रताबाट बालकको स्वतः विकास हुदै जान्छ ।
३. स्वः शिक्षाको सिद्धान्त : प्रत्येक बालकले आफ्नो गतिमा सिक्न पाउनु पर्छ ।
४. इन्द्रियहरुको तालिम : शैक्षिक प्रक्रियामा इन्द्रियहरुको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्नेहुन्छ ।
५. मांसपेशीको तालिम : प्रारम्भिक बालशिक्षामा मांसपेशीको तालिमबाट बालकलाई आत्म निर्भर बन्नमा सहयोग पुग्छ ।
६. शिक्षक निर्देकका रुपमा : शिक्षकको कार्य Direction गर्नु हो न कि पढाउनु ।
७. काल्पनिक कथाहरुलाई स्थान दिनुहुदैन : बच्चाहरुका पाठ्यक्रमबाट काल्पनिक कथाहरु ( परीका कथा ) हटाइ वास्तविक संसारका कार्यहरु व्यवस्थित गर्न सिकाउनु पर्छ ।
८. भौतिक पुरस्कार र दण्ड दिनु हुदैन : भौतिक पुरस्कार र दण्डले मानिसलाई अप्राकृतिक बनाउने एवं अस्वाभाविकपना बृद्धि गर्ने हुदा सकेसम्म यसको प्रयोग गर्नुहुदैन ।

(पोखेल, २०६८)

विद्यार्थीहरु खाली भाँडो होइनन्, उनीहरुको त आन्तरीक क्षमतालाई रुचीपूर्ण विषयवस्तुको माध्यमबाट प्रस्फुटन गराउनु पर्दछ । शिक्षकले परामर्श दाताको रुपमा भूमिका निर्वाह गर्नुपर्छ (शर्मा, २०६१) । बालबच्चाको अध्ययन शिक्षकले गर्नुपर्छ भन्ने भाव होस या त प्रयोगात्मक मनोविज्ञानलाई आधार बनाइ शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कुरा होस् मन्टेश्वरी ( सन् १९४२) का यी दुबै विचार बालमैत्री विद्यालयका आधार बन्न सक्छन् , जसमा कक्षा

शिक्षकको अहम् भूमिका रहनै पर्ने हुन्छ । यस्तै टोल म्यान (सन् १९३८) का सिकाइ सिद्धान्तहरुबाट पनि स्व-साङ्गठनिक क्रियाकलापमा जोड दिइएको छ भने उनको सिद्धान्तको योगदानको पक्ष पनि विविध विषयमा साङ्केतीक अर्थ  विद्यार्थीहरुलाई दिन सकोस भन्ने नै हो । जुन अर्थपूर्ण सिकाइसँग सम्बन्धित छ ।

व्यवहारवादी मनोविज्ञानका विभिन्न सिद्धान्तहरु त्यस्तै बालकेन्द्रीत सिकाइसँग सम्बन्धित विभिन्न विधिहरुका साथसाथै मन्टेश्वरीको सिकाइ सिद्धान्तहरुलाई आधारभूमि बनाई यस सोध कार्यमा शोध शीर्षकका पक्षमा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस सोध कार्य गर्दा शोध विषयसँग सम्बन्धित पूर्व साहित्यहरुको कमी महशुस भएको छ । बालमैत्री विद्यालयसँग सम्बन्धित केही लेख-रचनाहरु तथा पुस्तिकाहरु उपलब्ध भए तापनि यस विषयसँग सम्बन्धित विश्लेषणमा आधारित पूर्व-साहित्य सामग्रीहरु भेटिएका छैनन् । यो विषय आफैंमा एउटा नविनतम विषय हो, त्यसैले यस विषयमा अध्ययन-अनुसन्धानहरु प्रयाप्त हुन सकेको छैन । तसर्थ यहाँ शोध कार्य गर्दा केही लेखरचनाहरु तथा सिमित दस्तावेजहरुको समीक्षात्मक अध्ययन गरी शोध शीर्षकको अध्ययनलाई निर्दिष्ट गराउने प्रयत्न गरिएको छ । बालमैत्री विद्यालयसँग सम्बन्धित पुस्तिका तथा लेख रचनाहरुको समीक्षात्मक अध्ययनबाट प्रप्त जानकारीहरुलाई बालमैत्री विद्यालयका विशेषता, शिक्षकको भूमिका तथा शिक्षण सिकाइ क्रियाकलाप पत्ता लगाउन उपयोग गरिएको छ ।

शिक्षा विभाग (२०६२) का अनुसार प्रत्येक विद्यालयको वातावरण बालमैत्रीपूर्ण हुनुपर्छ । तर यो कार्य सजिलो छेन किनभने परम्परालाई भत्काएर नयाँ सोच र धारणाका साथ मित्रवत शिक्षक बनेर मैत्रीपूर्ण शिक्षण-सिकाइ क्रियाकलापमा आफूसमेत सहभागी बन्नु पर्दछ । शिक्षले आफू गुरु बनेर होइन, सहजकर्ता बनेर वा विद्यार्थीहरुको एक असल योग्य साथी बनेर सहयोग गर्न सक्नुपर्छ । शिक्षकको कार्य विद्यार्थीहरुमा उत्प्रेरणा जगाई सक्रिय र सहभागितात्मक शिक्षण-सिकाइ  क्रियाकलापको प्रयोग गर्न, बालरुचिअनुसार उनीहरुसँग व्यवहार गर्न, उनीहरुलाई कक्षामा नियमित गराउन र तोकिएको अबधिमा कक्षा वा तह पूरा गराउन प्रयत्नरत रहनु नै हो । (शिक्षा विभाग, २०६२) ।

शिक्षक मासिक (२०५८) का अनुसार शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने प्रश्नमा कुनै एउटा तत्वले मात्र भूमिका नखेलेर विभिन्न तत्वहरुले असर पारेका हुन्छन् । त्यस मध्ये शैक्षणिक वातावरणलाई मुख्य रुपमा लिन सकिन्छ । शैक्षिक वातावरणमा प्रतिकुल असर पर्ने वित्तिकै शिक्षाको गुणस्तरमा ह्रास आउनु स्वभाविक हुन्छ । शैक्षिक वातावरणलाई असर गर्ने अन्य कारक तत्वहरुमा वार्षिक कार्य तालिका राम्रोसंग लागू नहुनु, समय सापेक्ष पाठ्यक्रम र पाठ्यपुस्तक सुधार नहुनु, दक्ष जनशक्ति नहुनु, उपयुक्त भौतिक सुविधाको कमी हुनु, नियमित पठनपाठन नहुनु, सरकारी नीति स्पष्ट नहुनु, शिक्षक विद्यार्थीको आचार सहिता नबनाउनु जस्ता कारणले गर्दा शैक्षणिक वातावरणको विकास हुन सकेको छैन भन्ने दृष्टिकोण रहेको छ ।

डेविन,(२००७) अनुसार राम्रो शिक्षकका लागि विद्यालय व्यवस्थापन र वातावरण राम्रो हुनु आवश्यक हुन्छ । विद्यार्थीको आवश्यकता अनुसार पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । प्रभावकारी प्रशिक्षणका लागि एकाई योजना, पाठ् योजना निर्माण गरी शैक्षणिक उद्देश्यहरु, विधिहरु, मूल्यांकन, विषयवस्तुका इकाई अनुसार शिक्षण गराउनु पर्दछ । प्रशिक्षण योजना निरन्तर हुने प्रक्रिया भएकाले यसका तत्वहरुको पहिचान गरी विषय वस्तुको विश्लेषण गर्नुपर्दछ । योजना र प्रशिक्षण संगठनको लागि फ्रेमवर्क बनाई डायग्राम तयार गरी कार्य गरेमा कक्षा कोठाको शिक्षा प्रभावकारी हुन्छ ।

शिक्षक मासिक (२०६७) का अनुसार शिक्षकले आफूले पढाउने पाठ तयारी गर्दा पाठ्यपुस्तकमा मात्र निर्भर नरही पाठ्यक्रम र सन्दर्भ पुस्तक साथै सम्भव भएमा अन्य सामाग्रीको प्रयोग गर्न आवश्यक हुनेछ । पाठ्यपुस्तकमा पाठ्यसमाग्री नपुग भएमा र क्रम नमिलेमा क्रम मिलाएर शिक्षण योजना बनाउनु पर्छ । शिक्षण गर्दा व्याख्या विधिमा मात्र केन्द्रित नभई विभिन्न विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण बनाउनु पर्छ । तवमात्र शिक्षण कार्यमा शिक्षकको भूमिका प्रभावकारी, सर्न्दभिक र महत्वपूर्ण हुन जान्छ ।

शिक्षा सम्बन्धी विभिन्न प्रतिवेदन अनुसार नेपालमा २०११ सालदेखि योजनाबद्ध शैक्षिक विकासको थालनी सँगै विद्यालय शिक्षणको शैक्षिक विधि र प्रक्रियाका रुपमा समस्याहल विधि प्रयोग गरी बालवालिकाहरुले आफ्नो समस्या आफै पत्तालगाउने, समाधान गर्न सक्ने र प्राप्त फल तौलन सक्ने हुनुपर्छ भने शिक्षक ब्याख्यादाता र तानसाह नभई पथप्रदर्शक हुनुपर्ने कुरा उल्लेख गरी विद्यार्थीको सिकाइमा बालमैत्रीपूर्ण तरिका प्रयोग गर्नुपर्ने आशय प्रस्तुत गरेको पाइन्छ । सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन-२०१८ ले शिक्षण विधि र प्रक्रिया

विशिष्टिकृत रुपमा उल्लेख नगरेता पनि राष्ट्रिय शिक्षा पद्धतकिो योजना-२०२८ मा नयाँ तरिकाले सिकाउने पद्धतीको विकास गर्ने कुरामा जोड दिएकोछ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५ मा समेत शिक्षण क्रियाकलापमा समस्या समाधान र सहभागितामूलक विधिको प्रयोग गर्नुपर्ने कुरामा जोड दिएकोछ ।

वर्तमान प्राथमिक पाठ्क्रम-२०६२ मा जीवनोपयोगी सिपको विकास गर्न विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिएकोछ भने कक्षालाई जीवन्त र विद्यार्थीलाई क्रियाशिल बनाउन शिक्षकले सहजकर्ता र सहयोगिको भूमिका निर्वाह गर्नुपर्ने, ब्यवहारिक शिक्षा तथा जीवनोपयोगी सीप आर्जन गराउन विद्यार्थी केन्द्रित एवं बालमैत्रीपूर्ण शिक्षण विधि र समावेशी शिक्षण प्रक्रिया अपनाउनु पर्ने कुराको उल्लेख गरी बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयनमा जोड दिएको पाइन्छ ।

सामुदायिक विकास प्रवर्द्धन  केन्द्र, काठमाण्डौ, २००६ अनुसार बालमेत्री शिक्षण प्रकृयाको अन्तराष्ट्रिय रुपमा अध्ययन गर्दा सन् १९२३ मा बालवचाउ अन्तराष्ट्रिय यूनियनले बालअधिकारलाई मान्यता प्रदान गरेकोमा सन् १९२४ मा लिग अफ नेसन्सबाट बालअधिकार सम्बन्धी १० बुँदे घोषणापत्र पारित गरेको पाइन्छ । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकार घोषणापत्र पारित गरी शिक्षालाइ मानव समुदायको अधिकारको रुपमा स्थापित गरेको पाइन्छ । सन् १९८९ को नोभेम्वर २० मा संयुक्त राष्ट्रसंघको महासभाबाट बालअधिकार महासन्धी पारित गरी लागू भयो जसमा शिक्षालाई बालवालिकाहरुको नैसर्गिक अधिकारको रुपमा स्वीकार गरी उनहिरुको रुची,आवश्यकता, उमेर र परिवेश अनुसार सिक्न पाउने अधिकार सुनिश्चित गरेकोछ । नेपालले यो महासन्धीमा सन् १९९० सेक्टेम्बर २ मा हस्ताक्षर गरी लागू गरिसकेको हुदा बालवालिकाहरुलाई दण्ड रहित र मैत्रीपूर्ण शिक्षण पद्धति सञ्चालन गर्नु पर्ने कुरा स्पष्ट हुनजान्छ ।

डा. काफ्ले,(२००६) अनुसार आधुनिक विद्यालयीय औपचारिक र संगठित शिक्षा पद्धतिमा शिक्षणसिकाइको पक्षलाई प्रभावकारी बनाउन विद्यालय र कक्षाकोठाको सिकाइ वातावरण एवम् कक्षाकोठामा संचालन हुने गतिविधि प्रमुख कारक मानिन्छन् । शिक्षणसिकाइ क्रियाकलापको प्रमुख कारक शिक्षक मानिन्छ । शिक्षकलाई व्यवसायिक रुपमा सक्षम नबनाएसम्म शिक्षणसिकाइको मर्म पुरागर्न सकिदैन । शिक्षकको भूमिका सूचनाकर्ताको रुपमा,

विद्यार्थीको सहयोगीका रुपमा, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रुपमा प्रस्तुत हुन सकेमा शिक्षणसिकाइ कार्य अर्थपूर्ण हुने कुराको अपेक्षा गरिन्छ । यसरी नै विद्यालय-समुदाय सम्बन्ध, शैक्षिक सामाग्री, बालबालिकको व्यवहारमा आउने परिवर्तनको मूल्याङ्गन गर्ने पद्धति आदि शिक्षण सिकाइ प्रक्रियाका प्रमुख पक्षहरु हुन् । बाबालिकाको अन्तरनिहित क्षमताको उजागर गर्नु पनि शिक्षण सिकाइ हो । यसकालागि शिक्षणसिकाइ प्रक्रिया कक्षाकोठामा मात्र सीमित हुनु हुदैन । समुदाय र वातावरणबाट पनि शिक्षकले धेरै कुरा सिकाउन सक्छन् । बालबालिकाहरुलाई गीत, नाच, खोजपूर्ण कार्य, कथा, खेल जस्ता थुप्रै कनोरञ्जनका क्रियाकलापले उनिहरुको सिर्जनात्मक, प्रवर्द्धनात्मक, रचनात्मक र अनुसन्धात्मक क्षमताको उजागर गर्ने प्रयास गरिन्छ ।

अधिकारी, (२०६३) द्धारा लिखित "विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभावः एक अध्ययन" शीर्षकको शोधपत्र तयार पार्ने क्रममा शोधकर्ताले काभ्रे जिल्लाको मेच्छे चापापोखरी र मंगलटार गा.वि.स. मा संचालित निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणलीको शिक्षण सिकाइ उपलब्धि स्तर र विद्यार्थीको नियमिततामा पारेको प्रभावबारे अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास गरेको पाइएको छ । प्रस्तुत सोधपत्रमा अध्ययन क्षेत्रका विद्यालयहरूमा निरन्तर मूल्याङ्कन कसरी गरिएको छ, त्यसको प्रभाव कस्तो छ, भनी पत्ता लगाउन चारवटा उद्देश्यहरू निर्धारण गरिएको छ ।

CAS कार्यक्रमको उपलब्धि देखाजोखा गर्ने, CAS को वर्तमान अवस्था पहिचान गर्ने, CAS अपनाउँदा देखिएका समस्या पत्ता लगाउने र CAS कार्यक्रम प्रभावकारी बनाउन सम्बन्धित पक्षलाई आवश्यक सुझाव दिने । शोधकार्य अधिकांश प्राथमिक तथ्याङ्कमा आधारित रहेको देखिन्छ । काभ्रे जिल्लाको दूर्गम क्षेत्र मानिने मेच्छे, चापापोखरी र मंगलटारका २३ वटा विद्यालयहरूमध्ये ६ वटा विद्यालयलाई मात्र नमूनाको रुपमा छनौट गरिएको देखिन्छ । तथ्याङ्क संकलन प्रक्रियामा विद्यार्थी विवरण, कक्षागत विवरण, परीक्षामा सम्मीलित विद्यार्थी सङ्ख्या, विषयगत औसत प्राप्ताङ्क, विद्यालय छाड्ने दर आदिको परिमाणात्मक तथ्याङ्कको आधारमा कक्षा दोहोऱ्याउने दर, विद्यार्थी उपस्थिति दर, भौतिक सुविधा अदिको नतिजा निकालिएको छ ।

अध्ययनका प्रमुख प्राप्तिहरूमा विद्यार्थीले विद्यालय छाड्ने प्रमुख कारण शैक्षिक असफलता र घरायसीकारण रहेको, कक्षा नियमितता सन्तोषजनक नहुदा विद्यार्थी मूल्याङ्कनमा कठिनाइ

भएको, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने, दरमा CAS प्रणाली लागूभएपछि क्रमशःसुधार हुदै आएको, कक्षा शिक्षणमा परम्परागत विधि प्रयोग नगरी विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरेको, यसले गर्दा विद्यालयले व्यवहार र क्रियाकलाप मात्र मूल्याङ्कन नगरी अन्य औपचारिक परीक्षाहरू समेत सञ्चालन गरेको पाइयो । प्रस्तुत प्राप्तिको आधारमा अध्ययनकर्ताले निष्कर्ष निकाली सम्बन्धित निकायलाई दिएका सुझावहरूमा विद्यालयमा राखिएका शैक्षिक तथ्याङ्कहरू बीच समन्वय नभएकोले तथ्याङ्क अद्यावधी गर्नुपर्ने, यसका लागि शिक्षक तथा कर्मचारीको सङ्ख्या थप गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी कार्यान्वयनका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने आदि रहेको पाइन्छ ।

रिमाल, (२०६१) का अनुसार बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापहरु बाल सुलभ, हीतकारक, सिकाइ उपलब्धीसँग सम्बन्धित र रमणीय हुनुपर्छ भन्ने मान्यता राखिन्छ । गीत अथवा कथाले केटाकेटीको मस्तिष्कलाई सजिलैसँग छुन सक्ने हुनाले शिशुशिक्षा र बाल सिकाइका प्रक्रियामा कथा भन्नु तथा गीत सुनाउनुलाई अत्यन्त प्रभावकारी एवंम सफल पद्धतिको रुपमा लिइन्छ । कथा सुनाउँदा घटनका विषयवस्तुलाई शब्दमार्फत सिलसिलावद्ध रुपमा हाउभाउ र नक्कलसहितको प्रस्तुतिले बालवालिकाहरुको मस्तिष्कलाई चाडै छुन सकिन्छ । प्रसिद्ध शिक्षाविद् मन्टेश्वरी र फ्रोवेलले पनि केटाकेटीहरुलाई खेलाएर पढाउनु पर्ने कुरामा जोड दिएका छन् ।

भण्डारी, (२०६५) “बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलापको प्रभाव, एक अध्ययन” शीर्षकको शोधपत्रमा अनुसन्धानकर्ताले परम्परागत शिक्षण सिकाइ प्रक्रिया र बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियाको तुलना गर्ने, बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियाले विद्यार्थीको सिकाइमा पारेको प्रभाव पहिचान गर्ने, बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियाका सवल र कमजोर पक्षहरू पहिचान गरी विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्न सक्ने विधि र प्रक्रियाको सुधारमा आवश्यक सुझाव दिने जस्ता अध्ययनका उद्देश्य राखेको पाइन्छ । उल्लेखित उद्देश्यहरु प्राप्तिकालागि सुनसरी जिल्लाका बालमैत्री कार्यक्रम संचालित ४ विद्यालयलाई नमुना विद्यालयका रुपमा लिई गरिएको अनुसन्धानको प्रमुख निष्कर्ष यसप्रकार रहेको पाइन्छ : बालमैत्रीपूर्ण शिक्षण सिकाइ कार्यक्रमले कक्षा १ को नियमितता र निरन्तरता बढाउन महत्तवपूर्ण भूमिका लेखेको अनुसन्धानले देखाएको छ । नेपालमा भइरहेको शैक्षिक

क्षतिलाई न्यून गर्नका लागि पनि यो कार्यक्रम महत्वपूर्ण भएकोले शैक्षिक कार्यक्रमको एक अभिन्न अंगको रुपमा अरु जिल्ला र कक्षाहरूमा समेत लागू गर्नु पर्ने देखिन्छ । स्रोत र साधनको व्यवस्था, उपयुक्त शैक्षिक जनशक्ति, सरकारी नीति नियममा प्रभावकारिता, स्थानीय स्रोत र साधनको अधिकतम् परिचालन गर्न सकिए यो कार्यक्रम निकै प्रभावकारी हुने देखिन्छ ।

## २.३ अध्ययनको उपादेयता

यस अध्ययनबाट प्राप्त निष्कर्ष, प्राप्ति र सैद्धान्तिक अवस्थालाई सामुदायिक विद्यालयमा कार्यरत कक्षा शिक्षक मात्र नभई अन्य शिक्षक,शिक्षिकाहरुले आफ्नो भूमिका पहिचान गरी शैक्षणिक कार्यमा सुधार ल्याउन उपयोग गर्न सक्छन् । माथि उल्लिखित सैद्धान्तिक अबधारणाका आधारमा हेर्दा शिक्षकको भूमिका कक्षाकोठामा शिक्षण गर्नु मात्र नभई समग्र शैक्षणिक गतिविधिमा नै महत्वपूर्ण रहेको देखिन्छ । डा.काफ्लेका अनुसार शिक्षण क्रियाकलापको प्रमुख कारकका रुपमा मात्र शिक्षकलाई नहेरी उसलाई व्यवसायिक रुपमा सक्षम बनाएमा मात्र शिक्षणसिकाइको मर्म पूरा हुनसक्छ । शिक्षकको भूमिका सूचनाकर्ताको रुपमा, विद्यार्थीको सहयोगीका रुपमा, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रुपमा प्रस्तुत हुन सकेमा शिक्षण सिकाइ कार्य अर्थपूर्ण हुने कुराको अपेक्षा गरिन्छ ।


आजका बालबालिकाहरुका लागि शिक्षा आर्जन गर्नु अनिवार्य छ । सबैका लागि शिक्षा भन्ने आदर्श वाक्य पूरा गराउन सबैका लागि विद्यालय हुन आवश्यक छ । कुनै विद्यालय सबैका लागि हुन त्यो विद्यालय बालमैत्रीपूर्ण हुन आवश्यक हुन्छ । बालमैत्रीपूर्ण शिक्षण सिकाइ गर्न कक्षा शिक्षक हुनु अति नै आवश्क हुन्छ । त्यसकारण बालमैत्रीपूर्ण विद्यालयले सबैका लागि विद्यालयमा पहुँचको सुनिश्चितता गर्दछ भने विद्यालयमा भर्ना भएका बालबालिकाहरुका लागि कक्षामा टिकाइ राख्न सक्दछ र  गुणस्तरीय शिक्षा प्रदान गर्दछ ।

हाल नेपाल सरकारले विद्यालयलाई बालमैत्रीपूर्ण बनाउन भनी केही कार्यक्रमहरु अगाडि ल्याएको पाइन्छ । बालमैत्री कक्षा व्यवस्थापनमा थप सहयोग, बालमैत्री शिक्षण-सिकाइ तालिमहरु र बालमैत्री कक्षाका कक्षा शिक्षकहरुका लागि छोटो अबधिका पुनरर्ताजगी तालिमहरु सञ्चालन गर्ने जस्ता कार्यहरुमा पनि शिक्षा विभागले कार्यको थालनि गरेको छ ।

यस कार्यका लागि पनि आंशिक मार्ग निर्देश गर्न यो अध्ययन सहयोगी हुने आशा गर्न सकिन्छ ।

यसै सन्दर्भमा बालमैत्री विद्यालय कस्तो हुनु पर्दछ ? यसका विशेषताहरु के कस्ता हुन्छन् ? यस्तो विद्यालयमा शिक्षकको भूमिका के कस्तो रहन्छ ? बालमैत्री विद्यालयमा कक्षा शिक्षण क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ छैन ? भन्ने जस्ता विषय नै महत्वपूर्ण हुन्छ । यी विविध पक्षका बारेमा खोज अनुसन्धान गर्न निश्चित शैद्धान्तिक ढाँचाको आवश्यकता पर्दछ । फ्रोबेलको Kindergarten System का अनुसार विद्यालय रुपी बगैंचाका बालबालिका रुपी फूलहरुको हेरचाह, गोडमेल एवं पानी सिच्ने मालीको रुपमा शिक्षकले भूमिका निर्वाह गर्नु पर्ने भएकाले शिक्षकको भूमिका एक मालीको जस्तो हुनु पर्ने देखिन्छ । यस्तै मन्टेश्वरीको स्वतः तथा स्व-शिक्षाको सिद्धान्त अनुसार स्वतन्त्रता एवं स्वःशिक्षाको लागि शिक्षक एक मार्गनिर्देशक तथा बालमनोवेत्ताको भूमिकामा रहनुपर्ने देखिन्छ । डेविनका अनुसार प्रभावकारी प्रशिक्षणका लागि एकाई योजना, पाठ् योजना निर्माण गरी शैक्षणिक उद्देश्यहरु, विधिहरु, मूल्यांकन, विषयवस्तुका इकाई अनुसार शिक्षण गराउनु पर्ने भएकाले शिक्षकले एक योजनाकारको रुपमा पनि आफूलाई सक्षम बनाउनु पर्ने देखिन्छ । यसरी हेर्दा एउटा कक्षा शिक्षकको भूमिकालाई तलको चार्टबाट अझ स्पष्ट पार्नमा सहयोग पुग्ने देखिन्छ । यस पूनरावलोकनबाट अध्ययनको लागि सैद्धान्तिक खाका खिच्ने र तदनुसार अध्ययनलाई निर्दिष्ट रुपमा डोऱ्याउने कार्यमा प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

चित्र १. कक्षा शिक्षकको भूमिका




यस अध्ययनका लागि प्रयोग गरिएका विभिन्न सिद्धान्तहरुले फरक-फरक धारणा प्रस्तुत गरेता पनि अन्ततोगत्वा विद्यालयमा संचालन हुने समग्र शैक्षणिक कार्यमा कक्षा शिक्षकको अहम् भूमिका रहने कुरामा सबैले जोड दिएका छन् । यसैगरी समस्त शैक्षिक कार्यक्रमको वास्तविक प्रयोगकर्ताको रुपमा कक्षा शिक्षक नै भएको कुरामा जोड दिइएको छ। यसप्रकार यी सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रको शिक्षणसिकाइ क्रियाकलापमा समेत हुँदै आएको छ । शिक्षणसिकाइ क्रियाकलापमा प्रयोग हुँदा जुन उपलब्धिहरु शिक्षा क्षेत्रले पाएको छ त्यसका आधारमा यस अध्ययनवाट तथ्याङ्कको व्याख्या, विश्लेषण गर्न पद्दत पुग्ने देखिन्छ ।

## परिच्छेद : तीन

# अनुसन्धान बिधि

कुनै पनि अध्ययन कार्यलाई विश्वसनिय र प्रभावकारी बनाउनका लागि अध्ययनका निश्चित विधि र प्रकृयाको उपयोग गर्नु पर्ने हुन्छ । यसो भएको अवस्थामा मात्र अध्ययनले ठोस निष्कर्षमा दिन सक्दछ । यहाँ गुणत्मक अनुसन्धान ढाँचाअनुसार यस अध्ययनको कार्यविधि अपनाइएको छ । यस अध्ययनलाई ठोस निष्कर्षमा पुऱ्याउन विभिन्न प्रक्रियाहरुको अवलम्बन गरिएको छ ।

### ३.१. अनुसन्धान ढाँचा

यो अध्ययन गर्दा बालमैत्री कार्यक्रम संचालित सामुदायिक बिद्यालयका कक्षा १ का कक्षा शिक्षकसंग सम्बन्धित विविध पक्षहरुको वर्तमान अवस्थाको टिपोट उठाई अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धानको ढाँचामा आधारित बनाइएको छ । यो अध्ययन पूर्णतयाः सर्वेक्षण विधिमा आधारित रहेकोछ । यसमा परिकल्पनाको निर्माण, परीक्षण आदिको उपयोग गएिको छैन ।

### ३.२ अनुसन्धान रणनीति

यो अध्ययन कार्य सम्पन्न गर्नका लागि निम्नानुसाको उद्देश्यगत अनुसन्धान रणनीति अपनाइएको थियो ।

तालिकाः १. अनुसन्धान रणनीति

| क्र.सं. | उद्देश्य | साधन (विधि) हरु | | | उत्तरदाताहरु | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बालकेन्द्रित कक्षामा कक्षा शिक्षकको भूमिकाको खोजी गर्ने | अन्तरवार्ता | प्रश्नावली | अबलोकन | प्र.अ. | कक्षा शिक्षक | स्रोत व्यक्ति | वि.नि. | वि.व्य.स. पदाधिकारी |
| २. | परम्परागत कक्षा र बालकेन्द्रित कक्षाका कक्षा शिक्षकको भूमिकाको तुलना गर्ने | अन्तरवार्ता | प्रश्नावली | अबलोकन | प्र.अ. | कक्षा शिक्षक | स्रोत व्यक्ति | वि.नि. | वि.व्य.स. पदाधिकारी |
| ३. | बालकेन्द्रित कक्षाका कक्षाशिक्षकले विद्यार्थीको सिकाइमा पारेको प्रभाव पहिचान गर्ने | प्रश्नावली | दस्तावेज अध्ययन | अबलोकन | प्र.अ. | कक्षा शिक्षक | विद्यार्थी | वि.नि., स्रोतव्यक्ति | अभिभावक |

### ३.३. जनसंख्या

यो अध्ययनका लागि जनसंख्या भन्नाले सुनसरी जिल्लाको इटहरी, धरान र भादगाउँसिनवारी स्रोतकेन्द्रभित्र बालमैत्री कार्यक्रम संचालित सामुदायिक बिद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, बिद्यालय व्यवस्थापन समिति र अन्य सरोकार वालाहरुलाई जनसंख्याको रुपमा लिइएकोछ ।

### ३.४. जनसंख्या नमूनाको आकार

अध्ययन कार्यलाई व्यवस्थित गरी सम्पन्न गर्न सुनसरी जिल्लामा बालमैत्री कार्यक्रम संचालित ६५ वटा सामुदायिक विद्यालयहरु मध्ये इटहरी, धरान र भादगाउँसिनवारी स्रोतकेन्द्र भित्रका बालमैत्री कार्यक्रम संचालित सामुदायिक बिद्यालयहरुबाट निम्नानुसारका विद्यालयहरु नमूना छनौट गरी तथ्याङ्क संकलन गरिएकोछ ।

तालिकाः २. नमूना छनौटमा परेका बिद्यालय तथा सरोकारवालाहरु

<table>
<tr><th>विद्यालय / सरोकारवाला</th><th>श्री कचना महादेव मा.वि.,इटहरी</th><th>श्री सरस्वती मा.वि.बौका, इटहरी</th><th>श्री कविर मा.वि.,इटहरी</th><th>श्री शारदा बालिका उमावि धरान</th><th>श्री निमावि ,शिवनगर, भादगाउँसिनवारी</th></tr>
<tr><td>प्र.अ.</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>कक्षा शिक्षक</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>बि.व्य.स. पदाधिकारी</td><td>२</td><td>२</td><td>२</td><td>२</td><td>२</td></tr>
<tr><td>बिद्यार्थी</td><td>५</td><td>५</td><td>५</td><td>५</td><td>५</td></tr>
<tr><td>सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति</td><td colspan="3">१</td><td>१</td><td>१</td></tr>
<tr><td>सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक</td><td colspan="3">१</td><td>१</td><td>१</td></tr>
</table>

### ३.५. नमूना छनोटको विधि

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न जिल्ला, स्रोतकेन्द्र, विद्यालय, कक्षा एवम् अन्य सरोकारवालाहरुको नमूना छनोट निम्न विधि अनुसार गरिएको छ ।

**३.५.१. जिल्ला** :- सुविधाजनक नमूना छनोट विधिद्धारा सुनसरी जिल्ला छनौट गरिएकोछ

**३.५.२. स्रोतकेन्द र विद्यालय** :सुविधाजनक नमुना छनोट विधिद्धारा सुनसरी जिल्ला अन्तर्गत इटहरी स्रोतकेन्द्रका ३ वटा , धरान स्रोतकेन्द्रको १ वटा र भादगाउँसिनवारी स्रोतकेन्दको १ वटा गरी जम्मा ५ वटा विद्यालयको छनोट गरिएकोछ ।

**३.५.३. कक्षा** : छानिएका ५ वटा विद्यालयका उद्देश्यमूलक नमुना छनौट विधिद्धारा कक्षा १ छनोट गरिएकोछ ।

**३.५.४. कक्षा शिक्षक, प्र.अ,स्रोतव्यक्ति र वि.नि..** : उद्देश्यमूलक छनौट विधिद्धारा कक्षा १ का कक्षा शिक्षक र सम्बन्धित विद्यालयका प्र.अ. र सम्बन्धित क्षेत्रका स्रोतव्यक्ति एवं विद्यालय निरीक्षक छनोट गरिएकोछ ।

**३.५.५. वि.व्य.स. पदाधिकारी** : उद्देश्यमूलक नमुना छनोट विधिद्धारा वि.व्य.स. अध्यक्ष १ जना र वि.व्य.स. सदस्य मध्येबाट १ जना छनोट गरिएकोछ ।

**३.५.६. विद्यार्थी** : सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी विद्यार्थी छनोट गरिएकोछ ।

## ३.६. तथ्याङ्क संकलनका स्रोतहरु

यस अध्ययनमा नमूना छनौट गर्दा बिभिन्न ठाँउको, बिषयको, व्यक्तिको प्रतिनिधित्व हुने गरी समावेशी तथा समानुपातिक आधारमा, भौगोलिक अवस्था, यातायातको सुविधा, आफ्नो पहुच, कार्य क्षेत्र स्थल लगायत तथ्याङ्कको विश्वसनियता र बैद्यता हुने गरी साधनको पर्याप्ततालाई ध्यान दिंदै उचित र वैज्ञानिक आधारबाट नमूनाको छनौट गरिएकोछ । अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मूलत २ प्रकारका स्रोतहरुको उपयोग गरिएकोछ ।

**३.६.१. प्राथमिक स्रोत** : यसका लागि अनुसन्धानकर्ता स्वयम् उपस्थित भई प्रत्यक्ष सम्पर्क गरी अन्तरवार्ता , प्रश्नावली , अवलोकन र छलफल गरी तथ्याङ्क संकलन गरिएकोछ ।

**३.६.२. सहायक/द्धितीय स्रोत** :- यसका लागि नमूना बिद्यालयको अभिलेख,विद्यालयले प्रकाशन गरेका स्मारिका, विद्यार्थी अभिलेखको प्रयोग गरी तथ्याङ्क संकलन गरिएकोछ ।

## ३.७. अनुसन्धानको साधन निर्माण

अनुसन्धान कार्यलाई पूरागर्न तथा पूर्व निर्धारित उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको साधनहरु निम्नानुसार छन्ः

**३.७.१. अन्तर्वार्ता सूची** : बालकेन्द्रित कक्षा शिक्षकको भूमिकाको खोजी गर्न र परम्परागत कक्षा र बालकेन्द्रित कक्षाका शिक्षकको भूमिकाको तुलना गर्न प्रधानाध्यापक, स्रोतव्यक्ति/ विद्यालय निरीक्षकसंग अनुसूची १ र ४ अनुसारका प्रश्नावलीका आधारमा अन्तर्वार्ता लिइएको छ ।

**३.७.२. प्रश्नावली** : बालकेन्दीत कक्षा शिक्षकको भूमिकाको खोजीगर्न र परम्परागत कक्षा र बालकेन्द्रित कक्षाका शिक्षकको भूमिकाको तुलना गर्न एवं बालकेन्द्रित कक्षाका कक्षा शिक्षकले विद्यार्थीको सिकाइमा पारेको प्रभाव पहिचान गर्न शिक्षक, वि.व्य.स. पदाधिकारी र विद्यार्थीसंग अनुसूची २,३ र ५ अनुसारका प्रश्नावलीहरु सोधिएका छन् ।

**३.७.३. अभिलेख अध्ययन** : अनुसन्धान कार्यका उद्देश्य प्राप्तिलाई मध्यनजर गरी कक्षा शिक्षक र विद्यार्थीसंग सम्बन्धित विद्यालयका अभिलेखहरु अध्ययन गरी आबश्यकताका आधारमा टिपोट र संकलन गरिएकोछ ।

**३.७.४. विद्यालय अनुगमन फाराम** : अनुसन्धान कार्यका उद्देश्य प्राप्तिलाई मध्यनजर गरी शिक्षक , विद्यार्थी र विद्यालयसंग सम्बन्धित सूचना अनुसूची ६ अनुसारको विद्यालय अनुगमन फारमबाट लिइएको छ ।

**३.७.५. कक्षाकोठा अनुगमन फाराम** : अनुसन्धान कार्यका उद्देश्य प्राप्तिलाई मध्यनजर गरी शिक्षक , विद्यार्थी र कक्षाकोठासंग सम्बन्धित सूचना अनुसूची ७ अनुसारको कक्षाकोठा अनुगमन फारामबाट लिइएको छ ।

### ३.८. अनुसन्धान साधनको वैद्यता

उल्लिखित अनुसन्धानका साधनहरुलाई सम्बन्धित क्षेत्रका विशेषज्ञहरुसंग रायसुझाव लिई अन्तिम रुप दिइएको छ र सोको परीक्षण एवं पूर्व परीक्षण गरि साधनको बैद्यता कायम गरिएको छ । साथै विद्यालयमा रहेका प्रमाणिक अभिलेखहरुको अध्ययन समेत गरिएकोछ ।

### ३.९. तथ्याङ्क संकलन प्रकृया

विद्यालयको उन्नती, प्रगति र विकासका लागि प्रत्यक्ष रुपमा सरोकार राख्ने पक्ष भनेको प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा विद्यार्थीहरु नै हुन् । यस अध्ययनको शीर्षक पनि विद्यालयको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने खालको भएकोले सम्भावनायुक्त र उद्देश्यपूर्ण विधिका आधारमा छनौट भएका विद्यालयहरुको अध्ययनकर्ता आफैं स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गरिएको थियो । विद्यालयको नेतृत्वकर्ता प्रधानाध्याप र शिक्षामा प्रत्यक्ष सरोकार राख्ने जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक र स्रौतव्यक्तिहरुसंग अन्तवार्ताको माध्यमद्धारा सूचना संकलन गरिएको थियो । यसैगरी तथ्याङ्क संकलनका लागि

विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, कक्षा शिक्षक र विद्यार्थीहरुका लागि लिखित रुपमा अलग अलग तयार गरिएका बन्द तथा खुल्ला प्रश्नावलीको प्रयोग गरिएको थियो । प्रश्नावली भर्नका लागि सम्बन्धित व्यक्तिहरुलाई अभिमुखिकरण गरिएको थियो । अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन कार्यका लगि अनुसन्धानकर्ता आफैं सम्बन्धित विद्यालय र जिल्ला शिक्षा कार्यालय सुनसरीमा स्थलगत रुपमा गइ विद्यालय अनुगमन, कक्षाकोठा अनुगमन फाराम भर्ने कार्य र अभिलेख अध्ययनको कार्य गरिएको थियो ।

## ३.१०. तथ्याङ्क प्रस्तुति र विश्लेषण प्रक्रिया

अनुसन्धानका साधनहरुको प्रयोग गरी प्राप्त भएका तथ्याङ्कहरुलाई आवश्यकतानुसार निर्धारण गरिएको उद्देश्य अनुसार तालिकीकरण गर्दै गुणात्मक एवम् तथ्याङ्क शास्त्रीय बिधिको प्रयोग गर्दै बिश्लेषण गरिएकोछ । यसैगरी प्रस्तावनामा उल्लेख गरिएका उद्धेश्य अनुसार उपर्युक्त शीर्षकको चयन गरी प्राप्त तथ्याङ्कलाई क्रमशः प्रस्तुतीकरण गर्दै सैद्धान्तिक खाका र सम्बन्धित साहित्यसँग समिश्रण गर्दै तिनीहरुको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

अभिलेख अध्ययन, सर्वेक्षण फारम, प्रश्नावली र अन्तर्वार्ता तालिकाबाट प्राप्त जानकारी र तथ्यहरुलाई प्रतिक्रियाको प्रकृति हेरी बालमैत्री कार्यक्रम संचालित सामुदायिक बिद्यालयहरुमा कार्यरत कक्षा शिक्षकहरुको भूमिका हेर्न आवश्यक मात्रामा उद्देश्य अनुसार उपयुक्त शीर्षकको चयन गरिएको छ । तथ्याङ्कलाई तालिकीकरण, ग्राफ चित्र र प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ भने व्याख्यात्मक/ विवरणात्मक विधिको समेत उपयोग गरिएकोछ ।

तथ्याङ्क विश्लेषणको गुणत्मक तरिकाअनुसार कोरा तथ्याङ्कलाई छानविन गरी अनावश्यक र असान्दर्भिक तथ्याङ्कलाई हटाइएको छ । कतिपय अस्पष्ट सूचनाहरुलाई विश्लेषणात्मक अध्ययन गरी स्पष्ट र अर्थपूर्ण बनाइएको छ । यस अध्ययनलाई निष्कर्षमा पुर्‍याउन विशेष गरी गुणात्मक अनुसन्धान प्रक्रियाको प्रयोग गरिएको छ ।

## परिच्छेद : चार

# तथ्याङ्कको प्रस्तुतिकरण, विश्लेषण र व्याख्या

यस परिच्छेदमा तथ्याङ्क संकलनका साधनहरुबाट प्राप्त जानकारी, सूचना तथा तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएको उद्देश्य अनुसार क्रमशः उपर्युक्त शीर्षक, उप-शीर्षकहरुको चयन गरी  तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१.बालकेन्द्रित कक्षामा कक्षा शिक्षकको भूमिका

यस अध्यायमा बालकेन्द्रित कक्षामा कक्षा शिक्षकको भूमिका जनाउने प्राथमिक तह खासगरी कक्षा १ को विद्यार्थी भर्ना, कक्षाकोठा व्यवस्थापन, सिकाइसामग्री व्यस्थापन, शिक्षक विद्यार्थी सम्बन्ध तथा विद्यार्थी नियमितता एवं वि.व्य.स.पदाधिकारी र अभिभावक, प्र.अ., कक्षा शिक्षक र अन्य शिक्षकहरु, विद्यार्थीहरु र विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति संगको छलफल लगायतका विषय समावेस गरिएको छ । त्यसका लागि प्र.अ., स्रोत व्यक्ति / वि.नि.संग अन्तरवार्ता, वि.व्य.स.पदाधिकारी, शिक्षक, अभिभावक तथा विद्याथीाहरुसंग गरिएको प्रश्नावली/छलफल तथा विद्यालय र कक्षाकोठा सर्वेक्षण फारामबाट प्राप्त भएका तथ्याङ्कलाई विभिन्न तालिकामा वर्गीकरण गरेर विश्लेषण तथा व्याख्या गरिएको छ ।

### ४.१.१.विद्यार्थी भर्ना

विद्यार्थी भर्नामा विद्यालयमा कार्यरत शिक्षकहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थी भर्ना दरले त्यस विद्यालयको समग्र विद्यार्थीको संख्यालाई जनाएता पनि मूलत नयाँ भर्ना कक्षा १ मा गरिने हुनाले विद्यार्थी भर्नामा कक्षा १ का कक्षा शिक्षकको अहम् भूमिका हुने गर्दछ । त्यसैले विद्यालयको विद्यार्थी भर्ना दरको अवस्थाका बारेमा अनुसूची ६ अनुसारको विद्यालय अनुगमन फारम र अनुसूची ७ अनुसारको कक्षाकोठा अनुगमन फारम सोधकर्ता आफै विद्यालय र कक्षाकोठामा गई विद्यालय र कक्षाकोठाको अभिलेख अनुसार तथ्याङ्क संकलन गरी सो सम्बन्धी छलफल गर्दा केही विद्यालयमा भर्ना दर बढेको र केहीमा घटेको पाइयो । भर्ना दरको स्थिति बारेमा कक्षा शिक्षक, प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारी आदिसंग बुझ्दा विद्यालको सेवा क्षेत्रका सवै वच्चाहरु भर्नाहुन नआउने हुनाले भर्ना दर कम हुदै गएको भन्ने प्रतिक्रिया एकातिर छ भने अर्कातिर आवस्यक क्षमता भन्दा वढी भर्ना हुन आउने हुनाले निश्चित समय अगावै भर्ना वन्द गर्नु पर्ने वाध्यता देखिन्छ । सामुदायिक विद्यालयमा भर्ना दर

घट्नुमा वन्द हड्तालले गर्दा पढाइमा अनियमितता, आर्थिक अवस्था तथा घरायसी कारणहरु रहेको पाइएता पनि सहरी क्षेत्रमा संस्थागत विद्यालय प्रति अभिभावकको बढ्दो आकर्षण प्रमुख कारण रहेको पाइयो ।

घट्दो विद्यार्थी भर्नादर वढाउन के कस्तो पहल गर्नुभएको छ ? भन्ने प्रश्नको जवाफमा कक्षा शिक्षकहरुले भर्ना व्यवस्था सरल सुगम छ , भर्ना अभियान, घर दैलो कार्यक्रम , प्रारम्भिक कक्षामा अंग्रेजी माध्यममा पढाइ र खाजाको व्यवस्था, जनचेतना मूलक कार्यक्रम ( सिकाउनु पर्छ राम्रो वानी, विद्यालय जाउन हाम्रा नानी) एवं बालकेन्द्रित शिक्षण सिकाइ सञ्चालन गरिएका छन् भन्ने जस्ता प्रतिक्रिया व्यक्त गरे । बालमैत्री वाताबरणमा अंग्रेजी माध्यमबाट पढाउन थालेपछि सामुदायिक विद्यालयमा पनि विद्यार्थीको चाप वढेको प्रतिक्रिया शिक्षकको छ । शोधार्थी स्वयम् विद्यालयमा उपस्थित भई सर्वेक्षण फाराम भरी प्राप्त तथ्याङ्कलाई तालिका नं. ३ मा देखाइएको छ ।

तालिका ३. कक्षा १ को विद्यार्थी भर्ना विवरण

| क्र.सं. | विद्यालय | शै.सं | विद्यार्थी संख्या | | जम्मा | छात्रा प्रतिशत | दलित | दलित प्रतिशत | जन जाती | जनजाती प्रतिशत | नया भर्ना | नया भर्ना प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | | | | | | | | |
| १ | कचना महादेव मा.वि. | २०६५ | ४३ | ४४ | ८७ | ४९ | ८ | ९.२ | ४२ | ४८.३ | ८७ | १०० |
| | | २०६६ | २८ | ३४ | ६२ | ४५ | ५ | ८.०६ | ३१ | ५०.० | ६२ | १०० |
| | | २०६७ | ३९ | २३ | ६२ | ६३ | ७ | ११.३ | ३३ | ५३.२ | ६२ | १०० |
| २ | सरस्वती मा.वि. | २०६५ | ९ | १३ | २२ | ४१ | ५ | २२.७ | ८ | ३६.४ | १८ | ८१.८ |
| | | २०६६ | २३ | १७ | ४० | ५८ | ६ | १५ | १४ | ३५.० | ३८ | ९५ |
| | | २०६७ | ८ | १४ | २२ | ३६ | ५ | २२.७ | १२ | ५४.५ | २२ | १०० |
| ३ | कविर मा.वि., | २०६५ | १७ | २२ | ३९ | ४४ | ६ | १५.४ | १३ | ३३.३ | ३९ | १०० |
| | | २०६६ | २६ | १६ | ४२ | ६२ | १० | २३.८ | १२ | २८.६ | ४२ | १०० |
| | | २०६७ | १८ | १६ | ३४ | ५३ | ७ | २०.६ | १२ | ३५.३ | ३४ | १०० |
| ४ | शारदा बालिका उमावि | २०६५ | २४ | | २४ | १०० | ३ | १२.५ | १२ | ५०.० | २४ | १०० |
| | | २०६६ | २५ | | २५ | १०० | ३ | १२ | १४ | ५६.० | २५ | १०० |
| | | २०६७ | २५ | | २५ | १०० | ४ | १६ | १७ | ६८.० | २५ | १०० |
| ५ | निमावि ,शिवनगर, | २०६५ | २० | १५ | ३५ | ५७ | १२ | ३४.३ | १३ | ३७.१ | ३० | ८५.७ |
| | | २०६६ | १६ | १४ | ३० | ५३ | १६ | ५३.३ | १४ | ४६.७ | २४ | ८० |
| | | २०६७ | २१ | १५ | ३६ | ५८ | १६ | ४४.४ | १८ | ५०.० | ३६ | १०० |
| | जम्मा | २०६५ | ११३ | ९४ | २०७ | ५५ | ३४ | १६.४ | ८८ | ४२.५ | १९८ | ९५.७ |
| | | २०६६ | ११८ | ८१ | १९९ | ५९ | ४० | २०.१ | ८५ | ४२.७ | १९१ | ९६ |
| | | २०६७ | १११ | ६८ | १७९ | ६२ | ३९ | २१.८ | ९२ | ५१.४ | १७९ | १०० |

विद्यालयको अभिलेख , २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन गरिएका पाँचवटा विद्यालयको तथ्याङ्कलाई हेर्दा कक्षा १ मा शैक्षिक सत्र २०६५,२०६६ र २०६७ मा क्रमशः घट्दो क्रममा १९८,१९१ र १७९ जना विद्यार्थीहरु नया भर्ना भएको देखिन्छ तर नया भर्ना प्रतिशत भने क्रमशः ९५.७, ९६ र १०० प्रतिशतमा बृद्धि भएको पाइन्छ । छात्रा, दलित एवं जनजाति विद्यार्थीहरुको भर्नातर्फ हेर्दा संख्यात्मक रुपमा शैक्षिक सत्र २०६६ मा भन्दा २०६७ मा घटेको अवस्था देखिन्छ तर भर्ना प्रतिशतमा हेर्दा छात्राको भर्ना प्रतिशत शैक्षिक सत्र २०६५ मा भन्दा २०६६ मा ३ प्रतिशत र २०६६ मा भन्दा २०६७ मा ३ प्रतिशतले बढेको पाइन्छ । दलित विद्यार्थीको विगत ३ शैक्षिक सत्रमा क्रमशः ३.७ र १.७ प्रतिशतले भर्ना दरमा बृद्धी भएको देखिन्छ । यस्तै जनजाति विद्यार्थीको भर्ना दरमा पनि शैक्षिक सत्र २०६५ मा भन्दा २०६६ मा ०.२ र २०६६ मा भन्दा २०६७ मा ८.७ प्रतिशतले बृद्धी भएको अवस्था देखिन्छ ।

तालिका ४. कूल भर्ना दर र खुद भर्ना दर

| क.स.. | विद्यालय | शैक्षिक सत्र | विद्यालयको | | कक्षा १ को | |
|---|---|---|---|---|---|---|
| | | | कूल भर्नादर (GER) | खुद भर्नादर (NER) | कूल भर्नादर (GER) | खुद भर्नादर (NER) |
| १ | कचना महादेव मा.वि.,इटहरी | २०६५ | १११ | ९६ | ९२ | ९४ |
| | | २०६६ | ११० | ९८ | ९४ | ९५ |
| | | २०६७ | १०५ | ९८ | ९६ | ९६ |
| २ | सरस्वती मा.वि.बौका, इटहरी | २०६५ | १०८ | ९४ | ९३ | ९५ |
| | | २०६६ | १०४ | ९७ | ९३ | ९६ |
| | | २०६७ | १०१ | ९८ | ९७ | ९८ |
| ३ | कविर मा.वि.,इटहरी | २०६५ | ११८ | ९३ | ९१ | ८९ |
| | | २०६६ | १०९ | ९४ | ९२ | ९१ |
| | | २०६७ | १०३ | ९६ | ९४ | ९३ |
| ४ | शारदा बालिका उमावि धरान | २०६५ | १२० | ९४ | ९१ | ९२ |
| | | २०६६ | ११२ | ९७ | ९३ | ९३ |
| | | २०६७ | १०४ | ९९ | ९६ | ९७ |
| ५ | निमावि ,शिवनगर, भादगाउँसिनवारी | २०६५ | ९४ | ८२ | ९२ | ८८ |
| | | २०६६ | ९७ | ८७ | ९३ | ९० |
| | | २०६७ | ९८ | ९२ | ९६ | ९४ |

विद्यालयको अभिलेख , २०६८

माथिको तालिकालाई हेर्दा विद्यालयको कूल भर्नादर भन्दा कक्षा १ को कूल भर्नादर राम्रो देखिएता पनि खुद भर्नादरमा भने विद्यालको भन्दा कम रहेको देखिन्छ । विद्यालको सेवाक्षेत्र भित्रका उमेर समूहका बालबालिकाहरु शिक्षाको पहुच भन्दा बाहिर रहेका नपाईएको अर्थात विद्यालय जान बाकि रहेको नभेटिएता पनि साना कक्षामा जसरी भए पनि संस्थागत

विद्यालयमा नै पढाउने प्रचलन अत्यधिक मात्रामा पाइएकाले यो अवस्था आएको कुरा सरोकारवालाहरुको धारणा पाइन्छ ।

यसरी विगत तीन वर्षको तथ्याङ्कलाई अध्ययन गर्दा विद्यार्थी भर्ना दरमा उतार चढाव देखिन्छ । यसको कारण के ठान्नु हुन्छ ? भनी प्र. अ. एवं कक्षा शिक्षकसंग गरिएको छलफलमा राजनैतिक उथलपुथल, द्वन्द, बन्द, हड्तालले बढी प्रभाव पारेका छन् भने अर्कोतिर अभिभावकमा संथागत विद्यालय तर्फको मोह , अस्थायी र आन्तरिक बसाइँसराइँ , प्रकृतिक प्रकोपलाई लिन सकिन्छ । त्यसैगरी शि. अ. संघका अध्यक्षको धारणामा कम शुल्कमा अंग्रेजी माध्यमबाट शिक्षा दिने हेतुले समुदायद्वारा संस्थागत विद्यालयहरुको स्थापना हुनु पनि एक हो । विशेष गरी प्रा.वि. तहसम्म सानो तिनो कमाइले पनि संस्थागत विद्यालयमा पढाउने क्षमता अभिभावकमा भएकोले यो स्थिति देखिएको हो भन्ने जवाफ अन्तरवार्ताका क्रममा प्राप्त भएका थिए ।

अध्ययन गरिएका विद्यालयमा शैक्षिक सत्र २०६६ पछि कक्षा १ को भर्नादरमा वृद्धि देखिन्छ । यसमा पनि छात्रा, दलित एवं जनजाति विद्यार्थीको भर्नादरमा क्रमशः बृद्धी हुदै गएको देखिन्छ । यसको कारण वुझ्न खोज्दा कक्षा शिक्षकको धारणा विद्यार्थी भर्ना अभियान तथा घरदैलो कार्यक्रमको प्रभाव, समुदायको माग अनुसार तल्लो कक्षा देखिनै अंग्रेजी माध्यमबाट पढाइ सुरु गरिएको, बालमैत्री शिक्षण तथा निरन्तर मूल्याङ्कनलाई जोड दिएकोले विद्यार्थीको भर्नादरमा क्रमशः बृद्धी हुदै गएका हो भन्ने जवाफ पाइयो । त्यसैगरी छात्रवृत्ती वितरण, कक्षा शिक्षकको शिक्षण कला, विद्यार्थीप्रतिको मायालु व्यवहार तथा देशमा शान्ति आउनुलाई पनि भर्नादरमा वृद्धी भएको मान्न सकिन्छ भन्ने जबाफ प्र.अ. को रह्यो । संख्यात्मक रुपमा भर्ना वढाउन के गर्नुपर्ला ? भन्ने प्रश्नको जवाफमा सवैभन्दा पहिला देशमा शान्ति आउनु पर्‍यो , समय समयमा अभिभावक भेला तथा भेटघाट, जनचेतनामुलक कार्यक्रम, समुदायका मानिस संग हातेमालो गर्दै अगाडि वढ्नु पर्ने, समयसमयमा जिल्ला शिक्षा कार्यालयबाट निरीक्षण हुनु पर्दछ, कक्षा १ का शिक्षकहरुलाइ तालिमको व्यस्था हुनु पर्ने, राम्रो काम गर्ने शिक्षकलाइ पुरस्कारको व्यवस्था हुनु पने जस्ता कुराहरु छलफलका क्रममा प्राप्त भए ।

### ४.१.२. कक्षाकोठा व्यवस्थापन

विद्यालयमा उपलब्ध भौतिक सुविधाहरुको सम्वन्ध शिक्षाको गुणस्तरीयतासंग गाँसिएको हुन्छ । शिक्षा प्रणालीको लगानीकै रुपमा रहेको भौतिक स्रोत तथा सुबिधा अन्तर्गत विद्यालयका भवन र कक्षाकोठा समेत शैक्षिक व्यवस्थापनका आधारभूत पक्षका रुपमा रहेका छन् । शिक्षण सिकाइक्रियाकलापको  वातावरण निर्माण गर्न र शिक्षण प्रभावकारी एवं अर्थपूर्ण बनाउनका लागि कक्षाकोठा व्यवस्थापनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।  अतः नमूना विद्यालयमा भवन र कक्षाकोठाको वास्तविक अवस्था पहिचान गर्न गरिएको अध्ययनवाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्दा निम्नानुसार देखिन्छ :

तालिका ५. विद्यालय भवन र कक्षा कोठाको अवस्था

| क्र.सं. | विद्यालय | विद्यालय भवन संख्या | कक्षाकोठा संख्या | अफिसका लागि छुट्याइएको कोठा संख्या | बिधालय भवनको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पक्की | अर्धपक्की | कच्ची |
| १ | कचना महादेव मा.वि.,इटहरी | ४ | १८ | १ | ४ | | |
| २ | सरस्वती मा.वि.बौका, इटहरी | ६ | २५ | १ | ६ | | |
| ३ | कविर मा.वि.,इटहरी | ६ | २९ | २ | ५ | १ | |
| ४ | शारदा बालिका उमावि धरान | ८ | ३८ | ५ | ८ | | |
| ५ | निमावि ,शिवनगर, भादगाउँसिनवारी | ४ | १३ | १ | २ | २ | |

विद्यालय सर्वेक्षण ,२०६८

तालिका ५ लाई बिशलेषण गर्दा अध्ययन गरिएका सवै विद्यालयहरुको आ-आफ्नै भवन (पक्की, अर्धपक्की ) रहेको पाइयो भने अफिस कोठा र कक्षा संचालनका लागि पनि अलग-अलग कोठाको व्यवस्था भएको देखिन्छ । जम्मा ५ वटा विद्यालय मध्ये २ वटा विद्यालयको भवनको संरचना अर्ध पक्की  (टिनको छानो तर गाह्रो भूई सिमेन्ट) प्रकृतिको पाइयो भने बाँकी अन्यको पक्की संरचनाको पाइन्छ । शारदा उ मा.वि. धरानमा उच्च मा.वि. समेत संचालन भएकाले भवन संख्या अधिक देखिन्छ भने कविरमा भाडामा +२ सम्मको कक्षा संचालनले कक्षाकोठा र भवनको संख्या अधिक रहेको हो । विद्यालय भवन र कक्षाकोठा व्यवस्थापनमा मुख्य भूमिका विद्यालय व्यवस्थापन समितिको रहने भएता पनि विद्यालय भवन व्यवस्थापनमा प्र.अ.को महत्वपूर्ण भूमिका रहेको हुन्छ भने कक्षाकोठा व्यवस्थापनमा कक्षा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षाकोठा व्यवस्थापन अन्तर्गत निम्न पक्षहरुको व्यवस्थापनको अहम भूमिका

हुने गर्दछ । प्रस्तावनामा उल्लेख भए अनुसार यहाँ कक्षा १ को कक्षाकोठा व्यवस्थापनका निम्न पक्षहरुको स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्क र अवस्थाको आधारमा कक्षा शिक्षकको भूमिकालाई केलाउने प्रयास गरिएको छ ।

**(क). कक्षाकोठामा झ्याल/ढोका र प्रकाशको व्यवस्था**

कक्षाकोठा व्यवस्थापनको एउटा महत्वपूण पक्ष झ्याल, ढोका , प्रकाश तथा वत्ति पनि हुन् । विद्यालयका कक्षाकोठामा यी पक्षहरुको सहज/प्रभावकारी व्यवस्थापन गर्नसके शिक्षण सिकाइ प्रभावकारी हुन गई शैक्षिक लक्ष्य र उद्देश्य प्राप्त गर्न सहज हुने देखिन्छ । त्यसैले अध्ययन क्षेत्र भित्रका बिद्यालयका कक्षा १ को कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्थालाई प्राप्त तथ्याङ्कको आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६. कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको अवस्था

| क्र.सं. | विद्यालय | विद्यालयका कक्षाकोठा संख्या : | कक्षा १का लागि कक्षाकोठा संख्या : | झ्याल, ढोकाको अवस्था | प्रकाश, बत्तीको अवस्था |
|---|---|---|---|---|---|
| १ | कचना महादेव मा.वि.,इटहरी | १८ | १ | राम्रो अवस्था | प्रयाप्त भएको |
| २ | सरस्वती मा.वि.बौका, इटहरी | २५ | १ | सामान्य अवस्था | प्रयाप्त भएको |
| ३ | कविर मा.वि.,इटहरी | २९ | १ | राम्रो अवस्था | प्रयाप्त भएको |
| ४ | शारदा बालिका उमावि धरान | ३८ | १ | राम्रो अवस्था | प्रयाप्त भएको |
| ५ | निमावि ,शिवनगर, भादगाउँसिनवारी | १३ | १ | सामान्य अवस्था | प्रयाप्त नभएको |

स्थलगत सर्वेक्षण, २०६८

तालिका ६ मा नमुना विद्यालयमा भएका कक्षाकोठाहरु मध्ये अलिक ठूलो एवं फराकिलो कोठा कक्षा १ का लागि उपलब्ध गराइएको पाइयो भने कक्षाकोठाको झ्याल, ढोकाको अवस्था ३ वटा विद्यालयमा राम्रो एवं व्यवस्थित रहेको र २ वटा विद्यालयमा सामान्य रहेको पाइयो । यसैगरी अध्ययन गरिएका विद्यालयमा प्रकाश तथा बत्तिको अवस्था ८०% मा प्रयाप्त भएको र २०% मा पर्याप्त नभएको पाइयो । यसले के देखिन्छ भने कक्षाकोठा व्यवस्थापनमा सक्रिय कक्षा शिक्षक भएको विद्यालयमा कक्षाकोठाका झ्याल , ढोका र प्रकाशको व्यवस्थापन गर्नमा  राम्रो रहेको दखिन्छ भने अन्यमा केही कम भएको देखिन्छ ।

**(ख) फर्निचर र विद्यार्थीको बसाई व्यवस्थापन**

शिक्षण सिकाइलाई सहज वनाउन शैक्षिक व्यवस्थापनको अर्को पक्ष फर्निचर र विद्यार्थीको बसाइ व्यवस्थापन हो । उपयुक्त फर्निचर र बसाइ व्यवस्थापन नभएमामा सिकाई प्रभावकारी हुन सक्दैन । यसरी फर्निचर र विद्यार्थीको बसाइ व्यवस्था गर्दा बिद्यार्थीको उमेर र कक्षा अनुसार हुनुपर्छ । यसले बिद्यार्थीको पढाइ प्रति रुचि⁄ सक्रिय बनाउन मद्दत गर्छ । अतः बिद्यार्थीको संख्या , शारीरिक अवस्था अनुसार उपयुक्त फर्निचर र बसाइको व्यवस्थापन हुन जरुरी छ । त्यसैले नमुना क्षेत्र भित्रका विद्यालयमा प्राप्त फर्निचर र विद्यार्थीको बसाइ व्यवस्थापनको विवरणलाई तालिकामा देखाई विश्लेषण गरिएको छ ।

तालिका ७. फर्निचर र विद्यार्थीको बसाई व्यवस्थापनको अवस्था

| क्र. सं. | विद्यालय | कार्पेट, चकटी | कालोपाटी⁄सन्देश बोर्ड र whiteboard | चप्पलजुत्ता राख्ने र्‍याक | दराज, बाकस | कुर्सि, टेवल |
|---|---|---|---|---|---|---|
| १ | कचना महादेव मा.वि.,इटहरी | उपयुक्त ,पर्याप्त | तीन तिर कालोपाटी, अगाडी सन्देश बोर्ड र whiteboard | उपयुक्त | उपयुक्त | व्यवस्थीत |
| २ | सरस्वती मा.वि.बौका, इटहरी | पर्याप्त तर अव्यवस्थीत | तीन तिर कालोपाटी, अगाडी सन्देश बोर्ड र whiteboard | छ तर अपुग | बाकस मात्र | व्यवस्थीत |
| ३ | कविर मा.वि.,इटहरी | उपयुक्त, पर्याप्त | तीन तिर कालोपाटी, अगाडी सन्देश बोर्ड र whiteboard | उपयुक्त | उपयुक्त | व्यवस्थीत |
| ४ | शारदा बालिका उमावि धरान | उपयुक्त, पर्याप्त | तीन तिर कालोपाटी, अगाडी सन्देश बोर्ड र whiteboard | उपयुक्त | उपयुक्त | व्यवस्थीत |
| ५ | निमावि ,शिवनगर, भा.सि. | उपयुत्त तर अपुग | तीन तिर कालोपाटी, अगाडी सन्देश बोर्ड र whiteboard | उपयुक्त | उपयुक्त | व्यवस्थीत |

स्थलगत सर्वेक्षण, २०६८

तालिका ७ लाई बिश्लेषण गर्दा नमुना अध्ययन क्षेत्र भित्रका सबै विद्यालयमा बालमैत्री शिक्षण रहेकाले सरकारी र गैह्रसरकारी संस्थाहरुको सहयोगमा कक्षाकोठा व्यवस्थापन गरिएकाले कक्षा शिक्षण संचालित कक्षाहरु विशेषत कक्षा १ मा विद्यार्थी बसाइ व्यवस्थापनका लागि कार्पेट, चकटीको व्यवस्थापन गरिएको पाइन्छ । नमुना अध्ययन गरिएका ५ विद्यालयहरु मध्ये ३ विद्यालयमा कार्पेट, चकटीको उपयुक्त र पर्याप्त मात्रामा व्यवस्थापन गरिएको देखिन्छ भने २ विद्यालयमा केही अव्यवस्थित र अपुग रहेको देखिन्छ । कक्षा १ का साना उमेरका बालबालिकाहरुका लागि डेक्सबेञ्च भन्दा कार्पेट, चकटीमा भूईमा बसी शिक्षण क्रियापलाप

गर्दा बढी प्रभावकारी रहेको देखिन्छ । सोही अनुसार उल्लिखित पाँचओटै विद्यालयमा कक्षाकोठाको तीन तिर कालोपाटी/अगाडि सन्देश बोर्ड, whiteboard ,चप्पलजुत्ता राख्ने ऱ्याक र सिकाइ सामग्री बाकसहरुको पनि व्यवस्थापन भएको देखिन्छ । विद्यालयले कक्षा शिक्षण संचालित कक्षा विशेषत कक्षा १ मा एक–एक वटा दराज एवं टेबल कुर्सीको व्यवस्थापन गरेको पाइन्छ । यसरी व्यवस्थान गर्दा एक विद्यालयमा चप्पल जुत्ता राख्ने ऱ्याक केही सानो भएको देखिन्छ बाकी सबै विद्यालयमा व्यवस्थित रुपमा बसाइ व्यवस्थापन भएको देखिन्छ । जि.शि.का. सुनसरीको संयोजनमा बालकेन्द्रित शिक्षण व्यवस्थापनका लागि सबै कक्षा शिक्षकहरुलाइ बालकेन्द्रित शिक्षण सम्बन्धी तालिम उपलब्ध गराइ विद्यार्थी केन्द्रित शिक्षण क्रियापलाप र सोका लागि आवश्यक कक्षा व्यवस्थापन सम्बन्धी सीप पनि प्रदान गरिएकाले कक्षाकोठा व्यवस्थापनमा कक्षा शिक्षकले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### (ग) पुस्तकालय तथा विषयगत कुनाको व्यवस्थापन

बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा शिक्षण सिकाइ क्रियाकलाप सहज ढंगले संचालन गरी उच्चतम शैक्षिक उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक पुस्तकालय तथा विषयगत कुनाको व्यवस्थापन हुनुपर्दछ । यसलाई कक्षा शिक्षण क्रियाकलापमा कक्षा व्यवस्थापनको एउटा पक्षका रुपमा समावेश गराउन सकिन्छ ।

नमुना विद्यालयहरु मध्ये सबै जसो विद्यालयका कक्षा १ मा पुस्तकालयको रुपमा विषयगत कुनाको व्यवस्था गरिएको पाइन्छ । विषयगत कुनामा सन्दर्भ सामग्री भएका बाकस, शिक्षक/विद्यार्थी निर्मित सामग्रीहरु जसलाई पुस्तकका रुपमा समेत तयार गरिएको हुन्छ र आवश्यकता अनुसार बजारबाट खरिद गरिएका सन्दर्भ सामाग्रीहरु राखिएका हुन्छन् । यसप्रकारको विषयगत कुनाको व्यवस्थापनमा विद्यालयको सहयोग लिने कार्यमा कक्षा शिक्षकको नै महत्वपूर्ण भूमिका रहने कुरामा कुनै सन्देह रहदैन । नमुना अध्ययन गरिएका विद्यालयका कक्षा १ का सबै कक्षाहरुमा कक्षा शिक्षकको सक्रियतामा विषगत कुनाको व्यवस्था गरिएको देखिन्छ । यसले सिकाइउपलब्धि वृद्धिहुने समेत स्पष्ट छ ।

### ४.१.३. शैक्षिक सामग्रीको व्यवस्थापन

शैक्षिक सामग्री शिक्षण सिकाइको महत्वपूर्ण एवं आवश्यकीय साधन भएकाले विद्यालयमा यसको निर्माण र प्रयोग गरी कक्षा शिक्षणलाई व्यवस्थित वनाउन सकिन्छ । यसले कक्षा शिक्षण सफल, प्रभावकारी र अर्थपूर्ण बनाउन मद्दत गर्छ । यस्ता सामग्री निर्माणमा सकेसम्म स्थानीय स्रोत र साधनको उपयोग गरी बिद्यार्थी समेतको सहभागितामा हुन सके सिकाइलाई अझ व्यवस्थित र दिगो बनाउन सकिन्छ । नमुना विद्यालयमा कक्षा शिक्षण संचालित कक्षाहरुमा शैक्षिक सामग्रीको निर्माण, प्रयोग एवं व्यवस्थापनका सम्बन्धमा अवस्था पहिचान गर्न गरिएको अध्ययनवाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्दा निम्नानुसार देखिन्छ :

तलिका ८. कक्षा १ को सिकाइ सामग्री व्यस्थापन सम्बन्धी विवरण

| क्र. सं. | विद्यालय | सन्देश वोर्ड | सिकाइ सामग्री बाकस | विद्यार्थी निर्मित सिकाइसामग्री | शिक्षक निर्मित सिकाइसामग्री | खरिद/ प्राप्त सिकाइसामग्री | सिकाइसामग्रीको प्रयोग व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| १ | कचना महादेव मा.वि.,इटहरी | प्रयोगमा रहेको | ३ ओटा बाकस प्रयोगमा रहेको | किताब बनाई प्रयोग गरिएको | निर्माण र प्रयोग गरिएको | प्रयोग र व्यस्थापन गरिएको | उपयुक्त ढंगले गरिएको |
| २ | सरस्वती मा.वि.बौका, इटहरी | प्रयोगमा रहेको | २ ओटा बाकस प्रयोगमा रहेको | नभएको | निर्माण र प्रयोग गरिएको | प्रयोग र व्यस्थापन गरिएको | उपयुक्त ढंगले गरिएको |
| ३ | कविर मा.वि.,इटहरी | प्रयोगमा रहेको | २ ओटा बाकस प्रयोगमा रहेको | निर्माण र प्रयोग गरिएको | निर्माण र प्रयोग गरिएको | प्रयोग र व्यस्थापन गरिएको | उपयुक्त ढंगले गरिएको |
| ४ | शारदा बालिका उमावि धरान | प्रयोगमा रहेको | ३ ओटा बाकस प्रयोगमा रहेको | निर्माण र प्रयोग गरिएको | निर्माण र प्रयोग गरिएको | प्रयोग र व्यस्थापन गरिएको | उपयुक्त ढंगले गरिएको |
| ५ | निमावि ,शिवनगर, भा.सि. | प्रयोगमा रहेको | २ ओटा बाकस प्रयोगमा रहेको | थोरै मात्रामा निर्माण र प्रयोग गरिएको | निर्माण र प्रयोग गरिएको | प्रयोग र व्यस्थापन गरिएको | उपयुक्त ढंगले गरिएको |

स्थलगत सर्वेक्षण, २०६८

तालिका ८ लाई विश्लेषण गर्दा नमुना अध्ययन गरिएका ५ ओटै विद्यालयमा कक्षा १ को कक्षाकोठामा कक्षा शिक्षकले दैनिक पाठयोजनाका रुपमा तयार गरेको कुरालाई प्रस्तुत गर्ने साधनको रुपमा दैनिक प्रयोग गरिने साधन सन्देश बोर्ड एक–एक ओटा प्रयोगमा रहेको

देखिन्छ भने शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक र विद्यार्थीले दैनिक प्रयोग गर्ने सिकाइ सामग्रीको बाकस दुई विद्यालयमा ३ ओटा र तीन विद्यालयमा २ ओटा नियमित रुपमा प्रयोगमा रहेको देखिन्छ । बालकेन्द्रित शिक्षण क्रियाकलापमा बालबालिकालाई सिर्जनशिल बनाई सिकाइलाई स्थायी बनाउन उनीहरुले सिकेका ज्ञानलाई प्रयोगात्मक रुपमा निर्माण गराई त्यस्ता सामग्रीहरुलाई कक्षाकोठामा नै व्यवस्थित रुपमा राखी सिकाइ सामग्रीका रुपमा प्रयोग गर्ने गरिन्छ । नमुना ५ विद्यालयहरु मध्ये सरस्वती मा. वि. इटहरी बाहेक अन्य विद्यालयमा विद्यार्थी निर्मित सिकाइ सामग्रीको निर्माण र प्रयोग गरेको देखिन्छ । शिक्षणसिकाई क्रियाकलापमा आबश्यक पर्ने सिकाइ सामग्रीहरु निर्माणगरी प्रभावकारी शिक्षण गर्न कक्षा शिक्षकहरुलाई तालिम प्रदान गरी आवश्यक सहयोग समेत प्रदान गरिएकाले नमुना ५ विद्यालय सबैमा कक्षाशिक्षकले सिकाइ सामग्री निमार्ण र प्रयोग गरेको देखिन्छ । सिकाइ सामग्री बाकस, विद्यार्थी निर्मित सिकाइ सामग्री र शिक्षक निर्मित सिकाइ सामग्री बाहेक अन्य आवश्यक पर्ने सिकाइ सामग्रीहरु विद्यालयको स्रोतबाट खरिद गरी प्रयोग गरेको देखिन्छ । यस्ता सिकाइ सामग्रीहरु ५ ओटै विद्यालयहरुमा उपयुक्त ढंगले प्रयोग र व्यवस्थापन गरिएको देखिन्छ । यसरी हेर्दा सिकाइ सामग्री निमार्ण, प्रयोग र व्यवस्थापनमा कक्षा शिक्षकको अहम भूमिका रहेको पाइन्छ ।

### ४.१.४. शिक्षक विद्यार्थी सम्बन्ध तथा विद्यार्थी नियमितता

शिक्षक विद्यार्थी सम्बन्धले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमितता अर्थात उपस्थिति दरलाई प्रभाव पारेको हुन्छ । कक्षा शिक्षक र विद्यार्थी बीचको सम्बन्ध जती सुमधुर र आत्मीय रहन्छ त्यतीनै विद्यार्थीको नियमिततामा बृद्धी भएको देखिन्छ । नमुना अध्ययन गरिएका विद्यालमा कार्यरत कक्षा शिक्षक र विद्यार्थीहरुको सम्बन्ध र विद्यार्थी नियमितताका सम्बन्धमा विद्यार्थी उपस्थिति दरको अध्ययन एवं शिक्षक, विद्यार्थी, प्र.अ., वि.व्य.स. ⁄ अभिभावकको धारणा बुझ्दा यस प्रकार पाइयो :

तालिका ९. कक्षा १ को विद्यार्थी नियमितता दर

| क.स.. | विद्यालय | शैक्षिक सत्र | विद्यार्थी संख्या | कक्षा संचालन भएको दिन | औसत उपस्थित दिन | नियमितता दर |
|---|---|---|---|---|---|---|
| १ | कचना महादेव मा.वि.,इटहरी | २०६५ | ८७ | १९८ | १५२ | ७६.७७ |
| | | २०६६ | ६२ | २०१ | १५५ | ७७.११ |
| | | २०६७ | ६२ | २०३ | १५६ | ७६.८५ |
| २ | सरस्वती मा.वि.बौका, इटहरी | २०६५ | २२ | १९४ | १४८ | ७६.२९ |
| | | २०६६ | ४० | १९९ | १५० | ७५.३८ |
| | | २०६७ | २२ | २०२ | १५३ | ७५.७४ |
| ३ | कविर मा.वि.,इटहरी | २०६५ | ३९ | १९६ | १४४ | ७३.४७ |
| | | २०६६ | ४२ | १९८ | १४६ | ७३.७४ |
| | | २०६७ | ३४ | २०२ | १५४ | ७६.२४ |
| ४ | शारदा बालिका उमावि धरान | २०६५ | २४ | १९९ | १५३ | ७६.८८ |
| | | २०६६ | २५ | २०२ | १५६ | ७७.२३ |
| | | २०६७ | २५ | २०६ | १५८ | ७६.७० |
| ५ | निमावि ,शिवनगर, भादगाउँसिनवारी | २०६५ | ३५ | १९७ | १३५ | ६८.५३ |
| | | २०६६ | ३० | १९९ | १४१ | ७०.८५ |
| | | २०६७ | ३६ | २०१ | १५१ | ७५.१२ |
| | जम्मा | २०६५ | २०७ | १९७ | १४६ | ७४.११ |
| | | २०६६ | १९९ | २०० | १५० | ७५.०० |
| | | २०६७ | १७९ | २०३ | १५४ | ७५.८६ |

विद्यालय सर्वेक्षण ,२०६८

तालिका ९ लाई विश्लेषण गर्दा नमुना अध्ययन गरिएका ५ ओटै विद्यालयमा कक्षा १ विद्यार्थी नियमितता दर अर्थात विद्यार्थी उपस्थिति दर अन्य कक्षाको भन्दा राम्रो देखिन्छ । बर्तमानमा देशको विषम परिस्थितिमा निरन्तर रुपमा हुने गरेको बन्द हड्तालका बाबजुद शिक्षा ऐन नियमावली एवं निर्देशिकामा तोकिए अनुसार न्यूनतम १९२ दिन विद्यालयमा पठनपाठन हुनु पर्नेमा सो भन्दा बढी दिन पठनपाठन भएको र विद्यार्थीको उपस्थिति दर पनि संतोषजनक नै पाउनु सकारात्मक पक्ष मान्न सकिन्छ । त्यस्तै शैक्षिक सत्र २०६५,२०६६ र २०६७ मा कक्षा संचालन भएको दिन र विद्यार्थीको औसत उपस्थिति दिन पनि क्रमशः ३ र ४ दिन बृद्धी हुनु पनि सबल पक्ष मान्न सकिन्छ । यसै सन्दर्भमा प्रधानाध्यापकसंग छलफल गर्दा यो अवस्था आउनुमा बालमैत्री कक्षा शिक्षण र कक्षा शिक्षकको महत्वपूर्ण भूमिका रहेको छ भन्ने धारणा रहेको पाइयो । यसैगरी कक्षा १ मा अध्ययनरत बालबालिकाहरुसंग कुराकानी गर्दा ९० प्रतिशत बालबालिकाहरुले विद्यालयमा मिसले माया गर्नु हुने र साथीहरुसंग कक्षामा रमाईलोसंग खेल्दै पढ्न पाउने भएकाले घरमा भन्दा विद्यालयमा नै आउन मन पर्ने धारणा रहेको पाइयो । कार्यरत कक्षा शिक्षकहरुसंग छलफल गर्दा पाचै जना शिक्षकहरुले तलिममा सिके अनुसार सबै विद्यार्थीहरुसंग साथीको जस्तो व्यवहार गरी रमाईलो वातावरणमा शिक्षण

गर्ने गरेकाले विद्यार्थी नियमित रुपमा विद्यालयमा आउने गरेको भनाइ रहेको पाइयो । यसैगरी अधिकांश वि.व्य.स.पदाधिकारी/अभिभावकहरुले सेवाक्षेत्रका अभिभावकसंग विद्यार्थी नियमितताका सम्बन्धमा विद्यालयको बार्षिकउत्सव, अभिभावक भेला एवं अन्य भेला समारोहमा छलफल, अन्तरक्रिया तथा अनुरोध गर्ने गरेको धारणा व्यक्त गरेको पाइयो ।

### ४.१.५ वि.व्य.स.पदाधिकारी र अभिभावकको धारणा

शिक्षा नियमावलीमा उल्लेख गरिए अनुसार विद्यालयको निरीक्षण, अनुगमन, रेखदेख, संचालन गर्न हरेक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने प्रावधान रहेको छ । जसले विद्यालयलाई असल नेतृत्व प्रदान गर्दै विद्यालयमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा सकरात्मक जोड दिनुपर्ने हुन्छ । यसैगरी विद्यालयको मुख्य आधार र स्रोत भनेकै त्यस विद्यालयका अभिभावकहरु हुन् । त्यसैले कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा नमूना क्षेत्र भित्र परेका विद्यालयका व्यवस्थापन समितिका पदधिकारीहरु र अभिभावकहरुको के धारणा रहेछ ? कसरी सहयोग प्रदान गर्दै आएका छन् ? भन्ने वारेमा अध्ययन गरी प्राप्त सूचनाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

इटहरी, धरान नगरपालिका भित्र ४ वटा र भादगाउँसिनवारी को १ वटा (नमुना विद्यालय) मध्ये ५ वटै विद्यालयमा समिति गठन भएको पाइयो । कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा अनुसूची ३ मा उल्लिखित १० प्रश्नका आधारमा व्यक्त विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवं अभिभावकहरुको धारणालाई यसरी समेटिएको छ ।

तपाईंको विद्यालयमा बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रिया लागू हुनु अघि र भएपछि मा के फरक पाउनु भएकोछ ? भन्ने प्रश्नमा कविर मा.वि. इटहरीका वि.व्य.स. अध्यक्ष को भनाइ अनुसार कक्षा शिक्षकको भूमिकाबाटै हाम्रा नानीहरु विद्यालय आउन रुचाउने, नभाग्ने, मिलेर बस्ने, पढ्न मन गर्ने भएकाले कक्षा शिक्षकको भूमिका राम्रो लाग्छ भन्नु हुन्छ भने शारदा बालिका उ.मा.वि. धरानका अभिभावक रमेश दहालको भनाइ कक्षा शिक्षकको भूमिकानै निर्णायक भूमिका रहेको हुन्छ भन्ने पाइयो । यस्तै कचना महादेव मा.वि. इटहरी र नि.मा.वि. शिवनगरका अभिभावकहरु कक्षा शिक्षकको भूमिका राम्रो रहेको बताउनु हुन्छ । सरस्वती

मा.वि. इटहरीका विं.व्य.स. अध्यक्षले कक्षा शिक्षकको भूमिका प्रभावकारी छ तर जति हुनु पर्ने हो त्यती नभएको बताउनु हुन्छ ।

उल्लिखित धारणाहरुबाट के भन्न सकिन्छ भने बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका महत्वपूर्ण र प्रभावकारी रहेको देखिन्छ भने यसलाई अझ सशक्त बनाउन बार्षिक कम्तिमा पनि एक पटक कक्षा शिक्षकहरुलाई पुर्नताजगी तालिममा सहभागी गराई, नियमित अनुगमन गरी पृष्ठपोषण दिनु पर्ने देखिन्छ ।

### ४.१.६. प्रधानाध्यापकको धारणा

विद्यालयको दैनिक प्रशासन सचालन गर्ने मूख्य जिम्मेवारी प्र अ. को हुन्छ । उसले आफ्नो विद्यालयमा रहेका शिक्षक कर्मचारीको मानवीय ढंगवाट परिचालन गर्दै उपलव्ध स्रोत र साधनको उच्चतम उपयोग गरी विद्यालयको भौतिक एवं शैक्षिक बिकास गर्न सक्दछ । कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा अनुसूची १ मा उल्लिखित १० प्रश्नका आधारमा व्यक्त प्रधानाध्यापकको धारणा बुझ्दा यस प्रकार पाइयो ।

नमुना अध्ययन गरिएका ५ ओटै विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुले बालमैत्री शिक्षण शिक्षण सिकाइ कार्यक्रम सम्बन्धी ५ दिने तालिम लिइसक्नु भएकाले यस कार्यक्रमप्रति प्रधानाध्यापहरु प्रतिबद्ध रहनु भएको पाइन्छ । बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका कस्तो पाउनु भएकोछ ? भन्ने प्रश्नमा ६० प्रतिशत प्रधानाध्यापले उत्तम भन्नु भएको छ भने ४० प्रतिशत प्रधानाध्यकले मध्यम रहेको धारणा व्यक्त गरेको पाइयो । यसैगरी कक्षा शिक्षकको कक्षा अवलोकन/निरीक्षण गर्ने गर्नुभएको छ ? भन्ने प्रश्नमा ५ ओटै विद्यालयका प्रधानाध्यापकहरुले साप्ताहिक रुपमा कक्षा शिक्षकको कक्षा अवलोकन/निरीक्षण गर्ने गरेको धारणा व्यक्त गरेको पाइयो । कक्षा निरीक्षण पछि के कस्ता सुझावहरु दिने गर्नु भएको छ ? भन्ने प्रश्नमा सिकाइ सामग्री निर्माण,प्रयोग र व्यवस्थापन सम्बन्धी, विद्यार्थी मूल्याङ्कन सम्बन्धी, शिक्षण विधि सम्बन्धी र पाठयोजना सम्बन्धी पक्षहरुमा सुधार, निरन्तरता एवं परिमार्जन गर्ने सुझावहरु दिने गरेको धारणा सुनाएको पाइयो ।

कक्षा शिक्षकको भूमिकालाइ अझ बृद्धिगर्न के गर्नु पर्ला ? भन्ने प्रश्नका सम्बन्धमा प्रधानाध्यापकहरुको धारणा यस्तो पाइयो । सरस्वती मा.वि. इटहरीका प्रधानाध्यापक लेखनाथ भट्टराईले कक्षा शिक्षकले आफूलाई Up to date राख्नु पर्ने, Daily routine लाई अक्षरशः

कार्यान्वयन गर्नुपर्ने र लेखन पक्षमा अझ ध्यान दिनु पर्ने जस्ता सुझाव दिनुभयो । नि.मा.वि.,शिवनगर,भादगाउँसिनवारीका प्रधानाध्यापक फागुलाल चौधरीले कक्षा शिक्षकको कक्षा अनुगमन गरेपछि शिक्षकलाई प्रोत्साहन गर्ने, बेलाबेलामा बालमैत्री पुर्नताजगी तालिममा सहभागी गराउने, कक्षाकोठामा अपुग सामग्रीको व्यवस्था गरिदिने एवं अभिभावक भेला गराउनमा सहयोग गर्ने कार्य गरिनुपर्छ भन्ने धारणा राख्नुभयो । यसैगरी कबिर मा.वि. इटहरीका प्रधानाध्यापक नेत्रप्रसाद कोईरालाको धारणा कक्षा शिक्षकलाई प्रत्येक बर्ष शैक्षिक सामाग्री, पाठ नोटको निर्माण,प्रयोग र व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने भन्ने पाइयो । कचना महादेव मा.वि. इटहरीका प्रधानाध्यापक केशवप्रसाद सुवेदीका अनुसार कक्षा शिक्षकलाई बार्षिक रुपमा पुर्नताजगी तालिमको व्यवस्था हुनुपर्ने सुझाव दिनुहुन्छ भने शारदा वालिका उ.मा.वि. धरानका प्रधानाध्यापक मेघराज भट्टराई तालिममा नै जोड दिदै एउटै कक्षामा सधैं पढाउन लगाउनुको सट्टा कक्षा परिवर्तन गराउदै लैजानु पर्ने धारणा सुझावका रुपमा व्यक्त गर्नु भएको पाईन्छ ।

### ४.१.७. कक्षा शिक्षकको धारणा

समग्र शैक्षिक क्षेत्रको वास्तविक प्रयोगकर्ता नै शिक्षक हो । कक्षाकोठा भित्र शिक्षकले खेल्ने भूमिकाका आधारमा शिक्षाको प्रतिफल प्राप्त हुने गर्दछ । बालमैत्री कक्षा शिक्षणमा त कक्षा शिक्षक नै प्रमुख नायकका रुपमा रहेको हुन्छ । डा.काफ्लेका अनुसार शिक्षण क्रियाकलापको प्रमुख कारकका रुपमा मात्र शिक्षकलाई नहेरी उसलाई व्यवसायिक रुपमा सक्षम बनाएमा मात्र शिक्षण सिकाइको मर्म पूरा हुन सक्छ । शिक्षकको भूमिका सूचनाकर्ताको रुपमा, विद्यार्थीको सहयोगीका रुपमा, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रुपमा प्रस्तुत हुन सकेमा शिक्षण सिकाइ कार्य अर्थपूर्ण हुने कुराको अपेक्षा गरिन्छ । अतः कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा अनुसूची २ मा उल्लेखित १४ प्रश्नका आधारमा व्यक्त कक्षा शिक्षकहरुको धारणा बुझ्दा यस प्रकार पाइयो ।

नमुना अध्ययनका ५ ओटै विद्यालयमा हाल कार्यरत कक्षा १ का कक्षा शिक्षकहरुले बालमैत्री शिक्षण सिकाइ पकिया सम्बन्धी १२ दिने तालिम र ६ दिने पुर्नताजगी तालिम प्राप्त गर्नु भएको पाइन्छ । कक्षा शिक्षकको रुपमा कार्यगर्दा तपाईलाई कस्तो महशूस भएको छ ? भन्ने प्रश्नमा सत्प्रतिशत शिक्षकहरुले रमाईलो भइरहेको धारणा व्यक्त गरेको पाइन्छ । बालमैत्री

कक्षामा कक्षा शिक्षकको भूमिका कस्तो पाउनु भएकोछ ? भन्ने प्रश्नमा छलफल गर्दा ६० प्रतिशत शिक्षकले मध्यम र ४० प्रतिशत शिक्षकले उत्तम रहेको धारणा रख्नु भएको पाइयो । यस्तै कक्षा शिक्षकको भूमिकालाइ अझ बृद्धि गर्न के गर्नु पर्ला ? भन्ने प्रश्नमा छलफल गर्दा सरस्वती मा.वि. इटहरीका कक्षाशिक्षक सीता आचार्यले समय समयमा पुर्नताजगी तालिम दिइरहनु पर्ने धारणा दिनुभयो । नि.मा.वि.,शिवनगर,भादगाउँसिनवारीका कक्षा शिक्षक नितु केशीले कक्षा शिक्षकको कक्षा अनुगमन गरेपछि शिक्षकलाई सुझाव र सल्लाह दिने, बेलाबेलामा बालमैत्री पुर्नताजगी तालिममा सहभागी गराउने, राम्रो काम गर्ने कक्षा शिक्षकलाई प्रोत्साहन र मूल्याङ्कनगरी पुरस्कारको व्यवस्था हुनुपर्ने भन्ने धारणा राख्नुभयो । यसैगरी कबिर मा.वि. इटहरीका कक्षा शिक्षक सावित्रा आछामेको धारणा माथिल्लो निकायबाट शिक्षकलाई अनुगमन र पृष्ठपोषण प्रदान गरिनुपर्ने र पुर्नताजगी तालिमको व्यवस्था हुनुपर्ने भन्ने पाइयो । कचना महादेव मा.वि. इटहरीका कक्षा शिक्षक द्धय होमा केशी र शकुन्तला पोखेलका अनुसार कक्षा शिक्षकलाई उचित तालिमको व्यवस्था, विभिन्न गोष्टी सेमिनारमा भागलिन पाउने अवसर प्राप्त हुनुपर्ने सुझाव दिनुहुन्छ भने शारदा वालिका उ.मा.वि. धरानका कक्षा शिक्षक अर्चना ढकाल निरन्तर रुपमा सुपरीवेक्षण गरी शिक्षणमा आईपरेका समस्याहरु हल गर्नुपर्ने एवं शिक्षकलाई पुर्नबल दिन पुरस्कार/प्रोत्साहनको व्यवस्था हुनुपर्ने धारणा सुझावका रुपमा व्यक्त गर्नु भएको पाइन्छ ।

### ४.१.८ विद्यार्थीको धारणा

शिक्षा पद्धतिमा समाजवाट गरिएको लगानी बिद्यार्थी भएकाले तिनीहरुको उचित व्यवस्थापन हुनपर्छ । त्यसले मात्र समाज र राज्यको लागि आवश्यक सीपयुक्त, दक्ष जनशक्तिको उत्पादनमा टेवा पुग्छ । बालवालिकाको रुची,चाहना एवं क्षमता अनुसारको शिक्षा प्रदान गर्नु नै बालमैत्री शिक्षणको आधारशिला हो । त्यसैले कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा नमुना विद्यालयमा कक्षा १ मा अध्ययनरत विद्यार्थीहरुको अनुसूची ५ मा उल्लिखित १० प्रश्नका आधारमा धारणा बुझ्दा यस प्रकार पाइयो ।

बिद्यालय र कक्षा कोठाको वतावरण रमाईलो

छ ☐ छैन ☐ उस्तै छ ☐

यस प्रश्नमा विद्यार्थीहरुसंग छलफल गर्दा नमुना अध्ययनका ५ विद्यालयका शतप्रतिसत विद्यार्थीले छ भन्ने धारणा व्यक्त गरेको पाइयो । यसैगरी आफ्ना मनमा लागेका कुरा

शिक्षकसंग सजिलै भन्न सक्छौ ? भन्ने प्रश्नमा ९८ प्रतिशत विद्यार्थीले सक्छौ भन्ने भनाइ राखे भने २ प्रतिशत विद्यार्थीले कुनै जवाफ दिएनन् । विद्यालय नियमितताका सम्बन्धमा सोधिएको प्रश्नमा अधिकांश विद्यार्थीले विद्यालय सधैं आउने गरेको जवाफ पाइयो भने विद्यालय सधैं आउनाको कारणका सम्बन्धमा ८० प्रतिशत विद्यार्थीले विद्यालय/कक्षामा रमाईलो हुने भएकाले भन्ने जवाफ दिए भने १८ प्रतिशतले घरबाट विद्यालय पठाएकाले भन्ने जवाफ दिएको पाइयो । कक्षामा शिक्षकले माया गर्ने गरेकाले , खेल्न पाउने भएकाले, पढ्कालागि जस्ता जवाफ पनि विद्यार्थीहरुबाट पाइयो । यसरी हेर्दा  बिरुवारुपी बालबालिकाहरुलाई स्वतन्त्र वाताबरणमा खेल्ने र हुर्कने मौका दिनु पर्छ । बालबालिकाहरुलाई स्वतन्त्रतापूर्वक हुर्किने बातावरण तयार गरिदिनुपर्छ । जहाँ बालबालिकाहरु स्वतःस्फूर्त रुपमा बिभिन्न क्रियाकलाप र खेलको माध्यमबाट धेरै कुराहरु सिक्दै जान्छन् भन्ने फ्रोबेलको विचार अनुसार कक्षा शिक्षक एक मालिको रुपमा रही  कार्य गर्दा बालवालिकाहरु स्वतःस्फूर्त रुपमा नियमित विद्यालय आउने गरेको तथ्य प्रमाणित हुन आउँछ ।

### ४.१.९.विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिको धारणा

कुनै पनि संगठन नियमित रुपमा सञ्चालन भए नभएको मूल्याङ्कन गर्न नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्दछ । विद्यालय एउटा संगठन भएकोले यसको सञ्चालन प्रभावकारी ढंगले भए नभएको हेर्नु पर्दछ । यसको लागि शिक्षा ऐन नियमावलीले प्रत्येक जिल्ला/स्रोतकेन्द्रमा विद्यालय निरीक्षक एवं स्रोतव्यक्तिको व्यवस्था गरेको छ । विद्यालय निरीक्षक एवं स्रोतव्यक्ति विद्यालयका अभिन्न अंग हुन् । त्यसैले कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा नमुना विद्यालयका क्षेत्रमा कार्यरत विद्यालय निरीक्षक एवं स्रोतव्यक्तिहरुसंग  अनुसूची ४ मा उल्लेखित १० प्रश्नका आधारमा धारणा बुझ्दा यस प्रकार पाइयो ।

नमुना अध्ययनका ५ विद्यालयहरु मध्ये शारदा बालिका उ.मा.वि. धरान स्रोतकेन्द्रमा , कचना महादेव मा.वि. इटहरी, कविर मा.वि. इटहरी र सरस्वती मा.वि. इटहरी इटहरी स्रोतकेन्द्रमा र नि.मा.वि. शिवनगर भादगाउँसिावारी स्रोतकेन्द्र अन्तर्गत पर्ने भएकाले तत् तत् स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुसंग छलफल गर्दा बालमैत्री शिक्षण क्रियाकलाप संचालित विद्यालयको शैक्षिक स्तर अन्य विद्यालयको भन्दा अपेक्षाकृत  राम्रो रहेको धारणा व्यक्त गरेको पाइयो । धरान स्रोतकेन्द्रका विद्यालय निरीक्षक रुद्र राई र स्रोतव्यक्ति महेन्द्रदत्त

कायस्तको धारणा अनुसार बालमैत्री कक्षामा कार्यरत शिक्षकहरु मेहनती, लगनशिल एवं तालिम प्राप्त भएकाले उनिहरुको शिक्षण सिकाइ प्रक्रिया बालकेन्द्रित रहेको, सिकइ सामग्रीको निर्माण,प्रयोग एवं व्यवस्थापन राम्रो भएको भन्ने पाइयो भने इटहरी स्रोतकेन्द्रका स्रोतव्यक्ति जनक बस्नेत र विद्यालय निरीक्षक खगेन्द्रराज दहालको धारणा बालमैत्री कक्षामा कक्षा शिक्षकले सहजकर्ता, मार्गनिर्देशक तथा योजनाकारको रुपमा कार्य गरेकाले विद्यार्थीको सिकाइ उपलब्धी दर, नियमितता दर राम्रो रहेको भन्ने पाइयो । यसैगरी भादगाउँसिनवारी स्रोतकेन्द्रका स्रोतव्यक्ति रतनलाल चौधरी पनि कक्षा शिक्षकको भूमिकाका सम्बन्धमा सकारात्मक धारणा राख्दै उनीहरुको भूमिकालाई अझ सशक्त बनाउन नियमित निरीक्षण/अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनु पर्ने साथै कम्तिमा बार्षिक रुपमा पुर्नताजगी तालिम दिनु पर्ने धारणा राखेको पाइयो ।

## ४.२.परम्परागत कक्षा र बालकेन्द्रित कक्षाका कक्षा शिक्षकको भूमिकाको तुलना

अनुसन्धानका क्रममा विद्यालयका सरोकारवालाहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, प्रधानाध्यापक, विद्यार्थी, विद्यालय निरीक्षक/स्रोतव्यक्ति र कक्षा शिक्षकहरुसंग अन्तर्वाता, प्रश्नावली, छलफल, स्थलगत सर्वेक्षण एवं विद्यालय र जिल्ला शिक्षा कार्यालयको अभिलेख मार्फत संकलित तथ्याङ्कबाट परम्परागत कक्षा र बालकेन्द्रित कक्षाका कक्षा शिक्षकको भूमिकाको सम्बन्धमा सरोकारवालाहरुले व्यक्त गरेका धारणालाई यस अध्ययनमा समेटिएको छ ।

### ४.२.१. बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलाप कार्यक्रमको लागि विद्यालय छनौटको आधार, तालिम, समय र सामग्री

बालकेन्द्रित कार्यक्रमको लागि विद्यालय छनौटको आधार

- आवश्यक दरवन्दि अनुसारको शिक्षक सङ्ख्या भएको ।
- कक्षा शिक्षण गर्न तयार ।
- वि.व्य.स. समिति र प्र.अ.को सिफारिस भएको ।
- शिक्षक विद्यार्थी अनुपात सुहाँउदो र उचित कक्षाकोठाको व्यवस्था भएको ।
- कक्षा १ र २ मा कक्षा शिक्षण गर्ने शिक्षकको प्रतिवद्धता ।
- महिला शिक्षिकालाई प्राथमिकता ।

तालिम

- १२ दिनको आवाशीय आधारभूत
- दिनको आवाशीय पुनरर्ताजगि

अनुगमन/निरिक्षण

- आइ.एफ.सि.डि. बाट नमूना छनौटको आधारमा ।
- यूनिसेफबाट नमुना छनौटको आधारमा ।
- जि.शि.अ., वि.नि.फोकल पर्सनबाट ।
- स्रोतव्यक्ति, प्र.अ. तथा ग्रामिण सहजकर्ताबाट ।

शिक्षण सिकाई क्रियाकलाप

- गुणात्मक प्राथमिक शिक्षाको अवधारणा/सूचकहरू निर्माण र
- प्राथमिक शिक्षा पाठ्यक्रमका पाठ्यभार फरक नहुनेगरी कक्षाको विषयगत दैनिक समय तालिकामा परिवर्तन ।

(प्राथमिक शिक्षा पाठ्यक्रमले तोकेको विषय, पाठ्यभार र बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया अनुसार निर्धारित समय तालिका तालिका १० मा राखिएको छ ।)

तालिका १० प्राथमिक शिक्षा पाठ्यक्रमले तोकेको विषय, पाठ्यभार र बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया अनुसार निर्धारित समय तालिका

| क्र.स. | विषय | पाठ्यभार | साप्ताहिक घण्टि | साप्ताहिक समय | पूर्णङ्क |
|---|---|---|---|---|---|
| १. | नेपाली | ८ | १ दिन X ९० मिनेट X ४ दिन | ३६० मिनेट | १०० |
| २. | गणित | ६ | १ दिन X ६० मिनेट X ४ दिन १ दिन X ३० मिनेट | २७० मिनेट | १०० |
| ३. | क. सामाजिक अध्ययन<br>ख. विज्ञान तथा वातावरण | ३<br>१ | १ दिन X ४५ मिनेट X ६ दिन | २७० मिनेट | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग. स्वास्थ्य शिक्षा | | | | |
| ४. | अंग्रेजी | ५ | १ दिन X ९० मिनेट X २ दिन<br>१ दिन X ४५ मिनेट | २२५ मिनेट | १०० |
| ५. | क. सृ.अ.क.<br>ख. शारिरीक शिक्षा | ३<br>२ | १ दिन X ४५ मिनेट X ३ दिन<br>१ दिन X ३० मिनेट X ३ दिन | २२५ मिनेट | १०० |
| | जम्मा | ३४ | १ हप्तामा ४५ मिनेटका दरले ३४ घण्टी (१ दिनमा ४ घण्टा २५ मिनेट कक्षा सञ्चालन हुनुपर्ने छ) | १५३० मिनेट | १०० |

तालिका १० मा उल्लेख भएका विषय, पाठ्यभार र पूर्णाङ्क प्राथमिक शिक्षा पाठ्यक्रमले तोके अनुसार नै कायम राखि  बालकेन्द्रित शिक्षण सिकाइ प्रकियामा साप्ताहिक घण्टि र साप्ताहिक समयमा तालिकामा उल्लेख भएअनुसार कायम गर्दा एक शैक्षिक वर्षमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पढाई सञ्चालन हुनुपर्छ । यस हिसावले कक्षा १–३ मा वार्षिक ८१६ घण्टा पढाई सञ्चालन गर्नुपर्ने  छ । यो समय तालिकाको आधारमा शिक्षण कार्य गर्नुपर्ने धारणा छ ।

### ४.२.२. विषयगत शिक्षण क्रियाकलापहरू निर्माण

वालवालिकाहरूको सशक्तिकरण गर्ने तरिका

- कक्षामा बालवालिकाहरूको स्वागत ।
- कक्षामा बालवालिकाहरूको परिचय  ।
- बालवालिकाहरूलाई विद्यालयहरूको वातावरण सहित परिचय ।
- कक्षा वैठक ।
- कार्य जिम्मेवारी र जिम्मेवारी वहन ।
- कक्षाकोठाको नियम ।

कक्षाका नियमित क्रियाकलाप

- शिक्षक विद्यार्थी अन्तरक्रिया कृयाकलाप ।
- समाचार आदान प्रदान ।

- कथावाचन ।
- श्रृजनात्मक लेखन ।

सहभागितामूलक बालमैत्री शिक्षण सिकाइ कृयाकलाप


- भाषा । (नेपाली/अंग्रेजी)
- गणित
- सामाजिक शिक्षा
- सिर्जनात्मक अभिव्यक्तिशिलकला

बालमैत्री शिक्षण क्रियाकलाप संचालनका लागि अनुसूची १२ अनुसार कक्षा क्रियाकलापको लागि निर्धारित समय अनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्ने हुन्छ ।

**४.२ ३. बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयनअवस्था:**

सुनसरी जिल्लामा सञ्चालित बालमैत्रीपूर्ण शिक्षण सिकाई प्रक्रियाको अध्ययन गर्दा यस कार्यक्रमको कार्यान्वयनको शिक्षण सिकाइ प्रक्रिया, भौतिक पूर्वाधार, शैक्षिक सामग्री, शैक्षिक योजना र सङ्गठनको अवस्था छोटकरीमा निम्नानुसार रहेको देखिन्छ ::

चित्र २ कक्षाकोठा व्यवस्थापन




माथिको चार्ट र तथ्यहरूको आधारमा हेर्दा बालकेन्द्रित सिकाइको लागि भौतिक पूर्वाधार, सिकाइ सामग्री, कक्षाकोठा व्यवस्थापन सम्बन्धमा प्रष्टपार्न सकिन्छ । कक्षाकोठाको सजावट

बालकेन्द्रित तरिकाले गरेको देखियो । सूचना पाटी, मौसम वोर्ड, पुस्तकालयको प्रयोग आंशिक रुपमा भएको देखिन्छ । भुई व्यवस्थापन अन्तर्गत कार्पेटिङको व्यवस्था गरिएको, सिकाइ सामग्रीहरू प्रयोग गरिएको, दैनिक कक्षा तालिकाको उपर्युक्त प्रयोगबाट वालकेन्द्रित सिकाइ गरिएको देखिन्छ । वसाइ व्यवस्थापन हेर्दा अन्तरक्रियात्मक बसाइको लागि यु आकार, भि आकार, गोलाकार, आम्नेसाम्ने जस्ता वसाइ गरिएको पाइयो । विद्यार्थी निर्मित सामग्री र शिक्षण क्रियाकलापलाई जोड दिन बालबालिका सुहाउँदो Low blackboard को उचित व्स्था गरिएको देखियो । करिब ६६% विद्यालयमा शैक्षिक सामग्रीहरूको प्रयोग उपयुक्त देखियो भने अन्यमा आंशिक प्रयोग भएको देखियो ।

कक्षाकोठाको सजावटको पक्ष हेर्दा भित्तामा शैक्षिक सामग्रीको रुपमा चार्ट, ग्राफ, शिक्षक तथा विद्यार्थी निर्मित सामग्री प्रदर्शन गरिएको देखियो । पुस्तकालयको प्रयोग ज्यादै न्युन रहेको ( करिब ३४.५ मात्र) देखियो । विद्यार्थी केन्द्रित शिक्षण विधि सबै विद्यालयहरूमा भएको पाइयो । खेलविधि, नाटकीय विधि, छलफल विधि, अन्तरक्रिया विधि, सामग्री केन्द्रित विधि आदिलाई कुनै न कुनै रुपमा प्रयोग गरिएको देखियो ।

तालिका ११. नमुना विद्यालयहरूमा विद्यार्थीको नियमितताको तुलनात्मक स्थितिः

| क्र.स. | विद्यालय | शै.स. २०६३ | | | | शै.स.२०६४ | | | | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थी कक्षा-१ | कक्षा संचालन भएको दिन | औसत उपस्थित दिन | नियमितता दर | विद्यार्थी कक्षा-१ | कक्षा संचालन भएको दिन | औसत उपस्थित दिन | नियमितता दर | % मा |
| १ | कचना महादेव मा.वि. | ६६ | १९४ | १५५ | ७९.९ | ६८ | १९९ | १६१ | ८०.९ | १.०१ |
| २ | सरस्वती मा.वि. | ४४ | १९२ | १५० | ७८.१३ | ४८ | १९८ | १५६ | ७८.७ | ०.६६ |
| ३ | कविर मा.वि. | ४६ | १८९ | १४६ | ७७.२५ | ४७ | १९२ | १५२ | ७९.१ | १.९२ |
| ४ | शारदा बालिका उमावि | २७ | १९७ | १५६ | ७९.१९ | ३१ | १९७ | १५८ | ८०.२ | १.०२ |
| ५ | निमावि ,शिवनगर | ३४ | १९३ | १४१ | ७३.०६ | ३७ | १९९ | १४८ | ७४.३ | १.३१ |
| | जम्मा | | १९३ | १५० | ७७.७२ | | १९७ | १५५ | ७८.६ | ०.९६ |

विद्यालय सर्भेक्षण, २०६८

तालिका ११ अनुसार कार्यक्रम सञ्चालन भएका विद्यालयहरूको शै.स. २०६३ र २०६४ को २ वर्षको अवस्थालाई तुलनात्मक अध्ययन गर्दा कार्यक्रम लागू हुनु अघि र पछिको अवस्थामा भएको प्रभावकारिता स्पष्ट हुन्छ । शै.स. २०६३ को अवस्थालाई हेर्दा विद्यार्थीको औसत उपस्थिति १५० दिन रहेको देखियो र विद्यालय खुलेको १९३ दिन रहेको देखिन्छ । शै.स. २०६४ को विद्यार्थी औसत उपस्थितिको अवस्था विश्लेषण गर्दा जम्मा १९७ दिन विद्यालय खुलेकोमा विद्यार्थीहरूको औषत उपस्थिति १५५ दिन रहेको देखिन्छ । यो अंक अघिल्लो वर्षको भन्दा ५ दिनले बढी रहेको देखिन्छ ।

कार्यक्रम लागु भइसकेपछिको अवस्थामा शै.स. २०६४ मा विद्यालय खुलेको १९७ दिनमध्ये ७६.६८ प्रतिशत बालबालिका नियमितरहेको देखियो । शै.स २०६३.को विद्यार्थी नियमिततको अवस्था र २०६४ को तुलना गर्दा वृद्धिदर ०.९६ प्रतिशत रहेको पाइयो । विद्यार्थी नियमितताको अवस्थामा कार्यक्रम लागू भएपछि क्रमिक रुपमा वृद्धि भएको पाइयो ।

नमुना अध्ययन विद्यालयका प्रधानाध्यापक एवं विद्यालय व्यवस्थापनका पदाधिकारीहरुको धारणा अनुसार बालमैत्री कक्षाका कक्षा शिक्षकहरु विद्यालयमा कार्यरत अन्य शिक्षकहरु मध्ये कक्षा शिक्षण गर्न ईच्छुक, प्रतिबद्ध, सेवाकालिन तालिम बाहेक १२ दिने बिशेष तालिम, बार्षिक रुपमा ५ दिने पुनरर्ताजगी तालिम प्राप्त हुन्छन् भने परम्परागत कक्षा शिक्षकहरु नियमित प्रकृयाबाट नियुक्त भई आएका र स्वेच्छिक तालिम वाला मात्र हुने गर्दछन् । यसैगरी परम्परागत कक्षा शिक्षक, विद्यालय निरीक्षक/स्रोतव्यक्तिको धारणामा बालकेन्द्रित कक्षा शिक्षकहरुको कक्षा अवलोकन/निरीक्षणको लागि निर्दिष्ट फाराम निर्माण गरी विभिन्न निकायका जिम्मेवार व्यक्तिहरुबाट तोकिएको समयमा अवलोकन/निरीक्षण गरी पृष्ठपोषण दिइने, कक्षा व्यवस्थापन, सिकाइ सामग्री निर्माण, प्रयोग र व्स्थापन लगायत शिक्षण विधि आदि पक्षहरुका बारेमा पुनरर्ताजगी तालिम प्राप्त गर्ने हुनाले परम्परागत कक्षाका शिक्षकहरुको भन्दा बालकेन्द्रित कक्षाका कक्षा शिक्षकको भूमिका बढी जिम्मेवारीपूर्ण र महत्वपूर्ण हुने गर्दछ भन्ने पाइयो ।

### ४.३..बालकेन्द्रित कक्षाका कक्षा शिक्षकले विद्यार्थीको सिकाइमा पारेको प्रभाव

यस अध्ययनमा बालकेन्द्रित कक्षाका कक्षा शिक्षकले विद्यार्थीको सिकाइमा पारेको प्रभाव झल्काउने  प्राथमिक तह खासगरी कक्षा १ को विद्यार्थीको उत्तीर्ण दर, सिकाइ उपलब्धी विवरण, तह पूरागर्ने दर, कक्षा दाहोऱ्याउने दर, कक्षा छाड्ने दर एवं वि.व्य.स.पदाधिकारी र अभिभावक, प्र.अ., कक्षा शिक्षक र अन्य शिक्षकहरु, विद्यार्थीहरु र विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति संगको छलफल लगायतका विषय समावेस गरिएको छ । त्यसका लागि प्र.अ., शिक्षक, स्रोत व्यक्ति / वि.नि., वि.व्य.स.पदाधिकारी तथा विद्यार्थीाहरुसंग गरिएको प्रश्नावली, अन्तरवार्ता, छलफल तथा विद्यालय र कक्षाकोठा सर्वेक्षण फारमबाट प्राप्त भएका तथ्याङ्कलाई विभिन्न तालिकामा वर्गिकरण गरेर विश्लेषण तथा व्याख्या गरिएको छ ।

### ४.३.१ विद्यार्थी उत्तीर्ण दर

विद्यार्थी उत्तीर्ण  दरले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई जनाउने गर्दछ । विद्यार्थीहरुको शैक्षिक उपलब्धिको मूल्याङ्कन गर्दा त्रैमासिक, अर्धबार्षिक, तथा बार्षिक परीक्षाको प्राप्ताङ्कको आधारमा गर्ने गरेको पाइयो । विद्यार्थी उत्तीर्ण दर सम्बधमा सोधिएको प्रश्नमा राम्रै ,९४–१०० प्रतिशत सम्म भएकोले सन्तोष जनक छ भन्ने जवाफ अधिकांश शिक्षक तथा प्र.अ.बाट पाइयो भने शि.अ.सं.का अध्यक्ष सबैले नतिजा राम्रो रहेको बताए । त्यसैगरी वि.व्य.सं.का अध्यक्षको राय बुझ्दा उत्तीर्ण प्रतिशत अन्य कक्षाको भन्दा राम्रो रहेको प्रतिक्रया पाइयो । विद्यालयको उत्तीर्ण दरको स्थितिलाई तालिकामा हेर्दा निम्नानुसार देखिन आउछ ।

तालिका १२. अध्ययन गरिएका विद्यालयहरूमा विद्यार्थीको उत्तीर्ण दर

| क्र.स. | विद्यालय | शै.स. २०६५ | | शै.स. २०६६ | | शै.स. २०६७ | |
|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक तह को | कक्षा १ को | प्राथमिक तह को | कक्षा १ को | प्राथमिक तह को | कक्षा १ को |
| १ | कचना महादेव मा.वि.,इटहरी | ८० | १०० | ९० | १०० | ९२ | १०० |
| २ | सरस्वती मा.वि. इटहरी | ८२ | ९५ | ८५ | ९५ | ८८ | ९६ |
| ३ | कविर मा.वि.,इटहरी | ८४ | ९६ | ८६ | ९७ | ८७ | १०० |
| ४ | शारदा बालिका उमावि धरान | ८७ | ९८ | ९० | ९९ | ९४ | ९९ |
| ५ | निमावि ,शिवनगर, भा.सि. | ८९ | ९४ | ९१ | ९६ | ८७ | ९७ |
| | जम्मा | ८४.४ | ९६.६ | ८८.४ | ९७.४ | ८९.६ | ९८.४ |

विद्यालय अभिलेख , २०६८

तालिका १२ लाई विश्लेषण गर्दा अध्ययन गरिएका पाचवटा विद्यालयको विगत ३ वर्ष (०६५, ०६६, ०६७) को तथ्यङ्कलाई हेर्दा औसतमा समग्र प्राथमिक तहको विद्यार्थी उत्तीर्ण दर क्रमशः ८४.४, ८८.४ र ८९.६ प्रतिशत देखिन्छ भने कक्षा १ को उत्तीर्ण दर समग्र विद्यालयको भन्दा क्रमशः १२.२, ९ र ८.८ प्रतिशत बढी रहेको देखिन्छ ।

समष्टिमा हेर्दा शैक्षिक सत्र ०६५ देखि २०६७ सम्मको प्राथमिक तह र कक्षा १ को उत्तीर्ण दरमा बर्षेनि बृद्धी हुदै गएको देखिन्छ । शिक्षा विभाग (२०६६) द्वारा प्रकाशित विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कमा प्रा.वि. तहमा उत्तीर्ण दर ७०.४ प्रतिशत रहेको छ भने अध्ययन गरिएका विद्यालयको उक्त तहमा उत्तीर्ण दर औसतमा ९७.४ देखिन्छ जुन राष्ट्रिय स्तरको भन्दा बढी देखिनुलाई सकारात्मक रुपमा हेर्न सकिन्छ । कूल परीक्षामा सम्मिलित संख्याको औसत उत्तीर्ण दर ९८.४ प्रतिशत भएपनि १.६ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएको सम्वन्धमा सोधिएको प्रश्नमा विद्यार्थीहरुको घरको वातावरण, विद्यालयमा विद्यार्थीको उपस्थितिको अनियमितता, राजनैतिक तथा शैक्षिक कारणलाई लिएको पाइयो । सरकारको नीति अनुसार प्रा.वि.मा शत प्रतिशत उत्तीर्ण गराउने भए पनि यस अध्ययनमा त्यो नपाइएता पनि बर्षेनि हुदै आएको बृद्धी दरका आधारमा आगामी बर्षदेखि सरकारी नीति अनुरुपको उपलब्धि हासिल हुन सक्ने अवस्था देख्न सकिन्छ ।

### ४.३.२. कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि विवरण

तालिका १३. नमुना विद्यालयहरूको कक्षा १ का विद्यार्थीहरुको सिकाइ उपलब्धि विवरण


| शै.सत्र | छात्र | छात्रा | जम्मा | कक्षा १ उत्तीर्ण | | बीचैमा कक्षा छाड्ने वा पढाई पूरा नगर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २०६५ | ११३ | ९४ | २०७ | २०० | ९६.६ | ७ | ३.४ |
| २०६६ | ११८ | ८१ | १९९ | १९२ | ९७.४ | ७ | २.६ |
| २०६७ | १११ | ६८ | १७९ | १७३ | ९८.४ | ६ | १.६ |

विद्यालयको अभिलेख , २०६८

माथिको तालिकालाई अध्ययन गर्दा शै. सत्र २०६५ मा जम्मा विद्यार्थी २०७ जना कक्षा १ मा सहभागी रहेकोमा कक्षा १ उत्तीर्ण विद्यार्थी २०० अर्थात् ९६.६% र बीचैमा छाड्ने वा कक्षा २ सम्म पुग्न नसक्ने ७ जना अर्थात ३.४% रहेको थियो । शै.स. २०६६ मा कक्षा १ मा भएका

१९९ विद्यार्थीमध्ये ९७.४% अर्थात् १९२ विद्यार्थी तह पूरा गरेको पाइयो भने २.६% वा ७ जना बीचैमा छोड्ने वा पढाइ पूरा नगरेको पाइयो । यस्तै शै.सं २०६७ मा यो दर बढेर उत्तीर्ण प्रतिशत ९८.४% र बीचैमा छोड्ने तथा असफल हुनेहरू १.६% मात्र रहेको पाइयो । यसलाई रेखाचित्रबाट यसरी प्रष्ट पार्न सकिन्छ ।

चित्र ३. कक्षा १ का विद्यार्थीको सिकाइ उपलब्धि विवरण




माथिको रेखा चित्रको अध्ययन गर्दा कक्षा १ को सिकाइ उपलब्धि बालकेन्द्रित सिकाइ कार्यक्रम संचालन भए पछि सिकाइ उपलब्धि स्तर क्रमशः बढ्दै गएको र कक्षा दोहऱ्याउने तथा छाड्ने दर न्यून हुँदै गएको देखिन्छ ।

**४.३.३ विद्यार्थीको कक्षा छाड्ने र कक्षा दोहोऱ्याने दर**

विद्यालयमा भर्ना भएका विभिन्न कारणले गर्दा विद्यार्थीहरुले पढाइ पूरा नगरी बीचैमा छाड्ने गर्दछन् । यस्तै परीक्षामा सम्मिलित सम्पूर्ण विद्यार्थीहरु उतीर्ण हुदैनन्, केही अनुत्तीर्ण पनि हुन्छन् । यसरी बीचैमा कक्षा छाड्ने तथा अनुत्तीर्ण हुने विद्यार्थीहरु मध्ये नै कक्षा दोहोऱ्याउने गर्दछन् । नमुना छनोटमा परेका विद्यालयहरु पनि यस किसिमको समस्याबाट मुक्त हुन सकेको देखिदैन । विद्यार्थीहरुले विद्यालयमा भर्ना भएर अध्ययन गर्नुको मुख्य उद्देश्य औपचारिक अध्ययनमा निरन्तरता प्रदान गरी प्रत्येक शैक्षिक सत्र पार गर्दै जानु हो तापनि विभिन्न कारणले गर्दा भर्ना भएका विद्यार्थीहरुले बीचैमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने गरेको पाइन्छ । विद्यालयमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थीको सम्बन्धमा शिक्षक तथा प्र.अ.संग सोधिएको प्रश्नको जवाफमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने खासै छैनन्, ज्यादै न्युन, घट्दै गइरहेको छ भने वि.व्या.स.का अध्यक्षहरुसबैले कक्षा छाड्ने दर कम भइरहेको बताए । विद्यालय निरीक्षक/ स्रोव्यक्तिहरुकौ धारणा विद्यालयमा रहेका शैक्षिक समस्याका रुपमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउनेको संख्या हुनुलाई लिएको पाइयो । सोही कुरालाई

तालिकाबाट हेर्दा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने संख्या तीन सालमा निम्नानुसार रहेको देखिन्छ ।

तालिका १४. नमुना विद्यालयका विद्यार्थीको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विवरण

| क्र.स. | विद्यालयको तह | जम्मा विद्यार्थी संख्या | | | कक्षा छाड्ने दर | | | कक्षा दोहो-याउने दर | | | औषत कक्षा छाड्ने दर | औषत कक्षा दोहो-याउने दर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०६५ | ०६६ | ०६७ | ०६५ | ०६६ | ०६७ | ०६५ | ०६६ | ०६७ | | |
| १ | कचना महादेव मा.वि.,इटहरी | ८७ | ६२ | ६२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | सरस्वती मा.वि. इटहरी | २२ | ४० | २२ | १.४ | १.२ | १.१ | ० | ० | ० | १.२३ | ० |
| ३ | कविर मा.वि.,इटहरी | ३९ | ४२ | ३४ | २.५ | ० | ० | १ | १ | ० | ०.८३ | ०.५६ |
| ४ | शारदा बालिका उमावि धरान | २४ | २५ | २५ | ०.५ | ०.५ | ०.५ | १ | १ | ० | ०.५ | ०.३३ |
| ५ | निमावि ,शिवनगर | ३५ | ३० | ३६ | ० | ० | ० | ४ | ३ | २ | ० | २.६६ |
| | जम्मा | २०७ | १९९ | १७९ | ०.९ | ०.३ | ०.३ | ५ | ४ | २ | ०.५१ | ०.७१ |

विद्यालय अभिलेख , २०६८

तालिका १४ लाई विष्लेशण गर्दा अध्ययन गरिएका पाँच विद्यालयको तीन शैक्षिक सत्रको औसत कक्षा छाड्ने ०.५१ र कक्षा दोहोऱ्याउने दर ०.७१ प्रतिशत देखिन्छ । कक्षा छाड्ने दर भन्दा कक्षा दाहोऱ्याउने दर बढी रहेको देखिन्छ । शैक्षिक सत्र ०६५, ०६६ र ०६७ का कूल विद्यार्थी मध्ये क्रमश: ०.९, ०.३ र ०.३ प्रतिशतले कक्षा छाडेको देखिन्छ । कक्षा छाड्ने दर सबैभन्दा बढी सरस्वती मा.वि. ईटहरीमा १.२३ प्रतिशत देखिन्छ भने सबैभन्दा कम कचना महादेव मा.वि. ईटहरी र नि.मा.वि. भादगाउँसिनवारीमा शून्य प्रतिशत देखिन्छ । यस्तै शैक्षिक सत्र ०६५, ०६६ र ०६७ का कूल विद्यार्थी मध्ये क्रमश: ५,४,२ प्रतिशतले कक्षा दोहोऱ्याको देखिन्छ । कक्षा दोहोऱ्याने दर सबैभन्दा बढी नि.मा.वि. भादगाउँसिनवारीमा २.६६ प्रतिशत देखिन्छ भने सबैभन्दा कम कचना महादेव मा.वि. ईटहरी र सरस्वती मा.वि. ईटहरीमा शून्य प्रतिशत देखिन्छ । माथिको तथ्याङ्कलाई केलाउदा ०६५ को तुलनाम ०६६ मा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या घटेको देखिन्छ । शिक्षा विभाग ( २०६४) द्वारा प्रकाशित विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कमा प्रा.वि. तहमा यो दर १२.५ उल्लेख गरेको छ भने अध्ययन गरिएका विद्यालयमा यो दर न्यून देखिन्छ । कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर कम हुदै जानुमा विद्यालयको भौतिक तथा प्रशासनिक पक्ष राम्रो हुनु, अभिभावकमा चेतनाको विकास, बालकेन्दित शिक्षण, निरन्तर विद्यार्थी मूल्याङ्कन तथा कक्षा शिक्षकको भूमिकालाई लिन सकिन्छ ।

### ४.३.४. कक्षा एकमा विद्यार्थीहरूले कक्षा छाड्नु र दोहोऱ्याउनुका कारणहरू

तथ्य/तथ्यांकको विश्लेषणको आधारमा कक्षा एकमा विद्यार्थीहरूले कक्षा छाड्नु र दोहोऱ्याउनुका कारणहरू निम्नानुसार रहेको पाइयो :


- उमेर समूह नमिलेर ।
- विद्यार्थीको शैक्षिक आधार (जग) कमजोर भएर ।
- कक्षा १ मा विद्यार्थी भर्ना प्रतिशत बढी हुने भएर ।
- शिक्षकको आफ्नो पेशाप्रतिको जिम्मेवारी कमी भएर ।
- परिवारमा शैक्षिक चेतनाको कमी भएर ।
- विद्यालयमा रमाइलो शैक्षिक वातावरणको अभाव भएर ।
- घरको काममा बढी लाग्नु पर्ने भएर ।
- कक्षा १ मा सरकारी दृष्टिकोण कम भएकोले ।
- किताब, कापी च्यातेको कारणबाट ।
- भाषागत कठिनाई भएर ।
- विद्यालय टाढा भएर ।
- महिला शिक्षकको कमी भएर ।
- घरको जस्तो माया, ममता विद्यालयमा नमिलेर ।
- जन्मदर्ता नभएर ।

### ४.३.५ विद्यमान शैक्षिक समस्याहरु

जिल्ला शिक्षा कार्यालय, सुनसरीको शैक्षिक सत्र २०६७ को तथ्यांक हेर्दा कक्षा १ मा अध्ययन गर्ने उमेर समूहका बालवालिका मध्ये बीचैमा विद्यालय छाड्ने ९.२४% ,कक्षा दोहोऱ्याउने १२% तथा स्कूल जाने उमेरका मध्ये ४.६% विद्यालयमा नै भर्ना नभएको देखिन्छ । यस्ता केटाकेटीहरूमा अधिकांश दलित, आदिवासी, अपाङ्ग, असहाय, गरिब, छात्रा आदि देखिन्छन ।

बालकेन्द्रीत शिक्षण सिकाई प्रक्रियामा देखिएका केही विद्यमान शैक्षिक समस्याहरूलाई यस चार्टबाट अझ प्रस्ट पार्न सकिन्छ ।

चित्र ४ विद्यमान शैक्षिक समस्याहरु



## परिच्छेद : पाँच

# निष्कर्ष तथा सुझावहरू

हाम्रो देशमा प्रजातन्त्र पुनर्स्थापनापछि प्रत्येक क्षेत्रमा सुधारका प्रयासहरू भएका छन् । यी मध्ये शिक्षा क्षेत्र पनि एउटा सुधारको क्षेत्र हो । विकेन्द्रीकरणको नीति, स्थानीय स्वायत्त शासन ऐन २०५५ मार्फत लागू भएपछि सुधारका प्रयास प्रारम्भ भएको हो । ऐनले स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालनका लागि स्थानीय निकायलाई नै व्यवस्थापकीय र सुपरिवेक्षण सम्बन्धी जिम्मेवारी प्रदान गरेको छ । यसैगरी शिक्षा ऐनको सातौं संशोधनले पनि स्थानीय समुदायलाई स्थानीय विद्यालय सञ्चालनका साथै सुधारको निमित्त स्थानीय बिचार र रणनीतिलाई मान्यता दिने जमर्को गरेका छन् । शिक्षण सिकाइको क्षेत्रमा नयाँ नयाँ पद्धति र प्रविधिहरू भित्रिरहेको वर्तमान अवस्थामा शैक्षिक क्षति न्यून गर्न विभिन्न अध्ययन अनुसन्धानले दिएका निष्कर्षहरूको प्रयोग आवश्यक भएको छ । शैक्षिक क्षेत्रमा भएको शैक्षिक क्षति न्यून गर्न विद्यार्थीको नियमिताता बढाउन, सिकाई उपलब्धिमा विस्तार गर्न विभिन्न नयाँ नयाँ पद्धतिको प्रयोग अपरिहार्य छ ।

### ५.१ निष्कर्ष

अध्ययनको विश्लेषण र व्याख्याका आधारमा निम्नलिखित निष्कर्षहरु निकालिएका छन् । यी निष्कर्षहरुमा मन्टेश्वरी (सन् १९४२), फ्रोबेल (सन् १७८२) आदिका धारणा लगायत विद्यार्थी-केन्द्रित शिक्षण विधिहरु तथा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी, अभिभावक, स्रोत व्यक्ति, विद्यालय निरीक्षकहरुको प्रतिक्रिया र स्वयं यो शोधकर्ताको स्व-अध्ययनको निष्कर्षको निचोड छ । बालमैत्रीपूर्ण शिक्षण सिकाइ कार्यक्रममा कक्षा १ का कक्षा शिक्षकले कक्षा १ को नियमितता र निरन्तरता बढाउन महत्वपूर्ण भूमिका खेलेको अनुसन्धानले प्रस्ट्याउँछ । नेपालमा भइरहेको शैक्षिक क्षतिलाई न्यून गर्नका लागि पनि यो कार्यक्रम महत्वपूर्ण भएकोले शैक्षिक कार्यक्रमको एक अभिन्न अंगको रुपमा अरु जिल्ला र कक्षाहरूमा समेत लागू गर्नु पर्ने देखिन्छ । स्रोत र साधनको व्यवस्था, उपयुक्त शैक्षिक जनशक्ति, सरकारी नीति नियममा प्रभावकारिता, स्थानीय स्रोत र साधनको अधिकतम् परिचालन गर्न सकिए यो कार्यक्रम निकै प्रभावकारी हुने देखिन्छ । यस अध्ययनको निष्कर्षलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

शैक्षिक सूचना २०६८ (शिक्षा मन्त्रालय) का अनुसार नेपालमा प्राथमिक तहमा विद्यार्थीको भर्ना दर ९४.५% छ । यो तथ्यांक हेर्दा करिब ५.५% बालबालिकाहरू विद्यालयबाट प्राप्त हुने शिक्षाबाट बञ्चित छन् भने अर्को तिर कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये ८.३% विभिन्न कारणले बीचैमा कक्षा छाड्ने कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू कक्षा ५ सम्म टिकिरहने दर ८०.६ रहेको छ । छात्राको टिकाउ दर (८१.२ प्रतिशत) र छात्रको टिकाउ दर ( ८०.४प्रतिशत) रहेको छ । यसको असर विद्यार्थी स्वयं, निजका अभिभावजकहरू,समुदाय र अन्त्यमा मुलुकलाई नै पर्दछ । तसर्थ वेलैमा सम्बन्धित सबैले सोची सो संख्यामा कमी ल्याउन आवश्यक पहल गर्नुपर्छ । यसको लागि निम्न भए गरेका कुरा तथा अन्य सुझावहरूको अध्ययन, मनन गरी विद्यालयमा लागू गर्ने तर्फ चासो दिएमा आजका कुनै पनि बालबालिका शिक्षाको उज्यालो घामबाट बञ्चित हुने थिएनन ।

बालमैत्री कक्षा संचालनमा कक्षा कोठाको संरचनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उपयुक्त कक्षा कोठाको संरचनामा कक्षा शिक्षकको प्रमुख उत्तादायित्व रहेको हुन्छ । बालमैत्री कक्षामा उपयुक्त कक्षा कोठाको संरचना अन्तर्गत निम्न कुराहरुको व्यवस्था भएको हुनु पर्ने देखिन्छ :

चाहिएको सामान पाउने र प्रयोगपछि राख्ने ठाँउ भएको भौतिक वातावरणको व्यवस्थाः भएको कक्षा कोठा । बालबालिकाहरूलाई हरेक दिन कसरी वित्छ भन्ने कुराको सूचना सहितको शिक्षकको कार्यतालिका र नियमित कक्षा कार्य । विद्यार्थीको सहभागितामा कक्षाकोठाका नियमहरूको निर्माण बालबालिकाको कार्य जिम्मेवारी गरिएको । फर्निचर व्यस्थित गर्ने, सामाग्री छनौट र संगठित गरेर राख्ने कक्षाकोठाका भित्ताहरू सजावट गरिएको । बैठक गर्ने स्थान फर्निचर, व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्था प्रदर्शन गर्ने स्थान, व्यक्तिगत सामाग्रीहरुको व्यवस्थापन र प्रदर्शन गर्ने स्थान, व्यक्तिगत सामान राख्ने र काम गर्ने स्थानको व्यवस्था गरिएको । पुस्तक मिलाएर राख्ने स्थान सहितको रोचक रमाइला पुस्तकहरू भएको पुस्तकालयको व्यवस्था गरिएको । लेख्ने कामका लागि चाहिने सामग्री र चित्र बनाउन चाहिने सामाग्रीको व्यवस्था भएको ।

बालमैत्री कक्षाको अर्को महत्वपूर्ण पक्ष भनेको अभिभावकहरु हुन् । बालमैत्री कक्षाका कक्षा शिक्षकले अभिभावक सित भेटघाट कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गर्नु पर्ने देखिन्छ :

विद्यालयमा अभिभावक आउँदा आदरपूर्वक असल व्यवहार गर्ने गरेको । समय समयमा अभिभावकलाई विद्यालयमा बोलाई बालबालिकाको पढाइ सुधार सम्बन्धी सरसल्लाह दिने गरेको । बेलाबेलामा शिक्षक अभिभावकको घरमा गएर बालबालिकाको शैक्षिक प्रगति तथा स्थास्थ्य सम्बन्धमा कुराकानी गर्ने गरेको । बालबालिकाले विद्यालयमा गरिने गरेका कार्यक्रममा अभिभावकलाई संलग्न गराउने गरिएको । प्रत्येक महिनामा बालबालिकाको प्रगति जानकारी बारे शिक्षक अभिभावकबीच छलफल गर्ने  गरिएको  । अभिभावकसँग छलफल गरी नियमित रुपमा खाजा  दिई पठाउने व्यवस्था मिलाइएको । संघ संस्थासँग सम्पर्क गरी खाजा ख्वाउने व्यवस्था मिलाइएको ।

विद्यार्थीको नियमिततामा वृद्धि भएको । कक्षा अवधिभर विद्यालयमा रहने संख्यामा वृद्धि भएको । शिक्षकको शिक्षण सिकाइसोचमा परिवर्तन आएको । मनोरञ्जनात्मक तथा सहभागितामूलक शिक्षण  सिकाइ क्रियाकलाप सञ्चालन भएको । अभिभावक र शिक्षक बीचको बैठक तथा समिक्षा हुने गरेको । कक्षा कोठाको सजावट, उमेर अनुसारको डेस्क, बेन्च, बस्ने व्यवस्था, सामग्री राख्ने दराजको  व्यवस्था गरिएको । विभिन्न तरिकाबाट बालगीत अभ्यास गरिएको । कक्षामा पुस्तकालयको व्यवस्था र प्रयोग हुने गरेको । बालमैत्री सिकाई सामग्रीको प्रयोग गरिएको । सिकाइ मूल्यांकन र विद्यार्थी प्रगति अभिलेख राख्ने गरेको । शिक्षक र अभिभावक बीचको समन्वय/वैठक हुने गरेको । कक्षा शिक्षण पद्धति अपनाइएको । कक्षागत  र विषयगत सिकाइउपलब्धिको प्रयोग भएको । कक्षामा शैक्षिक सामग्रीहरूको व्यवस्थापन गरिएको । सिकाइ खेलहरूको माध्यमद्धारा शिक्षण गरिएको । कक्षाका लागि आवश्यक आधारभूत सामग्रीहरूको व्यवस्थापन गरिएको ।

केटाकेटीहरूले कार्य जिम्मेवारी लिने जस्तो–सरसफाई, कालोपाटी पुछ्ने, जुत्ता मिलाउने, सामग्री यथोचित ठाउँमा राख्ने गरेको । पुस्तकालाय / विषयगत कुनाको व्यवस्था गर्ने गरेको । विद्यालयका अन्य शिक्षकहरूले सकारात्मक रुपमा लिई केही क्रियाकलाप अनुसरण गर्ने गरेको । शिक्षक विद्यार्थी बीच अन्तरसम्बन्ध आत्मिक भएको । शिक्षक देखेर भाग्ने प्रवृत्ति कम भएको र भेट्मा बोल्ने प्रवृत्ति बढेको । केटाकेटीमा आएको परिवर्तनबारे अभिभावकहरू जानकार भएको । दण्ड सजाय दिने प्रवृत्तिमा धेरैकमी आएको । सिकाइ उपलब्धिमा वृद्धि, कक्षा उत्तिर्ण प्रतिशत ८० भन्दा माथि पुगेको ।

यस  कार्यक्रममा देखिएका केही प्रमुख समस्याहरू यस प्रकार रहेको देखिन्छ :

विद्यार्थी संख्या अनुसार दरवन्दी नभएको विद्यालयमा कार्यक्रम सञ्चालन गर्न गाऱ्हो भएको । प्र.अ. तथा अन्य शिक्षकहरूलाई कार्यक्रमका बारेमा राम्ररी थाहा नहुँदा उनीहरूको सहयोग कम भएको र तालिम प्राप्त शिक्षक एकलिएको । तालिम प्राप्त शिक्षकको अनुपस्थितिमा कक्षा सञ्चालनमा कठिनाई । धेरै विद्यार्थी र साँघुरो कक्षामा क्रियाकलाप सञ्चालन गर्न अनुविधा भएको । अंग्रेजी शिक्षण क्रियाकलापमा कमजोरी । जिल्ला, स्रोतकेन्द्र स्तरबाट अनुगमन र निरीक्षण प्रभावकारी हुन नसकेको । जि.शि.का. को व्यवस्थापन चुस्त हुन नसकेको र परिवर्तन तथा साझेदारीताको अवधारणाप्रति सकारात्मक हुन नसकेको ।

यसरी यो कार्यक्रम लागू भएपछि कक्षा एकको विद्यार्थीको भर्नादर बढ्नु, विद्यार्थीहरु विद्यालय नियमित ढंगले जाने गर्नु, उत्तीर्ण प्रतिशत बढ्नु , शैक्षिक सामग्रीको प्रयोग गर्ने चलन बढ्नु एवं कक्षा शिक्षकको भूमिका बढ्नु यस कार्यक्रमको निष्कर्ष हो ।

## ५.२ सुझावहरू

यस अध्ययनका विश्लेषण,व्याख्या तथा निष्कर्षका आधारमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन तहगत रुपमा विभिन्न सुझावहरू दिन सकिन्छ । बालमैत्री विद्यालयमा कक्षा शिक्षकको भूमिका अभिबृद्धीका लागि यी सुझावहरु महत्वपूर्ण देखिन्छन् । केही प्रमुख सुझावहरू निम्नानुसार छन्ः

केन्द्रिय तहका लागि

शैक्षिक नीति निर्माणका क्रममा बालमैत्री विद्यालयको अबधारणाअनुसार रमाइलो र दण्डरहित वातावरणको सीर्जनालाई प्रधानता दिइनुपर्दछ । प्रयेक विद्यालयको कम्तिमा प्राथमिक तहका लागि बालमैत्री कक्षाव्यवस्थापनमा कक्षा शिक्षकको व्यवस्थाकालागि शिक्षा विभागले राष्ट्रिय शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गराउनु आवश्यक छ ।

शिक्षक तालिम सम्बन्धी विषयवस्तुमा बालमैत्री अबधारणालाई अनिवार्य रुपमा समावेश गर्नुपर्दछ । शिक्षा शास्त्र संकायका उच्च शिक्षाका विषयहरुमा बालमैत्री विद्यालय अबधारणालाई पाठयक्रममा नै समावेश गरी पठनपाठन गर्दै लैजान आवश्यक छ । अनुगमन तथा सुपरीवेक्षणलाई व्यवस्थित गरी नियमित कक्षा अवलोकन र कक्षा शिक्षकलाई

पृष्ठपोषणको व्यवस्था हुन आवश्यक देखिन्छ । राष्ट्रिय एवं अन्तर्रष्ट्रिय संघसंस्थाहरुसँग सहकार्य गर्दै बालमैत्री विद्यालयको विकासका लागि आवश्यक पहल गर्नु पर्दछ ।

जिल्ला तहका लागि

शिक्षकहरुका लागि बालमैत्री विद्यालयको अवधारणसम्बन्धी तालिमको व्यवस्था गर्ने कार्यमा जि.शि.का. ले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । प्राथमिक तहका कक्षाहरु विशेषत कक्षा १ मा कक्षा शिक्षकको व्यवस्था गर्न र उनीहरुलाई बालमैत्री विद्यालयको अवधारणसम्बन्धी छोटो अवधिको तालिम तथा पुनर्रताजगी तालिमको व्यवस्था गर्ने र नियमित अनुगमन गरी पृष्ठपोषणको व्यवस्था गर्ने कार्यमा जि.शि.का. ले समन्वय गर्नु पर्ने हुन्छ । जिल्ला शिक्षा योजनामा बालमैत्री विद्यालय अवधारणाअनुसार कक्षा व्यवस्थापनमा जोड दिन आवश्यक छ । विद्यालय सुधार योजनाअनुसारको अनुदान विद्यालयमा निकासा गर्दा विद्यालयले बालमैत्री शिक्षण सिकाइ वातावरण सिर्जनामा खर्च गर्न उत्प्रेरित गर्नु पर्ने देखिन्छ ।

जिल्लामा कार्यरत  राष्ट्रिय एवं अन्तर्रष्ट्रिय सरकारी⁄ गैर सरकारी संघसंस्थाहरुसँग सहकार्य गरी बालमैत्री विद्यालयको स्थापना, शिक्षक तालिम, अनुगमन, शिक्षण सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापनमा ठोस कार्ययोजना बनाई लागु गर्नु  जिल्ला तहको नै प्रमुख दायित्व हो । त्यसकारण साझा जिम्मेवारीका रुपमा यसकार्यलाई अगाडि बढाउन सरोकारवालापक्षहरुसँग सहकार्यको आवश्यकता देखिन्छ ।

विद्यालय तहका लागि

कक्षा १ को समय तालिका प्रभावकारी बनाउने

कक्षा १ मा अध्ययन गर्ने बालबालिकाहरूका उमेर कम भएकोले चन्चल हुन्छन् साथै उनीहरू घर परिवार छोडेर विद्यालयमा आएको हुनाले वातावरण नमिलेमा दिनभरी कक्षामा एउटै मिसिमको क्रियाकलाप गरी बस्न रुचाउदैनन । त्यसैले विद्यालय प्रति आकर्षित गर्नका लागि पढाइको अतिरिक्त अन्य क्रियाकलापहरूलाई पनि समावेश गरी समय तालिका निर्माण गरी नियमित कार्यान्वयन गर्नुपर्दछ (अनुसूची १२ अनुसार) ।

अभिभावक र विद्यालय बीचको सम्बन्धमा बृद्धी गर्ने

कक्षा १ मा नियमितता वृद्धि गर्न अभिभावक र विद्यालय बीचको सम्बन्ध वृद्धि गर्नुपर्छ । कक्षा १ मा कक्षा छोडने दोहोऱ्याउने संख्यामा कमी ल्याउने र नियमिताता उत्तीर्ण प्रतिशत राम्रो बनाउनुका साथै विद्यार्थी भर्ना संख्या वृद्धि गर्न विद्यालय र अभिभावक बीचको सम्बन्ध सुमुधर बनाउनु पर्ने हुन्छ । यस सम्बन्धमा केही विद्यालयहरूमा गरिएका सकारात्मक प्रयासहरू यस प्रकार छन् :

अभिभावक शिक्षक संयुक्त वैठक संचालन

नियमित मासिक रुपमा संयुक्त वैठक वसी बालबालिकाको कलम,  कापी, किताब तथा अन्य सामग्रीहरुका सम्बन्धमा, नियमितता वृद्धि सम्बन्धमा, प्रगति तथा देखापरेका समस्या सम्बन्धमा, जिम्मेवारी बाँडफाँड सम्बन्धमा, खाजा कार्यक्रम प्रभावकारी बनाउने सम्बन्धमा एवं स्कूलमा लाने ल्याउने व्यवस्था सम्बन्धमा छलफल गरिएको ।

आवश्यक साधन स्रोत जुटाउने सम्बन्धमा :

अभिभावक तथा समुदायको सदस्यहरू अन्यत्र गई फर्कदा विद्यालयलाई शैक्षिक सामग्री) खेल सामग्री आदि जस्ता कुराहरु कोसेलीका रुपमा  ल्याउने व्यवस्था मिलाएर, विद्यालय तथा समुदायको संयुक्त सक्रियतामा सरकारी तथा गैरसरकारी संस्थाहरू मार्फत सहयोग जुटाएर, समुदालयले विद्यालयलाई आवश्यक साधन स्रोत जुटाएर आदि कार्यहरु गरेर विद्यालयका लागि आवश्यक साधन स्रोत जुटाउने गरिएको ।

कक्षा शिक्षकको भूमिका अभिबृद्धी गर्ने

बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रियामा कक्षा शिक्षण सिकाइ क्रियाकलाप गर्दा कक्षा शिक्षकले के पढाउने  ? (पाठ्यवस्तु/विषयवस्तु ), यो किन पढाउने ? (लक्ष्य तथा उद्देश्यहरू), यसलाई कसरी पढाउने ? (विधि प्रक्रिया), बालबालिकालाई पहिले नै के थाहा छ ? (पूर्व सिकाइ/ज्ञान), कुन सामग्री चाहिन्छ ? (शैक्षिक सामग्री), बालबालिकाले के गर्छन् ? (क्रियाकलाप), पाठ क्रियाकलापलाई कसरी व्यवस्थित गर्ने ? (सामग्री तथा कक्षाको वातावरण), क्रियाकलाप सबै बालबालिकालाई सुहाँउदो छ ?, बालबालिकाले जोडी वा साना समूहमा काम गर्ने अवसर पाउँछन् ?, बालबालिकाले गरेको सिकाइ क्रियाकलापहरूको अभिलेख राख्ने र प्रदर्शन कसरी गर्ने ?, यसपछि के गर्ने ? (भविष्यको योजना), नियमित रुपमा कक्षा अवलोकन र पृष्ठपोषण (

प्र.अ., अन्य शिक्षक, वि.व्य.स., स्रोतव्यक्ति, विद्यालय निरीक्षक एवं सहयोगी संस्था मार्फत), पुनरर्ताजगी तालिम (कम्तीमा बार्षिक रुपमा) जस्ता कुराहरुमा ध्यान दिनु पर्ने हुन्छ ।

शिक्षकहरुले आफ्नो भूमिकालाई सुनिश्चित गरी सोही अनसार निर्वाह गर्न व्यवहार परिमार्जनका साथ अगाडि बढ्नु पर्ने देखिन्छ । समुदायका रुपमा कक्षाकोठा व्यवस्थापन गर्ने सम्बन्धमा शिक्षकले कक्षा कोठा समुदायमा विद्यार्थीलाई स्वागत गर्ने, विद्यालयको वातावरणसित बालबालिकाहरूलाई परिचित गराउने, सामूहिकताको भावना सिर्जनागर्न बैठक गर्ने, कक्षाको छलफललाई प्रभावकारी बनाउने, साथीसित सकारात्मक सम्बन्ध गाँस्न मद्दत पुऱ्याउने, आदारार्थी अन्तरक्रियाको नमूना अभ्यास गर्न लगाउने जस्ता प्रमुख कार्यहरू: गर्नु पर्दछ । यसैगरी सक्षमताको भावना विकास गर्ने, मित्रताको भावना विकास गर्ने, सहयोगात्मक तरिकाले कामगर्न उत्प्रेरित गर्ने, द्धन्द्धको समाधान गर्ने सीप सिकाउने जस्ता कार्यहरु गर्नमा पनि शिक्षकले भूमिका निर्वाह गर्नु पर्दछ । शिक्षकले आफ्नो भूमिकालाई कार्य रुपमा नउतारेसम्म वास्तवमा बालमैत्री वातववरणको सिर्जना हुन सक्दैन । विद्यालयलाई बालबालिकको घरका रुपमा विकास गर्न विद्यालयका सरोकारवालाहरुको सहयोग जुटाउन आवश्यक छ । वि.व्य.स., प्र.अ. र कक्षा शिक्षकले यसका लागि समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लागु गर्न कक्षा शिक्षकले प्रत्येक विद्यार्थीहरुको कार्यसञ्चयिका राख्न आवश्यक छ । यसमा प्राप्त भएका र हुन बाँकि सिकाइ उपलब्धिहरुको विवरण स्पष्ट हुने गरी विद्यार्थीका अन्य व्यवहार परिवर्तनका पक्षहरुको समेत रेकर्ड राख्नु पर्ने देखिन्छ ।

प्रधानाध्यापक र कक्षा शिक्षकको समन्वय र सहकार्यमा बालमैत्री विद्यालयको कक्षा व्यवस्थापनमा कक्षाकोठाको चारैतर्फ होचो कालो पाटीमा चकले लेख्नु पर्ने ठाउँमा चकको धुलोलाई व्यवस्थित गर्न कालो पाटीको तल बिट बनाएर सफा गर्न सजिलो पार्न आवश्यक देखिन्छ । विद्यालयको स्रोत साधन अनुसार बसाइमा विविधता आउने गरि कार्पेट,चकटी तथा स-साना खाले टेबल आदिको व्यवस्थापन गर्न आवश्यक छ । बालबालिकको जुत्ता चप्पललाई ढोका बाहिर व्यवस्थित रुपमा राख्ने उपयुक्त स्थानको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यसैगरि कक्षाकोठाका भित्ताहरुमा शिक्षक/ विद्यार्थी निर्मित सिकाइ सामग्रीहरु समेतको प्रस्तुती र कक्षा कार्यमा त्यसको प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ । यी कार्यहरु गर्न गराउनमा कक्षा शिक्षकले नै प्रमुख भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

थप अध्ययनको लागि आवश्यक शीर्षकहरू

यो अध्ययन अनुसन्धान आफैमा पूर्ण छैन । यो एउटा जिल्लाको कार्यक्रममा आधारित छ । यसर्थ यो अध्ययन र अनुसन्धानको पूर्णताको लागि निम्न विषयमा अध्ययन अनुसन्धान गर्नु निकै सान्दर्भिक हुन्छ ।

१. अरु जिल्लामा संचालित बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रियाले कक्षा १ को नियमितता र निरन्तरतामा पारेको प्रभाव एक अध्ययन ।

२. विभिन्न जिल्लामा संचालित बालकेन्द्रित शिक्षण सिकाईले प्राथमिक तहको कक्षा एकको नियमितता र निरन्तरतामा पारेको प्रभाव एक अध्ययन ।

३. नेपालको शैक्षिक क्षतीको वर्तमान अवस्था र शैक्षिक क्षती न्यून गर्ने उपाय एक अध्ययन ।

४. प्राथमिक तहको शिक्षणमा प्रयोग गर्न सकिने बालकेन्द्रित कार्यक्रम र त्यसको प्रभावकारीताः एक अध्ययन ।

## सन्दर्भ ग्रन्थ सूची


अधिकारी, सिताराम (२०६३), *विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले नियमितता र शैक्षिक उपलब्धीमा पारेको प्रभावः एक अध्ययन* , अप्रकाशित स्नातकोत्तर सोधपत्र, किर्तिपुर : शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. ।

काफ्ले, भोजराज (२०५४), *नेपालको शैक्षिक दर्पण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, भोजराज शर्मा, किशोर श्रेष्ठ र धुबराज रेग्मी (२०६६), *नेपालमा गुणस्तरीय शिक्षका लागि बालमैत्री विद्यालय र न्यूनतम मापदण्डको राष्ट्रिय प्रारुप,* प्रारम्भिक मस्यौदा ।

कुँवर, भीमबहादुर (२०५८), *शिक्षक जर्नल,* काठमाण्डौ : महेन्द्र रत्न क्याम्पस ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौः सनलाइट पब्लिकेशन ।

जिल्ला शिक्षा कार्यालय, *सुनसरीः* (२०६४), *बालमैत्री विद्यालय अनुगमन फाराम ।*

जिल्ला शिक्षा कार्यालय, *सुनसरीः* (२०६६), *जिल्ला शैक्षणिक तथ्यांक ।*

ढकाल, माधवप्रसाद (२०५४), काठमाण्डौः *शैक्षिक सुपरिवेक्षण;*: रत्न पुस्तक भण्डार ।

नेपाल, जनार्दन (२०६४), *नेपालको शिक्षा प्रणालीः चुनौती र सम्भावना,* काठमाण्डौ : मकालु प्रकाशन गृह ।

पाठक रिमाल एवं साथीहरु (२०६१), *केटाकेटीको समस्यालाई कसरी बुझ्ने ?,* नया बानेश्वर, काठमाण्डौ : नेपाल इन्स्टिच्यूट अफ साइकोलोजी ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), *प्रथमिक शिक्षा पाठ्यक्रम,* सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *प्रथमिक विद्यालय पाठ्यक्रम,* सानोठिमी, भक्तपुर ।

पोखेल, मोहनमणी (२०६८), काठमाण्डौ : *पूर्वबाल्यावस्था विकासको आधार,* आशिष बुक्स हाउस प्रा.लि. ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा ,* विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

बिष्ट, मीनबहादुर (२०६०), *शैक्षिक योजना,* काठमाण्डौः भूडीपुराण प्रकाशन ।

भण्डारी, तिलचन (२०६५), *बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलापको प्रभाव, एक अध्ययन* , अप्रकाशित स्नातकोत्तर सोधपत्र, किर्तिपुर : शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. ।

राष्ट्रिय योजना आयोग (२०६८), *त्रीवर्षीय योजना २०६७/०६८-२०६९/०७०* काठमाण्डौ : सिंहदरबार ।

सामुदायिक विकास प्रवर्दन  केन्द्र, *गुणस्तरीय शिक्षा स्रोत सामाग्री कार्यान्वयन विद्यालयको अवस्था अबलोकन फाराम ।*

सामुदायिक विकास प्रवर्दन  केन्द्र,(२००६) *,प्रवर्तनात्मक बालमैत्रीपूर्ण  शिक्षण सिकाई पक्रिया अनुगमन कार्य निर्देशिका*

सामुदायिक विकास प्रवर्दन  केन्द्र,(२००५) *,प्रवर्तनात्मक बालकेन्द्रित शिक्षण प्रक्रिया अन्तर्गत प्राथमिक शिक्षक तालिम निर्देशिका ।*

सिन्हा, रामस्वरुप (२०६४), *एकाइसौं सताब्दीको शैक्षिक दुरदृष्टि,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

शर्मा काफ्ले, भोजराज (२०६५), *शैक्षिक नीति : अवधारणा र अभ्यास,* काठमाण्डौः सोपान मासिक ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* परिमार्जित संस्करण, काठमाण्डौः लुम्वीनी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौः लुम्विनी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०६०), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाण्डौः मकालु प्रकाशन गृह ।

शर्मा, चिरञ्जिवी र निर्मला (२०६५), *शैक्षणिक विधि,* काठमाण्डौः एम.के. पब्किसर्स एण्ड डिस्ट्रीव्यूटर्स ।

शर्मा, महाश्रम (२०६१), *सामुदायिक विद्यालयको व्यवस्थापनमा समुदायको संलग्नता वर्तमान यथार्थता र भावी सम्भावना,* सूचना सङ्गालो २३/२६, भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग, सानोठिमी, भक्तपुरः (२०६०), *नेपालमा विद्यालय सुधार योजना सम्बन्धी हालसम्म गरिएका प्रयासहरु र वर्तमान अवस्था ।*

शिक्षा विभाग, सानोठिमी, भक्तपुरः (२०६२), *बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका ।*

शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहलः(२०६३), *सबैका लागि शिक्षा २००४-२००९ को मुख्य दस्तावेज ।*

शिक्षा मन्त्रालय, काठमाण्डौः (२०६६), *विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ।*

*शिक्षक मासिक (२०५८),असोज,* ललितपुरः ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड ।

*शिक्षक मासिक (२०६७), फागुन,* ललितपुरः ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड ।

*शिक्षा नियमावली २०५९ को छैठौं संशोधन,* (२०६७), विराटनगरः जनक छापाखाना ।

शैक्षिक तालिम केन्द्र ´क', सुनसरी :(२०६४), *प्रशिक्षक पुनर्ताजगी तालिम, प्रशिक्षक निर्देशिका तथा प्रशिक्षार्थी स्रोत सामग्री ।*

श्रेष्ठ, चन्द्र बहादुर, (२०५९) *शैक्षणिक योजना,* काठमाण्डौंः भुडीपुराण, प्रकाशन ।

*Annual reveal 2009* , UNICEF , ERFO Biratnagar .

Mantessori, Maria (1942), *Reconstruction in Education.* New Delhi: Vikas Publication House.

Ministry of Education (2009), *Educational Information, A GLIMPSE* kathmandu, Nepal.

WWW. Phdirect.com/

WWW. unicef.org/teacher/

## अनुसूची : १
## सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा
## कक्षा शिक्षकको भूमिका
## अध्ययनगर्न प्रधानाध्यापकालागि तयार गरिएको अन्तरर्वार्ता सूची ।

उत्तरदाताको नाम :- पद :-
विद्यालयको नाम :- मिति :-

तलका प्रश्नहरुमा आफ्नो विचार राखिदिएर अनुसन्धान कार्यमा सहयोग गरिदिनहुन अनुरोध छ । यसमा व्यक्त भएका विचारहरु अनुसन्धान कार्यमा बाहेक अन्य कार्यमा उपयोग नगरिने विश्वास दिलाउन चाहन्छु ।

१. तपाइको विद्यालयमा बालमैत्री शिक्षण सिकाइ कार्यक्रम कहिलेदेखि शुरुवात भएको हो ?

२. यस कार्यक्रम सम्बन्धि कुनै तालिम लिनु भएको छ ?

छ ☐ छैन ☐

छ भने कति अबधिको कुन तालिम लिनु भएको छ ?

तलिमको नाम :

अबधि :

३. बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका कस्तो पाउनु भएकोछ ?

(क) उत्तम (ख) मध्यम (ग) न्यून

४. कक्षा शिक्षकको कक्षा अवलोकन/निरीक्षण गर्ने गर्नुभएको छ ?

छ ☐ छैन ☐

छ भने कहिले ?

(क) दैनिक (ख) साप्ताहिक (ग) मासिक

५. कक्षा निरीक्षण पछि के कस्ता सुझावहरु दिने गर्नु भएकोछ ?

(क)

(ख)

(ग)

६. कार्यक्रम लागु भएपछि कुन कुन पक्षमा सुधार आएको महशुस गर्नु भएको छ ?

क...................................  ख...............................
ग............................  घ ............................

७. विद्यालयको तर्फबाट कक्षा शिक्षकलाई के कस्तो सहयोग उपलब्ध गराउदै आउनु भएको छ ?

(क) भौतिक पक्षः

(ख) आर्थिक पक्ष :

(ग) प्रशासनिक पक्ष :

(घ) अन्य :

८. कक्षा शिक्षकको समन्वयात्मक पक्ष कस्तो पाउनु भएको छ ?

(क) प्र.अ.र अन्य शिक्षक स्टाफ संग :

(ख) विद्यार्थी संग :

(ग) अभिभावक संग :

(घ) वि.व्य.स. / शि.अ. संघ संग :

९. कक्षा शिक्षकका कमजोर पक्षहरु के के पाउनुभएको छ ?

१०. कक्षा शिक्षकको भूमिकालाइ अझ बृद्धि गर्न के गर्नु पर्ला ?

**अनुसूची : २**
**सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा**
**कक्षा शिक्षकको भूमिका**
**अध्ययनगर्न कक्षा शिक्षककालागि तयार गरिएको मिश्रित प्रश्नावली ।**

उत्तरदाताको नाम :- पद :-
विद्यालयको नाम :- मिति :-

तपाईको विचार संग मिल्दो विकल्पमा (✓) चिन्ह लगाउनुहोस । एक भन्दा बढी विकल्पमा विचार मिल्दो भएमा चिन्ह लगाउन सक्नुहुनेछ । थप कुरा उल्लेख गर्नु परे थप पानाको समेत प्रयोग गर्न सक्नुहुनेछ ।

१. तपाइ कक्षा शिक्षकको रुपमा कसरी छनौट हुनु भएको हो ?

(क) स्वेच्छाले (ख) प्र.अ. ले तोकिदिएको (ग) शिक्षक स्टापको निर्णयानुसार

२. यस कार्यक्रम सम्बन्धि कुनै तालिम लिनु भएको छ ?

छ ☐ छैन ☐

छ भने कति अबधिको कुन तालिम लिनु भएको छ ?

तलिमको नाम :

अबधि :

३. कक्षा शिक्षकको रुपमा कार्य गर्दा तपाइलाई कस्तो महशुस भएको छ ?

(क) रमाईलो (ख) दिक्क लाग्दो (ग) जसरी भएपनि जागिर खाने हो

४. तपाईले बालमैत्री शिक्षण कसरी गर्दै आउनुभएको छ ?

समयः साधनः

शिक्षण बिधिः मूल्याङ्कन बिधिः

५.परम्परागत भन्दा छुट्टै शिक्षण गर्दा बिद्यार्थी सहभागिता कस्तो छ ?
उच्च ☐ मध्यम ☐ निम्न ☐

६. यो कार्यक्रम अघि र पछिको शैक्षिक उपलब्धीमा के अन्तर पाउनुभएको छ ?

७. कार्यक्रम लागु भएपछि कुन कुन पक्षमा सुधार आएको महशुस गर्नु भएको छ ?
क.................................... ख................................

ग............................

८. तपाईको  कक्षा अवलोकन/निरीक्षण हुने गरेको  छ ?

छ ☐ छैन ☐

छ भने क-कस्ले कहिले -कहिले ?

(क) प्र.अ.ले :

(ख) वि.व्य.स. ले :

(ग) सहपाठी शिक्षकले :

(घ) विद्यालय निरीक्षकले :

(ङ) अन्य :

९. कक्षा निरीक्षण पछि के कस्ता सुझावहरु दिने गर्नु भएकोछ ?

१०. विद्यालयको तर्फबाट तपाइलाइले के कस्तो सहयोग पाउदै आउनु भएको छ ?

(क) भौतिक पक्षः

(ख) आर्थिक पक्ष :

(ग) प्रशासनिक पक्ष :

(घ) अन्य :

११. तपाइले आफ्नो भूमिका निर्वाह गर्दा कसरी समन्वय गर्नु भएको छ ?

(क) प्र.अ.र अन्य शिक्षक स्टाफ संग :

(ख) विद्यार्थी संग :

(ग) अभिभावक संग :

(घ) वि.व्य.स. / शि.अ. संघ संग :

१२. आमा भेला/अभिभावक भेला बोलाउने गर्नु भएकोछ ?

छ ☐ छैन ☐

छ भने कहिले-कहिले ?

(क) साप्ताहिक (ख) मासिक (ग) बार्षिक

१२. बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका कस्तो पाउनु भएकोछ ?

(क) उत्तम (ख) मध्यम (ग) न्यून

१३. कक्षा शिक्षकका रुपमा तपाइलाई असहज लागेका पक्षहरु के के पाउनुभएको छ  ?

१४. कक्षा शिक्षकको भूमिकालाइ अझ बृद्धि गर्न के गर्नु पर्ला ?

## अनुसूची : ३

**सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका अध्ययनगर्न वि.व्य.स. पदाधिकारी र अभिभावककालागि तयार गरिएको मिश्रित प्रश्नावली ।**

१. तपाईको विद्यालयमा बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रिया लागु हुनु अघि र भएपछि मा के फरक पाउनु भएकोछ ?

२. यस कार्यक्रममा विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको  के कस्तो भूमिका रहन्छ ?

३. बिद्यार्थी नियमितताका लागि तपाइहरुको भुमिका/सहयोग कस्तो छ ?

४. बालबालिकाको सरसफाईमा कत्तिको ध्यान पुऱ्याउने गर्नु भएको छ ?

५. बालबालिकाहरुलाई खाजा पठाउने गर्नु भएको छ, छैन ?

छैन भने अब के गर्नु पर्ला ?

६. समयसमयमा बिद्यालय गइ आफ्ना बालबालिकाको नियमितता, सिकाई उपलब्धीका बारेमा जानकारी लिने गरेको छ छैन ?

७. बिद्यालयले आयोजना गरेको कार्यक्रममा सहभागी हुने गरेको छ छैन ?

८. बालबालिकाको गृहकार्य र अन्य सिकाईमा सहयोग गर्ने गरेको छ छैन ?

९. तपाईलाइ यो कार्यक्रम कस्तो लागेको छ ?

१०. कक्षा शिक्षकको भूमिकालाइ कसरी हेर्नु भएकोछ ?

## अनुसूची : ४
## सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा
## कक्षा शिक्षकको भूमिका
## अध्ययनगर्न स्रोतव्यक्ती/विद्यालय निरीक्षककालागि तयार गरिएको अन्तरर्वार्ता सूची

उत्तरदाताको नाम :- पद :-
कार्यालयको नाम :- मिति :-

तलका प्रश्नहरुमा आफ्नो विचार राखिदिएर अनुसन्धान कार्यमा सहयोग गरिदिनहुन अनुरोध छ। यसमा व्यक्त भएका विचारहरु अनुसन्धान कार्यमा बाहेक अन्य कार्यमा उपयोग नगरिने विश्वास दिलाउन चाहन्छु।

१. यस जिल्लामा बालमैत्री शिक्षण सिकाइ कार्यक्रम कहिलेदेखि कसरी शुरुवात भएको हो ?

२. सामुदायिक विद्यालयमा यो कार्यक्रम किन संचालन गरिएको हो ?

३. कार्यक्रम संचालनमा जि.शि.का./ तपाइको भुमिका कस्तो रहेको छ ?

४. यो कार्यक्रम अघि र पछिको शैक्षिक उपलब्धीमा के अन्तर पाउनुभएको छ ?

५.कार्यक्रम लागु भएपछि कुन कुन पक्षमा सुधार आएको महशुस गर्नु भएको छ ?

क.................................... ख................................
ग.............................

६. बालमैत्री कार्यक्रममा कक्षा शिक्षकको भूमिकालाई कसरी लिनु भएको छ ?

७. कक्षा शिक्षकका कमजोर पक्षहरु के के छन् ?

८. कक्षा शिक्षकको भूमिकालाई अझ प्रभावकारी बनाउन के कस्ता उपायहरु अबलम्बन गरिएका छन् ?

९. कार्यक्रम कार्यान्वयन क्रममा कुनै कठिनाई महसुस गर्नु भएको छ ?

छ भने के कस्ता समस्या महसुस गर्नु भएको छ ?

ति समस्या समाधानमा जि.शि.का./ तपाइको भुमिका कस्तो रहन गएको छ ?

१०. आगामि दिनमा यस कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गर्न जि.शि.का./ तपाइको कस्तो योजना रहेको छ ?

## अनुसूची : ५

## सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका अध्ययनगर्न विद्यार्थीकालागि तयार गरिएको मिश्रित प्रश्नावली ।

उत्तरदाताको नाम :- पद :-

विद्यालयको नाम :- मिति :-

तपाईको विचार संग मिल्दो विकल्पमा (✓) चिन्ह लगाउनुहोस । एक भन्दा बढी विकल्पमा विचार मिल्दो भएमा चिन्ह लगाउन सक्नुहुनेछ । थप कुरा उल्लेख गर्नु परे थप पानाको समेत प्रयोग गर्न सक्नुहुनेछ ।

१. बिद्यालय र कक्षा कोठाको वतावरण रमाईलो

छ ☐ छैन ☐ उस्तै छ ☐

२. शिक्षकको व्यबहार मायालु

छ ☐ छैन ☐ उस्तै छ ☐

३.कक्षा कोठमा गराइने सबै क्रियाकलाप मन पर्छ ?

पर्छ ☐ पर्दैन ☐ कुनै कुनै मन पर्छ ☐

४.कक्षामा भएका सामाग्री सबैले समान रुपमा प्रयोग गर्न पाएको छ ?

छ ☐ छैन ☐ कुनै कुनै सामाग्री ☐

५. शिक्षकले कक्षमा सबैलाई बराबरी माया गर्नु हुन्छ ?

गर्नु हुन्छ ☐ गर्नु हुन्न ☐

६.आफ्ना मनमा लागेका कुरा शिक्षक संग सजिलै भन्न सक्छौ ?

सक्छु ☐ सक्दिन ☐ डर लाग्छ ☐

७. बिद्यार्थीहरुको सहभागितामा कक्षाको नियम र कक्षाको काम बनाईएको हो ?

हो ☐ होईन ☐ सरले बनाएको ☐

८. कक्षामा भएका कुन-कुन सामाग्रीहरु तपाईले ल्याएको हो ?

९. खाजाको व्यवस्था कसरी गरिएको छ ?

(क) घरबाट आफैले लिएर आउने गरेको छ,
(ख) स्कूलमा दिने गरेको छ,
(ग) आफैले किनेर खाने गरेको छ,
(घ) खाजा खान घर जाने गरेको छ

१०. तपाइ सधै स्कूल आउनु हुन्छ ?

आउँछु ☐ आउँदिन ☐

किन ?

अनुसूचि - ६

विद्यालयको मानवीय संसाधन तथा भौतिक स्रोतको विवरण

विद्यालयको अवलोकन फारम

विद्यालयको नामः-

ठेगाना :- अवलोकन मितिः-

क) मानव स्रोत सम्बन्धी बिवरण

१.विद्यालयमा हाल कार्यरत शिक्षकहरुको विवरण :

| क.सं. | शिक्षकको नामथर | लिङ्ग | नियुक्ती मिति | नियुक्तीको किसिम | शैक्षिक योग्यता | तालिम विवरण | साप्ताहिक कार्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. विद्यार्थी विवरण

| क.सं. | सेक्सन संख्या | विद्यार्थी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| जम्मा | | | | |

३. शिक्षक विद्यार्थी अनुपात

| तह | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| प्राथमिक | | | |
| निम्न माध्यमिक | | | |
| माध्यमिक | | | |
| उच्च माध्यमिक | | | |
| जम्मा | | | |

(ख) भौतीक स्रोत सम्बन्धि विवरण

- विद्यालय भवन संख्या :
- कक्षाकोठा संख्या :
- अफिसका लागि छुट्याइएको कोठा :
- बिधालय भवनको अवस्था : पक्की / अर्धपक्की / कच्ची
- विद्यालय भवनको अवस्था : आफ्नै / वहालमा / सार्वजनिक
- कक्षाकोठाको झ्याल ढोकाको अवस्था : राम्रो /सामान्य / नराम्रो
- कक्षाकोठामा प्रकाश वत्तिको व्यवस्था : भएको / नभएको
- प्रयोगशाला कोठा व्यवस्थापन : भएको/नभएको
- प्रयोगशाला कोठा व्यवस्थापन भएको भए सामाग्री व्वस्थापनको अवस्था :
- पुस्तकालय कोठा व्यवस्थापन : भएको/नभएको
- प्रयोगशाला कोठा व्यवस्थापन भएको भए सामाग्री व्वस्थापनको अवस्था :
- कम्पाउण्डवालको व्यवस्था :

(ग) विद्यालयको शैक्षिक सूचकहरु (प्राथमिक तहको मात्र)

| क.सं. | सूचक | शै.स.२०६५ | शै.स.२०६६ | शै.स.२०६७ |
|---|---|---|---|---|
| १ | कूल भर्ना दर(GER) | | | |
| २ | खुद भर्ना दर (NER) | | | |
| ३ | उत्तिर्ण दर (Promotion Rate) | | | |
| ४ | कक्षा छाड्ने दर (Dropout Rate) | | | |
| ५ | कक्षा दाहोऱ्याउनेदर(Repitation Rate) | | | |

# अनुसूचि - ७

## कक्षा अवलोकन फारम

विद्यालयको नामः-

ठेगाना :- अवलोकन मितिः-

१.कक्षाशिक्षकको रुपमा कार्यरत कक्षा १ को कक्षाशिक्षकहरुको विवरण :

| क्र.सं. | शिक्षकको नामथर | लिङ्ग | नियुक्ती मिति | नियुक्तीको किसिम | शैक्षिक योग्यता | तालिम विवरण | साप्ताहिक कार्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

२. कक्षा १ को विद्यार्थी विवरण

| शै.सं | सेक्सन संख्या | विद्यार्थी संख्या | | जम्मा | दलित | जनजाती | अपाङ्ग |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | | | | |
| २०६६ | | | | | | | |
| २०६७ | | | | | | | |
| २०६८ | | | | | | | |

३.कक्षा १को शिक्षक विद्यार्थी अनुपात

| शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|
| | | |

४. कक्षा १ को विद्यार्थी भर्नाको प्रकृती

| साल | नया भर्ना | कक्षादोहोऱ्याउने | कक्षा छाड्ने | जम्मा |
|---|---|---|---|---|
| २०६५ | | | | |
| २०६६ | | | | |
| २०६७ | | | | |

(४) कक्षा १ को कक्षाकोठा व्यस्थापन सम्बन्धि विवरण

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १. | कक्षाकोठा | | |
| २. | झ्याल ढोका | | |
| ३ | फर्निचर/कार्पेट,चकटी | | |
| ४ | कालोपाटी/whiteboard | | |
| ५ | चप्पलजुत्ता राख्ने र्‍याग | | |
| ६ | दराज | | |
| ७ | निरीक्षण पुस्तीका | | |

(४) कक्षा १ को सिकाई सामग्री व्यस्थापन सम्बन्धि विवरण

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १. | सन्देश वोर्ड | | |
| २. | सिकाईसामग्री बाकस | | |
| ३ | विद्यार्थी निर्मित सिकाईसामग्री | | |
| ४ | शिक्षक निर्मित सिकाईसामग्री | | |
| ५ | खरिद/प्राप्त सिकाईसामग्री | | |
| ६ | सिकाईसामग्रीको प्रयोग र व्यवस्थापन | | |
| ७ | विद्यार्थी हाजिरी अभिलेख | | |
| ८ | विद्यार्थी अभिलेख व्यस्थापन | | |
| ९ | विद्यार्थी मूल्याङ्कन अभिलेख व्यस्थापन | | |

(५) शैक्षिक सूचकहरु ( कक्षा १ को मात्र)

| क्र.सं. | सूचक | शै.स.२०६५ | शै.स.२०६६ | शै.स.२०६७ |
|---|---|---|---|---|
| १ | कूल भर्ना दर(GER) | | | |
| २ | खुद भर्ना दर (NER) | | | |
| ३ | उत्तिर्ण दर (Promotion Rate) | | | |
| ४ | कक्षा छाड्ने दर (Dropout Rate) | | | |
| ५ | कक्षादाहोऱ्याउनेदर(Repitation Rate) | | | |

# अनुसूची –८

## विद्यालयको अवस्था अवलोकन फाराम

(गुणस्तरीय शिक्षा श्रोत सामग्री कार्यान्वयन)

विद्यालय :

अवलोकन कर्ताको नाम

| अवस्था | राम्रो | | | ठीकै | | | कमजोरी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क. कक्षा कोठा व्यवस्थापन | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ |
| – फर्निचर (डेक्स, बेन्च) विद्यार्थी संख्या | | | | | | | | | |
| – फर्निचरको अवस्था र रखाई तरिका | | | | | | | | | |
| – कालोपाटी रखाई र सोको अवस्था | | | | | | | | | |
| – झ्याल ढोकाकोखापा र ताला लगाउने व्यवस्था | | | | | | | | | |
| – विद्यार्थी/शिक्षक निर्मित सामग्री रखाई व्यवस्था | | | | | | | | | |
| – फोहोर फाल्ने भाँडा र प्रयोग व्यवस्था | | | | | | | | | |
| – शैक्षिक सामग्री र सोको रखाई व्यवस्था | | | | | | | | | |
| – विषयगत कुनाको व्यवस्था | | | | | | | | | |
| ख. अफिस कोठा व्यवस्थापन | | | | | | | | | |
| – शिक्षक/विद्यार्थीको नियमिताता रजिष्टर | | | | | | | | | |
| – शैक्षिक चार्टको निर्माण र सजावट | | | | | | | | | |
| – विद्यालय क्षेत्रको शैक्षिक तथ्यांकको रेकर्ड र पारदर्शिता | | | | | | | | | |
| – परीक्षाफलको रेकर्ड व्यवस्था | | | | | | | | | |
| – आम्दानी खर्च राख्ने व्यवस्था र पारदर्शिता | | | | | | | | | |
| – शैक्षिक सामग्रीको व्यवस्था | | | | | | | | | |
| – वार्षिक कार्ययोजना र कार्यविभाजन | | | | | | | | | |
| – पाठ्यपुस्तक तथा सहायक सामग्रीको व्यवस्था | | | | | | | | | |
| ग. विद्यालय व्यवस्थापन | | | | | | | | | |
| – भवन(छत, वरण्डा झ्याल, ढोकाको अवस्था | | | | | | | | | |
| – कक्षाकोठा संख्या र कक्षा संख्या | | | | | | | | | |
| – शौचालय पर्याप्त प्रयोग भए नभएको सरसफाई | | | | | | | | | |
| – सबै विद्यार्थीलाई खाने पानीको सुविधा पुगे नपुगेको | | | | | | | | | |
| – खेल मैदान र खेल सामग्रीको अवस्था र पर्याप्तता | | | | | | | | | |
| – विद्यालय कम्पाउण्डको अवस्था | | | | | | | | | |
| – विद्यालयको आम्दानी खर्चको पारदर्शिता | | | | | | | | | |
| – विद्यालयको स्थायी आम्दानी स्रोत खोजीको अवस्था । | | | | | | | | | |
| – पुस्तकालय संचालनको अवस्था । | | | | | | | | | |

# अनुसूची –९

## विद्यालय अनुगमन सूचक

अनुगमनकर्ताको नामः

विद्यालयः मितिः

१. कक्षा अवलोकनका आधारमा भर्नुपर्ने

(क) कक्षाकोठाको संरचना र व्यवस्थापन

| क्र.सं | सूचक | छ | छैन |
|---|---|---|---|
| १ | विद्यार्थी संख्याको आधारमा कक्षाकोठाको आकार उपयुक्त | | |
| २ | भुईंमा (Flooring) कार्पेट विछ्याइएको | | |
| ३ | बस्नको लागि चक्ला/सुकुल अदिको व्यवस्था | | |
| ४ | कक्षाकोठाको भित्ताहरू सफा र रड.रोगन गरिएको | | |
| ५ | कक्षामा दोहोरो हावा खेल्ने र उज्यालो | | |
| ६ | कक्षाकोठा र वरपर सरसफाईको राम्रो प्रवन्ध मिलाइएको | | |
| ७ | कालोपाटि सबैले देख्ने र पुग्न सक्ने गरी राखिएको । | | |
| ८ | तिनवटा भित्तामा विद्यार्थीको प्रयोगका लागि कालोपाटि बनाइएको | | |
| ९ | कक्षामा पुस्तकालयको व्यवस्था | | |
| १० | विषयगत कुनाको व्यवस्था | | |
| ११ | शिक्षकको लागि कुर्सी, टेवुल र दराज | | |
| १२ | कक्षामा विभिन्न प्रकारका खेल सामग्रीहरूको व्यवस्था | | |
| १३ | कक्षामा शैक्षिक सामग्रीहरूको उपलब्धता | | |
| १४ | विद्यार्थीहरूले तयार गरेका सामग्रीको प्रदर्शन गरिएको । | | |
| १५ | विद्यार्थीहरूलाई यू आकार, गोलाकार समूह र लाइनमा वस्नका लागि ठाउँको व्यवस्था । | | |
| १६ | विद्यार्थीहरूलाई सजिलै यताउता गर्न सक्ने गरी वस्ने व्यवस्था | | |
| १७ | कक्षामा सिकाई उपलब्धि, कक्षा क्रियाकलाप र समय, कक्षाकोठाको नियम, कक्षाकोठाको काम, साप्ताहिक तालिका (समाचार आदान–प्रदान) र साप्ताहिक समय तालिका राखिएको । | | |
| १८ | शिक्षक सन्देश लेख्ने छुट्टै वोर्ड र सन्देश लेख्ने गरेको | | |
| १९ | कक्षामा बाल सुलभ डेक्स, वेन्चको व्यवस्था गरेको | | |

(ख) शिक्षकको तयारी र क्रियाकलाप

| क.सं | सूचक | छ | छैन |
|---|---|---|---|
| १ | दैनिक पाठयोजना/पाठ नोट बनाएको | | |
| २ | पाठयोजना अनुसार क्रियाकलाप सञ्चालनका लागि चाहिने सामग्री | | |
| ३ | नियमित रुपमा विद्यार्थीसँग अन्तरक्रिया तथा भलाकुसारी गरेको | | |
| ४ | नियमित रुपमा शिक्षकले सन्देश लेखेर वाचन एवं छलफल गराएको | | |
| ५ | नियमित रुपमा समाचार आदान–प्रदान गराएको | | |
| ६ | कक्षामा डररहित वातावरण सिर्जनागर्न विद्यार्थीहरूलाई माया र विश्वास दिएको | | |
| ७ | कक्षा रोचक तथा मनोरञ्जनात्मक गराउन विद्यार्थीहरूसँगै बालगीत गाई अभिनय गरेको | | |
| ८ | कक्षा क्रियाकलापमा विद्यार्थीहरूलाई समान सहभागिता गराएको | | |
| ९ | विद्यार्थीलाई प्रश्न सोध्ने अवसर दिएको | | |
| १० | सबै विद्यार्थीलाई ध्यान दिएको, आँखाको सम्पर्क गरेको | | |
| ११ | प्रत्येक विद्यार्थीको व्यक्तिगत भिन्नता बुझी व्यवहार गरेको | | |
| १२ | दिन प्रतिदिन अद्यावधिक हुँदै गएको | | |
| १३ | एउटै सिकाई उपलब्धि हासिल गराउन पनि फरक–फरक क्रियाकलाप गराएको | | |
| १४ | क्रियाकलापमा आधारित बालमैत्री मूल्यांकन प्रक्रिया अपनाएको | | |
| १५ | सम्मानका साथ शिक्षण सिकाई वातावरणको सिर्जना गरेको | | |
| १६ | विद्यार्थीले गरेको कामको हौसला र प्रशंसा गर्ने गरेको | | |
| १७ | सबै विद्यार्थीहरूलाई क्रियाकलापमा भाग लिने अवसर दिएको | | |
| १८ | बालकेन्द्रित शिक्षण सिकाई प्रक्रिया अपनाएको | | |
| १९ | बालमैत्रीपूर्ण शिक्षक सामग्री प्रयोग गरेको | | |
| २० | कक्षा शिक्षण पद्धति अपनाएको | | |
| २१ | विद्यार्थीहरूको प्रगति अभिलेख विवरण राख्ने गरेको | | |
| २२ | विद्यार्थीहरूलाई थाहा भएको कुराबाट विषयवस्तु शुरु गरेको | | |
| २३ | कमजोर विद्यार्थीलाई व्यक्तिगत ध्यान दिएको | | |
| २४ | पुरा समय कक्षामा बिताउने गरेको | | |

(ग) विद्यार्थी क्रियाकलाप

| क.सं | सूचक | छन् | छैनन् |
|---|---|---|---|
| १ | साथी–साथी बीच राम्रो सम्बन्ध र व्यवहार देखाएका | | |
| २ | कक्षाको काम, नियम,क्रियाकलाप र साथीहरूप्रति जिम्मेवार | | |
| ३ | उत्साहित भएर कक्षा क्रियाकलापमा सहभागी भएका | | |
| ४ | कक्षा क्रियाकलापमा स्वतन्त्र रुपमा सहभागी भएका | | |
| ५ | कक्षा समय अवधिभरि खुसी र प्रश्न देखिएका | | |
| ६ | समाचार आदान–प्रदानमा सहजै भाग लिएका | | |
| ७ | स–सानो समूहमा मिलेर काम गरेका | | |
| ८ | निडर भई शिक्षकलाई प्रश्न सोध्ने गरेका | | |
| ९ | सफा भई नियमित रुपमा विदालय आउने गरेका | | |
| १० | फूर्सदको समयमा पुस्तकालयका पुस्तकहरू पढ्ने गरेका | | |
| ११ | आफूले गरेका कामहरूको प्रस्तुतीकरण र कक्षामा प्रदर्शन गरेका | | |
| १२ | प्रशन्न मुद्रामा र आत्मविश्वासका साथ कक्षाकार्यमा भाग लिएका | | |
| १३ | विद्यार्थीहरूको सिकाई उपलब्धि स्तरमा वृद्धि भएको | | |
| १४ | आ–आफ्नो जिम्मेवारी बहन गरेको | | |
| १५ | शिक्षकले प्रश्नहरूमा स्वतः स्फूर्त प्रतिक्रिया जनाउने गरेका | | |
| १६ | बालगीत, खेल आदि जस्ता क्रियाकलापमा सहजै भाग लिएका | | |
| १७ | कक्षाका सामग्रीहरू प्रयोग गरी हिफाजात गर्ने गरेका | | |
| १८ | साथी साथी बीच सिक्ने सिकाउने काम गरेका | | |

# अनुसूची –१०
## विद्यालय अनुगमन सूचक
(अनुगमनकर्ताले सम्बन्धित पक्षसँग अन्तरक्रियाको आधारमा भर्नुपर्ने)

(क) विद्यार्थी

| क.सं | सूचक | छ | छैन |
|---|---|---|---|
| १ | विद्यालय र कक्षाकोठाको वातावरण रमाइलो | | |
| २ | शिक्षकको व्यवहार मायालु | | |
| ३ | सुविधाजनक कक्षाकोठा (बस्न र यताउता डुल्नका लागि) | | |
| ४ | शिक्षकको बोली प्रष्ट बुझिने | | |
| ५ | क्रियाकलाप गर्नका लागि कक्षामा प्रशस्त सामग्रीहरू | | |
| ६ | कक्षामा गराईने क्रियाकलापहरू मनपर्ने | | |
| ७ | कक्षामा भएको कुराहरू घरमा सुनाउने गरेको | | |
| ८ | कक्षामा भएको कुराहरू घरमा सुनाउने गरेको | | |
| ९ | पढेको कुराहरू उनीहरूलाई काम लागेको | | |
| १० | विद्यालयमा सफा पिउने पानीको व्यवस्था | | |
| ११ | केटा केटीका लागि छुट्टा छुट्टै चर्पीको व्यवस्था र प्रयोग | | |
| १२ | खेल्ने चउर र खेल सामग्रीको व्यवस्था | | |
| १३ | शिक्षकले कक्षा, घर र समुदायमा स–सानो समूह र व्यक्तिगत रुपमा प्रशस्त काम लगाउने गरेको | | |
| १४ | शिक्षकले कक्षामा गरेर सिक्ने अवसर दिने गरेको | | |
| १५ | सबै विषयमा गराइने क्रियाकलाप मनपर्ने | | |
| १६ | प्र.अ. र अरु शिक्षकले विद्यालयमा सहयोग पुर्‍याउने गरेको | | |
| १७ | कक्षाका सबै साथीहरू सहयोगी | | |
| १८ | कक्षा पुस्तकालयका पुस्तकहरू रमाइला र रोचक | | |
| १९ | कक्षा पुस्तकालयका पुस्तकहरू रमाइला र रोचक | | |
| २० | कक्षाभित्रका खेल सामग्रीहरू मनपर्ने | | |
| २१ | नियमित रुपमा कक्षामा आउने गरेको | | |
| २२ | पढाइको शिलसिलामा अवलोकन भ्रमण पनि गराइने गरेको | | |
| २३ | विद्यार्थीद्धारा विभिन्न सामग्री र पुस्तकहरू निर्माण गरिएको | | |
| २४ | विद्यार्थीहरूको सहभागितामा कक्षाको नियम र कक्षाको काम तय गरिएको | | |
| २५ | विद्यार्थीहरूलाई कक्षामा स्वागत र विद्यालयको वातावरणसित परिचित गराइएको । | | |
| २६ | अभिभावकहरू समय–समयमा विद्यालयमा आई बालबालिकाको सिकाई उपलब्धिको बारेमा जानकारी लिने गरेको । | | |

(ख) कक्षा शिक्षक

| क.सं | सूचक | छ | छैन |
|---|---|---|---|
| १ | विद्यार्थी संख्या उपयुक्त | | |
| २ | विद्यार्थीको संख्या अनुसार कक्षाकोठाको आकार सुहाउँदो | | |
| ३ | शिक्षण सिकाईका लागि चाहिने सामग्रीहरूको पर्याप्तता | | |
| ४ | कक्षा शिक्षण पद्धतिसँग सन्तुष्ट | | |
| ५ | कक्षा शिक्षण गर्न प्र.अ., वि.व्य.स. र अन्य शिक्षकको सहयोग | | |
| ६ | शैक्षिक सत्रको शुरुमा, बीच–बीचमा र अन्त्यमा अभिभावकसँग आ–आफ्ना बालबालिकाको सिकाईको बारेमा सम्पर्क हुने गरेको | | |
| ७ | बालकेन्द्रित शिक्षण सिकाई प्रक्रियामा बालबालिकाहरू रमाएको | | |
| ८ | बालबालिकाको सिकाईमा अभिभावकहरूले सहयोग पुऱ्याएको | | |
| ९ | प्रत्येक हप्ता शिक्षक र कर्मचारीको बैठक बस्ने गरेको | | |
| १० | नियमित रुपमा पाठयोजना/पाठ नोट बनाउने गरेको | | |

(ग) प्रधानाध्यापक

| क.सं. | सुचक | छ | छैन |
|---|---|---|---|
| १. | शिक्षकको नियमिततामा वृद्धि भएको | | |
| २. | विद्यार्थिहरूको नियमिततामा वृद्धि भएको | | |
| ३. | कक्षा शिक्षकलाई आवश्यक मसलन्द सामाग्री उपलब्ध गराएको | | |
| ४. | कक्षा शिक्षकलाई आफु र खन्य शिक्षकबाट पनि सहयोग पुऱ्याएको | | |
| ५. | समय-समयमा कक्षा शिक्षणको अनुगमन गर्ने गरेको | | |
| ६. | विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेको | | |
| ७. | विद्यालयमा विद्यार्थिहरूका लागि स्वागत कार्यक्रम सञ्चालन गरेको | | |
| ८. | बि.व्य.स.को. बैठकमा बालबालिकाका लागि विद्यालय र कक्षामा सिकाइयुक्तवातावरण सिर्जना गर्ने सम्बन्धि निर्णयहरू गर्ने गरेको | | |
| ९. | समय-समयमा अभिभावकहरूलाई विद्यालयमा अमन्त्रण गरी आ-आफ्ना बालबालिकाको सिकाइको बारेमा जानकारी लिन सुचना गर्ने गरेको | | |
| १०. | विद्यालयको सरसफाइ र शान्त वातावरण सिर्जना गर्ने कार्यमा समुदायको सहभागिता गराएको | | |
| ११. | विद्यालयको योजना निर्माण, अनुगमन र मुल्याङ्कन कार्यमा समुदायको सहभागिता गराएको | | |

| | | | |
|---|---|---|---|
| १२. | अभिभावकहरूलाई बालअधिकारको बारेमा सचेतना गराएको | | |
| १३. | अभिभावक, बि.व्य.स., शि.अ.सं., शिक्षक कर्मचारी र विद्यार्थिहरूलाई नमुना विद्यालयको अवलोकन भ्रमणमा लगेको | | |
| १४. | विद्यालयको आर्थिक पारदर्शिताका लागि सामाजिक लेखापरीक्षण गराउने गरेको | | |
| १५. | स्वयंसेवक एवं निजी शिक्षकहरूको प्रवन्ध मिलाएको | | |
| १६. | शिक्षकहरूको दक्षता अभिवृद्धिका लागि तालिममा भाग लिने व्यवस्था पमलाएको | | |
| १७. | विद्यालय सेवा क्षेत्र भित्रका सम्पूर्ण प्राथमिक विद्यालय उमेरका बालबालिकाहरू विद्यालयमा भर्ना भएको | | |
| १८. | विद्यालयको वार्षि योजना बनाइएको | | |
| १९. | समय-समयमा शैक्षिक प्रदर्शनीको आयोजना गरेको | | |

(घ) अभिभावक

| क.सं. | सुचक | छ | छैन |
|---|---|---|---|
| १. | गाउँको सबै बालबालिका विद्यालयमा भर्ना भएका | | |
| २. | आफ्नो छोरा वा छोरीलाई नियमित विद्यालय पठाएको | | |
| ३. | समय-समयमा विद्यालयमा गई आफ्ना बालबालिकाको सिकाई उपलब्धीका बारेमा जानकारी लिने गरेको | | |
| ४. | विद्यालयमा भएका गतिविधि र कक्षा क्रियाकलापका बारेमा घरमा बालबालिकासँग जानकारी लिने गरेको । | | |
| ५. | कक्षा शिक्षकले बोलाएको समयमा विद्यालयमा आफैं उपस्थित भई सम्पर्क गर्ने गरेको | | |
| ६. | बालबालिकाको सरसफाइमा ध्यान पुऱ्याउने गरेको | | |
| ७. | बालबालिकालाई खाजा पठाईदिने गरेको | | |
| ८. | बालबालिकालाई झोला, कापी, कलम र अन्य सिकाइ सामाग्री पठाइदिने गरेको | | |
| ९. | विद्यार्थिहरूको खोज तथा अनुसन्धानमूलक कार्यमा सहयोग पुऱ्याएको | | |
| १०. | विद्यालयले आयोजना गरेको शैक्षिक प्रदर्शनीमा भाग लिने गरेको | | |
| ११. | विद्यालय सरसफाइ, वृक्षरोपण, घेराबार, खेल मैदान निर्माण आदि जस्ता कार्यमा सहयोग पुऱ्याएको | | |
| १२. | बालबालिकाको गृहकार्य र अन्य सिकाइमा सहयोग पुऱ्याएको | | |

(ङ) विद्यालय व्यवस्थापन समिति (विव्यस) अभिभावक शिक्षक संघ (अशिसं)

| क.सं. | सूचक | छ | छैन |
|---|---|---|---|
| १. | विद्यालय सुधार योजना निर्माण गर्न सहयोग पुऱ्याएको | | |
| २. | विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि निर्णयहरू पास गर्न, समुदायमा सचेतना गर्न, अभियान संचालन गर्न शिक्षक/विद्यार्थीएवं अभिभावकसँग छलफल गर्न सहयोग पुऱ्याएको | | |
| ३. | विद्यार्थिहरूको खोज तथा अनुसन्धानमूलक कार्यमा सहयोग पुऱ्याएको | | |
| ४. | मासिक वैठक बस्ने गरेको | | |
| ५. | शैक्षिक निर्णयहरू भएको | | |
| ६. | विद्यालयको आम्दानि खर्चको लेखापरीक्षण गराएको | | |
| ७. | विद्यालयको शिक्षक विद्यार्थीअनुपातको व्यवस्था | | |
| ८. | विद्यालयको भौतिक, आर्थिक, व्यवस्थापन र प्रशासनिक सुधारमा जनसहभागिता जुटाएको | | |
| ९. | शिक्षकको दक्षता अभिवृद्धिका लागि तालिम , गोष्ठी, कार्यशाला आदिमा पठाउन सिफारीस गर्ने गरेको | | |
| १०. | विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको अनुगमन गर्ने गरेको | | |
| ११. | विद्यालयमा आधारित बालविकासकेन्द्रको व्यवस्थापन गरेको | | |
| १२. | विद्यार्थी संख्याको आधारमा निजी तथा स्वयंसेवक शिक्षक राख्ने व्यवस्था मिलाएको | | |
| १३. | प्रवर्तनात्मक बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया र कक्षा शिक्षण पद्धति लागु गर्न विद्यालयलाई सहयोग पुऱ्याएको | | |
| १४. | विद्यालयको स्थायी आर्थिक स्रोतको व्यवस्था मिलाएको | | |

(च) बाल क्लब

| क.सं. | सूचक | छ | छैन |
|---|---|---|---|
| १. | बाल क्लब गठन र सञ्चालन भएको | | |
| २. | संरक्षक शिक्षकको चयन भएको | | |
| ३. | बाल क्लबको कार्य योजना बनाएको | | |
| ४. | विद्यालयको क्रियाकलापहरूमा बाल क्लबलाई परिचालन गर्ने गरेको | | |
| ५. | बालअधिकारका लागि बाल क्लबले कार्यक्रम गर्ने गरेको | | |

# अनुसूची –११

## बालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा यसका आधारभूत पक्षहरूलाई समेट्दै तयार गरिएका सूचकहरू र सूचकहरूका आधारमा गरिएका विद्यालयहरूको स्वमूल्याङ्कनको सारांश

( नमुना अध्ययनका ५ विद्यालयहरूको )

| क.स. | सूचकहरु | विद्यालय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | Total |
| १. | कार्पेटिङ्को व्यवस्था | ✓ | ✓ | ✓ | ✓ | ✓ | 5✓ |
| २. | Tin trunk पुस्तकालय प्रयोग | p | ✓ | ✓ | ✓ | ✓ | 1p,4✓ |
| ३. | समाचार वाचन | p | p | ✓ | ✓ | x | 2p,2✓,1 x |
| ४. | शै. सामग्रीको प्रयोग | ✓ | ✓ | ✓ | ✓ | ✓ | 5✓ |
| ५. | बसाई व्यवस्थापन सुधार | p | ✓ | ✓ | ✓ | ✓ | 1p,4✓ |
| ६. | शंशोधित समय तालिकाको प्रयोग | ✓ | p | ✓ | p | ✓ | 2p,3 ✓ |
| ७. | पाठ नोट/योजना तयारी | p | ✓ | x | ✓ | p | 1p,2✓,1 x |
| ८. | बालमैत्रीपूर्ण तरिका प्रयोग | ✓ | ✓ | ✓ | ✓ | ✓ | 5✓ |
| ९. | कक्षाकोठा सजावट | ✓ | p | ✓ | ✓ | ✓ | 1p,4✓ |
| १०. | विद्यार्थी निर्मित सामग्री प्रदर्शन | ✓ | ✓ | ✓ | p | p | 2p,3✓ |
| ११. | दैनिक सन्देश पाटी प्रयोग | ✓ | ✓ | ✓ | ✓ | p | 1p,4✓ |
| १२. | मौसमी तालिकाको प्रयोग | ✓ | ✓ | ✓ | ✓ | ✓ | 5✓ |
| १३. | लो बोर्ड (बच्चाको कालोपाटी) | ✓ | ✓ | ✓ | ✓ | ✓ | 5✓ |
| १४. | विद्यार्थी सहभागिता स्थिति | ✓ | p | ✓ | ✓ | p | 1p,4✓ |
| १५. | अभिभावकबाट अनुगमन | p | p | p | p | p | 5p |
| १६. | विद्यार्थी अभिलेख, व्य. फाइल | p | p | ✓ | ✓ | p | 3p,2✓ |
| १७. | कक्षानियम/जिम्मेवारी | ✓ | p | ✓ | ✓ | ✓ | 1p,4✓ |
| १८. | कक्षा वैठक | p | x | p | p | p | 4p,1 x |

नोटः ✓ = लागू गरिएको / राम्रो, X = लागू छैन/नराम्रो, P = Partial/आंशिक लागू       कक्षाकोठा अनुगमन २०६८

अनुसूची १२
कक्षा क्रियाकलापको लागि निर्धारित समय

| विषय | शिक्षण सिकाइका क्रियापलाप | समय |
|---|---|---|
| | कार्य जिम्मेवारी वहन, शिक्षक सन्देश लेखन<br>• शिक्षक/विद्यार्थी अन्तरक्रिया<br>• सन्देश वाचन र छलफल<br>• समाचार आदान प्रदान वा कक्षा वाचन<br>• विद्यार्थी उपस्थिती | कक्षा समय पूर्व<br>१० मिनेट<br>१५ मिनेट |
| नेपाली<br>(९० मिनेट) | • पुनरावलोकन<br>• पाठ्यवस्तु चिनारी र पढाई अभ्यास<br>– व्यक्तिगत पढाई<br>– पुस्तकालयको प्रयोग<br>– (खेल व्यक्तिगत)<br>• सिकाइ खेल(ठुलो समुहमा)<br>• सिकाइ मूल्याङ्कन<br>• पुनरावलोकन | ५ मिनेट<br>३० मिनेट<br>१५ मिनेट<br>१५ मिनेट<br>५ मिनेट |
| गणित (६० मिनेट) | • गणितिय अवधारणा<br>• सहभागितापूलक सिकाइ अभ्यास<br>• गणितिय सिकाइका खेल<br>• सिकाइ मूल्याङ्कन<br>• पुनरावलोकन | १५ मिनेट<br>१५ मिनेट<br>१५ मिनेट<br>१० मिनेट<br>५ मिनेट |
| सामाजिक अध्ययन, विज्ञान तथा वातावरण र स्वास्थ्य शिक्षा<br>(४५ मिनेट) | • पाठ्यवस्तु चिनारी<br>अन्तरक्रिया<br>आलोकन/प्रदर्शन<br>खोजपूर्ण कार्य<br>प्रतिवेदन (मौखिक)<br>• सिकाइका खेल<br>• सिकाइ मूल्याङ्कन | २५ मिनेट<br>१० मिनेट<br>५ मिनेट |
| English<br>(2days 90-M.I day 45 m.) | • Job Reshponsbilities and Write up message | Before Class Time |
| | • Students/Teacher interaction<br>• Reading Message and Discussion<br>• News sharing or story Telling | 10 Minutes |
| | • Rhyme Practice<br>• Students Attendance<br>• Review | 3 Minutes<br>10 Minutes<br>7 Minutes |

| | | |
|---|---|---|
| | • Teaching Item Introduction and Reading/ Writing Exercises<br>• Individual Reading<br>• Use of Library<br>• Game (Individual)<br>• Learning Game (Whole Class)<br>• Learning Evaluation | 30 Minutes<br><br>15 Minutes<br>15 Minutes |
| सिर्जनात्मक अभिव्यक्तिशिलकला (२ दिन ३० मिनेट, १ दिन ६० मिनेट, १ दिन १५ मिनेट) | ● पुनरावलोकन<br>● पाठ्यवस्तु चिनारी<br>● सिर्जनात्मक अभिव्यक्तिशिलकलाअभ्यास<br>● प्रदर्शनी वा प्रस्तुतीकरण<br>● सिकाइ मूल्याङ्कन | समय अनुसार ६० मि.३० मि. र १५ मिनेटको क्रियाकलाप सञ्चालन गर्ने |
| शारिरीक शिक्षा (३० मि.) | ● पिटी, शारिरीक व्ययाम, खेल | ३० मिनेट |
| मतृभाषा/स्थानीय विषय (४५ मिनेट) | ● पुनरावलोकन<br>● अन्तरक्रिया<br>● पाठ्यवस्तु चिनारी<br>● सहभागितामूलक सिकाइ अभ्यास<br>● सिकाइ खेल<br>● सिकाइ मूल्याङ्कन | २ मिनेट<br>३ मिनेट<br>१० मिनेट<br>१० मिनेट<br>१५ मिनेट<br>५ मिनेट |

अनुसूची : १३

सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका अध्ययनगर्न अन्तवार्ता/प्रश्नावलीमा संलग्न प्रधानाध्यापक र कक्षा शिक्षकहरुको विवरण सहितको नामावली

| क.स. | शिक्षकको नाम | लिङ्ग | पद | शिक्षण अनुभव | शैक्षिक योग्यता | नियुक्तिको किसिम | तलिम विवरण |
|---|---|---|---|---|---|---|---|
| विद्यालय :- श्री कचना महादेव मा.वि.,इटहरी | | | | | | | |
| १. | केशबप्रसाद सुबेदी | पु | प्र.अ. | २८ बर्ष | बीएड् | स्थायी, सरकारी | ५ दिने बालमैत्री प्र.अ. तालिम |
| २. | शकुन्तला पोखेल | म | कक्षा शिक्षक | १८ बर्ष | आइए | अस्थायी, सरकारी | १२ दिने र ५ दिने बालमैत्री कक्षाशिक्षक तालिम |
| ३. | होमा केशी | म | कक्षा शिक्षक | ५ बर्ष | आइए | स्थायी, सरकारी | १२ दिने र ५ दिने बालमैत्री कक्षाशिक्षक तालिम |
| विद्यालय :- श्री सरस्वती मा.वि.बौका, इटहरी | | | | | | | |
| ४. | लेखनाथ भट्टराई | पु | प्र.अ. | २४ बर्ष | एम्.एड् | स्थायी, सरकारी | ५ दिने बालमैत्री प्र.अ. तालिम |
| ५. | सीता आचार्य | म | कक्षा शिक्षक | २४ बर्ष | एस्एल्सी | अस्थायी, सरकारी | १२ दिने र ५ दिने बालमैत्री कक्षाशिक्षक तालिम |
| विद्यालय :- श्री कविर मा.वि.,इटहरी | | | | | | | |
| ६ | नेत्रप्रसाद कोइराला | पु | प्र.अ. | ३५ बर्ष | आइए | स्थायी, सरकारी | ५ दिने बालमैत्री प्र.अ. तालिम |
| ७ | सावित्रा आछामे | म | कक्षा शिक्षक | ६ बर्ष | +२ | निजी | १२ दिने र ५ दिने बालमैत्री कक्षाशिक्षक तालिम |
| विद्यालय :- श्री शारदा बालिका उमावि धरान | | | | | | | |
| ८. | मेघराज भट्टराई | पु | प्र.अ. | ८ बर्ष | बी.एड् | स्थायी, सरकारी | ५ दिने बालमैत्री प्र.अ. तालिम |
| ९. | अर्चना ढकाल | म | कक्षा शिक्षक | ११ बर्ष | बी.एड् | अस्थायी, सरकारी | १२ दिने र ५ दिने बालमैत्री कक्षाशिक्षक तालिम |
| विद्यालय :- श्री निमावि ,शिवनगर, भादगाउँसिनवारी | | | | | | | |
| १०. | फागुलाल चौधरी | पु | प्र.अ. | २७ बर्ष | बीएड् | स्थायी,सरकारी | ५ दिने बालमैत्री प्र.अ. तालिम |
| ११. | नीतु केशी | म | कक्षा शिक्षक | २० बर्ष | एस्एल्सी | अस्थायी,सरकारी | १२ दिने र ५ दिने बालमैत्री कक्षाशिक्षक तालिम |

अनुसूची : १४

सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका अध्ययनगर्न अन्तवार्ता/प्रश्नावलीमा संलग्न विद्यार्थीहरुको नामावली

| क.स. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १ | लक्ष्मी रोका | १ | कचना महादेव मा.वि. इटहरी |
| २ | क्षीतिज कार्की | १ | कचना महादेव मा.वि. इटहरी |
| ३ | हरिकुमार नेवाङग | १ | कचना महादेव मा.वि. इटहरी |
| ४ | प्रतिमा रानामगर | १ | कचना महादेव मा.वि. इटहरी |
| ५ | मौशमी क्षेत्री | १ | कचना महादेव मा.वि. इटहरी |
| ६ | हरिबहादुर भुजेल | १ | कविर मा.वि. इटहरी |
| ७ | ममिता वि.क. | १ | कविर मा.वि. इटहरी |
| ८ | एलिसन थापा | १ | कविर मा.वि. इटहरी |
| ९ | एकराज दाहाल | १ | कविर मा.वि. इटहरी |
| १० | रविन थापा मगर | १ | कविर मा.वि. इटहरी |
| ११ | प्रकास वि.क. | १ | शरदा बालिका उ.मा.वि. धरान |
| १२ | ईन्दीरा अधिकारी | १ | शरदा बालिका उ.मा.वि. धरान |
| १३ | विनोद राई | १ | शरदा बालिका उ.मा.वि. धरान |
| १४ | जनकलाल चौधरी | १ | शरदा बालिका उ.मा.वि. धरान |
| १५ | रोहीत कार्की | १ | शरदा बालिका उ.मा.वि. धरान |
| १६ | मनबहादुर भुजेल | १ | सरस्वती मा.वि. बौका, इटहरी |
| १७ | सीता राई | १ | सरस्वती मा.वि. बौका, इटहरी |
| १८ | जनक परियार | १ | सरस्वती मा.वि. बौका, इटहरी |
| १९ | मेघा पोखरेल | १ | सरस्वती मा.वि. बौका, इटहरी |
| २० | गीता थापा मगर | १ | सरस्वती मा.वि. बौका, इटहरी |
| २१ | हरि सरदार | १ | निमावि शिवनगर, भादगाउँसिनवारी |
| २२ | भूमिका चौधरी | १ | निमावि शिवनगर, भादगाउँसिनवारी |
| २३ | जीवन वि.क. | १ | निमावि शिवनगर, भादगाउँसिनवारी |
| २४ | सन्देश चौधरी | १ | निमावि शिवनगर, भादगाउँसिनवारी |

| | | | |
|---|---|---|---|
| २५ | भवना चौधरी | १ | निमावि शिवनगर, भादगाउँसिनवारी |

अनुसूची : १५

सामुदायिक विद्यालय अन्तर्गत कक्षा १ मा संचालित बालमैत्री कक्षामा कक्षा शिक्षकको भूमिका अध्ययनगर्न अन्तवार्ता/प्रश्नावलीमा संलग्न व्यवस्थापन समितिका पदाधिकारी र वि.नि.एवं स्रोतव्यक्तिहरुको नामावली

| क्र.स. | पदाधिकारीहरुको नाम | योग्यता | विद्यालय/कार्यालयको नाम | पद | कार्य अनुभव वर्ष |
|---|---|---|---|---|---|
| १ | रामप्रसाद भट्टराई | B.Sc. | कचना महादेव मा.वि. इटहरी | अध्यक्ष | १३ वर्ष |
| २ | दीपक राई | S.L.C. | कचना महादेव मा.वि. इटहरी | सदस्य | ११ वर्ष |
| ३ | जगन्नाथ बराल | B.Ed. | सरस्वती मा.वि. बौका इटहरी | अध्यक्ष | ७ वर्ष |
| ४ | मञ्जु वि.क. | Literate | सरस्वती मा.वि. बौका इटहरी | सदस्य | ३ वर्ष |
| ५ | प्रेम निङलेकू | I. A. | कविर मा.वि. इटहरी १ | अध्यक्ष | ११ वर्ष |
| ६ | प्रेम बस्नेत | S.L.C. | कविर मा.वि. इटहरी १ | सदस्य | १३ वर्ष |
| ७ | शंकरप्रसाद घिमिरे | B.A.. | शरदा बालिका उ.मा.वि. धरान | अध्यक्ष | २ वर्ष |
| ८ | शान्ता मगर | Literate | शरदा बालिका उ.मा.वि. धरान | सदस्य | ५ वर्ष |
| ९ | अनन्तराम चौधरी | S.L.C. | निमावि शिवनगर, भा.सि. | अध्यक्ष | ९ वर्ष |
| १० | सुगियादेवी चौधरी | Literate | निमावि शिवनगर, भा.सि. | सदस्य | ९ वर्ष |
| ११. | रुद्र राई | B.Ed. | जि.शि.का. सुनसरी/धरान स्रोतकेन्द्र | वि.नि. | ४ बर्ष |
| ११. | खगेन्द्रराज दहाल | B.Ed. | जि.शि.का. सुनसरी/ईटहरी र भा.सि. स्रोतकेन्द्र | वि.नि. | ४ बर्ष |
| १२. | महेन्द्रदत्त कायस्थ | B.Ed. | धरान स्रोतकेन्द्र | स्रोतव्यक्ति | ८ बर्ष |
| १३. | जनक बस्नेत | M.Ed. | ईटहरी स्रोतकेन्द्र | स्रोतव्यक्ति | ५ बर्ष |
| १४. | रतनलाल चौधरी | B.Ed. | भा.सि. स्रोतकेन्द्र | स्रोतव्यक्ति | ८ बर्ष |